भदौ १, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



कारको व्यापार



# थन्किने भो बन्दुक

मूल्य रु. २५



भास्वर ओझा




वर्ष ३, अंक ११९, साउन २६–भदौं १, २०६३

**आवरण :** साउन २४ गते दिउँसो प्रधानमन्त्रीनिवास बालुवाटारमा प्रधानमन्त्री कोइराला र माओवादी अध्यक्ष प्रचण्डबीच दुई घन्टा लामो वार्तापछि भएको सहमतिले शान्तिवार्ता भंग हुने खतरा तत्कालका लागि समाप्त भएको छ भने भावी शान्ति प्रक्रियामा राष्ट्रसंघको सहभागिता सुनिश्चित बनेको छ । २८




आवरण : नेपाली सेना र माओवादी महिला छापामार

*तस्वीर: भास्वर ओझा*

## रिपोर्ट

सहिष्णुताका धरोहर लोककवि अलि मियाँको धरोहरको अवसान १४
पहेंलाम्पुर परोंहा धाम १५
टुँडिखेलमै साधना १६
हिन्दु आन्दोलनमा अतिवादको आशंका १९
उच्च प्रशासनिक पदमा व्यापक हेरफेर २०
अन्तरिम विधानका विवादास्पद मुद्दाको जिम्मा अब वार्ताटोलीलाई ३२

## व्यक्तित्व

नेपाली कम्युनिष्ट आन्दोलनको दोस्रो पुस्ताका प्रभावशाली नेता रोहित धेरैपटक अरूभन्दा भिन्न र विवादास्पद अभिव्यक्तिका कारण चर्चामा आइरहन्छन् र आक्रमणको तारो बनिरहन्छन् । २४

## व्यापार

सानदार वेगमा दौडदै कार व्यापार ३५

## खेलकुद

साग खेलकुदमा कस्तो रहला नेपालको सान ? ५०



समय

**रङ्ग :** गायक रामकृष्ण ढकाल भन्छन्, 'एउटा असल संगीतकर्मी संगीतका विविध आयाम प्रयोग गर्न डराउनु हुन्न ।' ५४

सम्पादकीय ........ ५
डाँक ........ ८
दर्शन ........ ९
मुलुक ........ १०
खेलकुद ........ ५१
अनुहार ........ ५७
शून्य समय ........ ५८

समय
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**कार्यकारी सम्पादक**
जिवेन्द्र सिम्खडा
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
तेजबहादुर बस्नेत
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य
सफला शर्मा

**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित
**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेल: samay@bhrikuti.com
**प्रमुख वितरक**
काष्ठमण्डप पत्रपत्रिका
झोंछे, न्यूरोड
फोन नं. २०१०८२१

# पदीय विचलन

**सम्पादकीय**

**जनआन्दोलनको** सफलताले मुलुकमा शान्ति र कानुनमा आधारित राज्य संचालन व्यवस्था स्थापित होला भन्ने जनआकांक्षा विस्तारै धमिलिँदै गएको छ। अराजकतालाई प्रोत्साहित गर्ने अभिव्यक्ति र चरित्र सरकारकै तर्फबाट आउन थालेका छन्। उपप्रधानमन्त्री तथा मन्त्रीहरूको छाडा अभिव्यक्तिले नेपाल विश्वकै असुरक्षित मुलुकका रुपमा चित्रित हुन थालेको छ।

माओवादी सशस्त्र विद्रोह वार्ताद्वारा हल गर्ने र सहमतिअनुसार हतियार व्यवस्थापनका लागि संयुक्त राष्ट्रसंघलाई ल्याउने जिम्मेवारी सरकार तथा माओवादीको हो। अन्तरिम संविधानको निर्माण, माओवादी सहितको व्यवस्थापिका गठन र संविधानसभाको निर्वाचन हतियार व्यवस्थापनसँग जोडिएका छन्। निश्चय पनि एक दशकभन्दा बढी समयको हिंसा र हतियारमा आधारित राजनीति छोडी अहिंसा र जनसमर्थनमा आधारित राजनीतितर्फ उन्मुख हुन माओवादीलाई आग्रह मात्र हैन, आश्वस्त गर्ने मुख्य जिम्मा पनि राजनीतिक दलहरूको हो। हतियारसँग माओवादी लडाकुहरूलाई अलग गराउनु क्षणिक उपलब्धि हुन सक्छ। तर, हतियारमा आधारित राजनीति मुलुकको अतीत बनोस् भनी सुनिश्चित गर्ने प्रमुख जिम्मेवारी प्रधानमन्त्री र वर्तमान मन्त्रिपरिषद्को हो। यो तथ्य अस्वीकार गर्ने या त्यसविपरीत जाने व्यक्तिहरूलाई मन्त्रिपरिषद्मा ठाउँ हुनु मन्त्रिपरिषद्को सामूहिक उत्तरदायित्वको सिद्धान्त प्रतिकूल हुनेछ। यो मिलिजुली मन्त्रिपरिषद् भए पनि नीति र परम्परा प्रतिकूलको सरकार भोलि दिशाविहीन हुनेछ र मुलुकलाई अराजकतातर्फ लैजाने वेगलाई त्यस्तो चरित्रले प्रोत्साहित गर्नेछ।


अमिक शेरचन

अहिले मुलुकमा एकातिर कानुन व्यवस्था बिग्रँदो छ र राजकतामा पनि चरम गिरावट देखिँदै छ भने अर्कोतिर खास गरी उपप्रधानमन्त्री अमिक शेरचनका केही अभिव्यक्ति र गतिविधिले त्यस्ता खतराको संकेत दिन थालेका छन्। माओवादी नेताहरूले समेत उनीहरूको राजनीति शान्तिपूर्ण आन्दोलन र जंगल नफर्कने अडानमा आधारित भएको भन्दाभन्दै शेरचनले आगामी दस महिनासम्म महिनामा एक लाखका दरले व्यक्तिको हत्या हुन सक्ने गैरजिम्मेवारी अभिव्यक्ति दिएका छन्। हत्यालाई प्रोत्साहित गर्ने राजनीति न जनआन्दोलनको चाहना हो, न त प्रजातान्त्रिक मान्यताभित्र नै पर्छ। यसरी उनले एकातिर हिंसाको वकालत गरिरहेका छन् भने अर्कोतिर चितवनमा मित्रराष्ट्र चीनको सहयोगमा निर्मित अन्तर्राष्ट्रियस्तरको विपी कोइराला मेमोरियल क्यान्सर अस्पताललाई राजनीतिक हस्तक्षेपको अखडा बनाउने कसरतमा उनी लागेको देखिन्छ। सर्वोच्च अदालतले अस्पतालका वर्तमान अध्यक्षलाई हटाउन गरिएको निर्णय गैरकानुनी ठहर गरिसकेपछि पनि राजनीतिक दाउपेचबाट अस्पताललाई अस्तव्यस्त पार्न उनी जुटेका छन्।

सरकारको प्राथमिकता के हो - राष्ट्रियस्तरका विशिष्टता हासिल गरेका स्वस्थ तथा शैक्षिक संस्थाहरूलाई ध्वस्त पार्नु? या कानुनअनुसार उनीहरूलाई दिइएको स्वायत्तताको सम्मान गर्दै तिनीहरूको विकासमा सहयोग पुऱ्याउनु? यी अराजक गतिविधि र अराजक अभिव्यक्तिले न सरकारको सम्मान बढ्छ न त उसबाट मुलुकका जटिल समस्या समाधान हुने अपेक्षा नै गर्न सकिन्छ। पदीय दायित्वबाट विचलन हुनुभन्दा पदत्याग प्रजातान्त्रिक व्यवस्थाको माग हो ■




## समय साता

**साउन १८**

- रसुवाको यार्सामा गएको पहिरोबाट दस जनाको मृत्यु
- प्रधानसेनापति प्याराजंग थापाद्वारा उच्चसतरीय आयोगमा वयान, जनआन्दोलन-२ को अवस्था हेर्दा न्यूनले ज्यान गुमाएको जिकिर ।

**साउन १९**

- राजपरिवारको नाममा कम्तिमा ३४ हजार रोपनी जग्गा ।
- गाउँमा डकैती बढेपछि संखुवासभाको याखुका गाउँलेद्वारा कर्फ्यु ।

**साउन २०**

- विराटनगर पथरीस्थित भूटानी शरणार्थी शिविरमा विषालु माछा खाँदा तीन युवकको मृत्यु ।

**साउन २१**

- प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा राजालाई पनि स्थान दिनुपर्ने धारणा व्यक्त ।
- वसन्तपुरमा नागरिक समाजको विशाल सभा, प्रतिनिधिसभा विघटन गर्न माग ।
- बाबुको हत्याको आरोपमा सिन्धुली ताम्राखोला गाविसका २१ वर्षीय कान्छो सार्कीलाई माओवादी जनअदालतबाट दस वर्षको श्रमकैद आदेश ।
- भारतको हैदरावादमा आएको बाढीले त्रिसट्ठीको मृत्यु, इथियोपियामा पनि बाढी, बहत्तरको मृत्यु ।

**साउन २२**

- वार्ता असफल विन्दुमा पुग्न लागेको माओवादी नेता डा. बाबुराम भट्टराईको भनाइ ।
- भैरवनाथ गणको घटनामा सेना दोषी भएको छानबिन समितिको ठहर, उक्त घटनाका प्रमुख रोविनविक्रम राणासहित १२ सैनिकलाई कडा कारवाहीको सिफारिस ।

**साउन २३**

- प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा हतियार व्यवस्थापनको टुंगो दुई दिनभित्र लगाइसकिने दाबी ।
- अन्तरिम संविधान मस्यौदा समितिद्वारा मुख्य राजनीतिक विषय टुंगो लगाउने जिम्मा वार्ता समितिलाई ।
- परीक्षण उडानमा रहेको कर्णालीको एयरको हेलिकोटर त्रिभुवन विमानस्थलमा दुर्घटनाग्रस्त, चालक दलक दलका तीन सदस्य सामान्य घाइते ।

**साउन २४**

- भैरहवाबाट काठमाडौंतिर आइरहेको यात्रुवाहक बस अरुणखोलामा दुर्घटनाग्रस्त, कम्तीमा दुईको मृत्यु, तेह्र घाइते ।
- प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र माओवादी अध्यक्ष प्रचण्डबीचको शिखर वार्ता पछि संयुक्त राष्ट्रसंघलाई पठाउने पाँच बुँदे पत्र वाता टोलीद्वारा सार्वजनिक ।




## बन्दै होस् चामल

**कर्णालीको लागि** चामल नचाहिने र चामल ओसार्नका लागि छुट्याउँदै आएको रकम कुनै दिगो विकासमा लगाए हुन्छ भन्दै छापिएको रिपोर्ट (वर्ष ३, अंक ११८) का लागि *समय*लाई धन्यवाद। यो कुरा धेरै पहिले नै कर्णालीका जनताले भन्दै आएका हुन् र केन्द्रसम्म पनि यसै सिलसिलामा पुगेकै हुन्। जिल्लाको प्रतिनिधित्व गर्ने र जनताको भलो चिताउने केही नेतृत्व वर्गले संसद्‌मा समेत यो कुरा जोडदार रुपमा उठाउँदै आएका हुन्। तर, चामल माफियाहरूले गर्दा चामल दान दिने क्रम निरन्तर चलिरहेको अवस्था छ, अहिले पनि। यो चामलका नाममा सहुलियत रकम हसुर्न पल्केकाहरूको खेलमात्र हो।

सरकारले खाद्य ओसार्नका लागि सहुलियत दिएका दिनदेखिको इतिहास हेर्ने हो भने जनताको नाममा गएको चामल उनीहरूले नै पाँच किलोभन्दा बढी पाएको रेकर्ड छैन। परिवार कोही मऱ्यो र त्यसको काजकिरियाका लागि भनेर खाद्य हाकिमको खुट्टा ढोग्न पुग्ने हो भने १५ किलो चामल दिन्छ। मरेपछि मात्र चामल दिने यो परिपाटीबाट कर्णालीलाई मुक्त गराउन जरुरी छ। अन्यथा जनताका लागि लगिएको चामल मुगु, डोल्पा, हुम्लामा पुऱ्याएर रक्सीमा परिणत गराउनुभन्दा अनुदानित चामल नै रोक्का गरिदिए सरकारी रकम बच्नेछ। जनताको नाममा ठग्न पल्केकाहरूबाट त्यहाँका बासिन्दाले छुटकारा पाउनेछन्। त्यसै पनि कर्णालीका जनताले भातको तलतल मेट्न पऱ्यो भने एक छाकको ५२ रुपैयाँ नतिरी सुख छैन।

■ **जीवन 'अकेला'**
नेपालगन्ज

## भोकमरी भएको होइन

**आजभोलि पत्रपत्रिकामा** चामल अभावका समाचार पढ्दा पढ्दै कमसेकम पत्रिका पढ्न जान्नेहरू समेत दिक्क बनिसके। कर्णालीमा भोकमरी भएको होइन, गराइएको हो। यस्तो समाचार *समय*मा पढ्न पाउँदा केही खुसी लाग्यो। तर, अझै केही कुरा छुटेझैं लाग्यो। कर्णालीमा कार्यरत मुख्य भनाउँदा एनजिओको समेत यसैमा हात रहन्छ। कर्णालीका लागि काठमाडौंमा रचनात्मक काम गर्छौं भनेर कर्णालीकै सरकार मानिने एक एनजिओकहाँ जाँदा सहयोग पाइएन। तर, त्यही संस्थाले कर्णालीको चामलको विषयमा गोष्ठी गरिदेऊ भनेर २५ सय रुपैयाँ खल्तीमा हालेर पठायो। चामलको विषयमा गोष्ठी गरिदेऊ भनेर खल्तीमा पैसा राखेर पठाउने तर कर्णालीका लागि काठमाडौंमा रचनात्मक काम गर्न सहयोग गर्न हिचकिचाउने यी गैससहरूको पनि ठूलो भूमिका छ, कर्णालीलाई भोको, नांगो र गरिब बनाउन। कर्णालीको समस्या देखाउन सकिएन भने उनीहरूको लुट्ने बाटो नै बन्द हुन्छ। तसर्थ, *समय*ले यतातिर पनि ध्यान दिएर समाचार बाहिर ल्याओस्।

■ **रामसिंह रावल**
संयोजक
कर्णाली विद्यार्थी हित समिति

## खै इन्टरनेटमा पत्रिका ?

युवराज घिमिरेजीले सम्पादन गरेको *समय*मा स्तरीय लेख होलान् भन्ने अपेक्षाका साथ नेटमा खोज्ने गरेको थिएँ। तर, जुन लिंक हेरे पनि यो लिंक खाली छ भन्ने उत्तर पाउँदा अचम्म लाग्यो। सबै लिंक खाली राखी बेबमा कस्तो पत्रिका राख्नुभएको छ। जानकारी पाउन पाए आभारी हुने थिए।

**गंगा क्षेत्री जापान, टोकियो**
ganga@celery.ocn.ne.jp;

## भड्खालोमा धकेल्ने ?

काठमाडौं विश्वविद्यालयमा विगत दुई महिनादेखि धेरै गुनासा तथा क्रिया-प्रतिक्रिया आइरहेका छन्। जनआन्दोलनका घाइतेहरूको उपचारार्थ सहयोग पुऱ्याउन देशविदेशबाट स्वस्फूर्तरुपमा कोष खडा गरी सहयोग राशि जम्मा भइरहेको परिप्रेक्ष्यमा काठमाडौं विश्वविद्यालय पनि यस्ता मानवीय सहयोग गर्नबाट पछि पर्न नचाहनु अस्वभाविक होइन। यसै क्रममा व्यवस्थापनले पनि कावि शिक्षण अस्पताल (धुलिखेल अस्पताल)मा आउने जनआन्दोलनका घाइतेहरूको उपचारार्थ काविका तर्फबाट एउटा कोष खडा गर्ने र सो कोषमा काविका शिक्षक तथा कर्मचारीहरूको तलबबाट कट्टा गरी एक दिनको तलब जम्मा गर्ने निर्णय गऱ्यो।

तर जनआन्दोलनको कारणले शैक्षिक गतिविधि बाधित रहेको अवस्थामा लिइएको व्यवस्थापनको सो निर्णयको काविका केही शिक्षकले असन्तुष्टि व्यक्त गर्दै आफूहरूसँग कुनै सल्लाह नै नगरी तलब कट्टा गर्ने निर्णय गरेको भनी विरोध पत्र दिए।

यस्ता कुरामा विचारै नगरी विद्वान्, अनुभवी तथा वरिष्ठ प्राध्यापकहरू पनि उच्छृंखलहरूको सुरमा सुर थप्ने गरेको देखेर दिक्क लाग्छ। यो कुराको चेतना यिनमा कसले फैलाइदिने ? काठमाडौं विश्वविद्यालय दक्षिण एसियामै एउटा नमुना विश्वविद्यालयको रूपमा स्थापित छ भन्दा अतिशयोक्ति नहोला। यो विश्वविद्यालयका सम्पूर्ण विद्यार्थी, अभिभावक, जग्गादाता, चन्दादाता, स्वदेशी तथा विदेशी दाताहरू एवं यसबाट लाभान्वित हुने तमाम स्थानीय जनताले नै यसको निर्योल गर्ने बेला भएको छ कि काविलाई अझ माथि लाने अथवा यसै गरी भाँडभैलो मचाई यसलाई भड्खालोमा धकेल्ने ?

**काठमाडौं विश्वविद्यालयका**
**कर्मचारीहरू**

## साथीको सम्झना

■ **विजया केसी**

साथी वाचा गरी गएकी थियौ –
'सबैलाई भन्दिनु म बाँच्छु, छिट्टै फर्केर आउँछु' भनेर
तर तिमी फर्क्यौ मध्यरातमा निर्जीव भई कफनमा बाँधिएर।

बस्न खोज्यौ, खेल्न खोज्यौ, रम्न खोज्यौ,
तर कहीं ठाउँ नै पाएनौ साथी।
एक मुट्ठी प्राण धान्न मात्रै,
शुद्ध हावा पनि पाएनौ साथी ॥

प्राण पन्छी भई तिमी त उड्दै गयौ उड्दै गयौ।
हेर्दा हेर्दै कहाँ उडयौ कहाँ उडयौ,
अन्तरिक्षमा विलीन पो भयौ ॥

हामी तिमीलाई पर्खी बस्यौं,
तर तिमी त आउँदै आएनौ।
सपना विपना कहीं आएनौ साथी,
सिर्फ मनको आँखामा घुमिरहयौ घुमिरहयौ ॥

एक उज्ज्वल दीप थियौ हाम्रो तिमी,
बाटो कहाँ-कहाँ-कहाँ लियौ ?
साहसिएर केही गर्दै थियौ, लड्दै थियौ साथी,
आज कता-कता विलीन भयौ ?

अब केवल सम्झना मात्र रहयो मुटुभरि साथी,
तिम्रो मायालु मुहारको।
अश्रु नयन लिई अर्पण गर्दछु श्रद्धा र माया तिमीलाई साथी
फूल लेउ श्रद्धाञ्जलीको ॥

समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोनः ४४४३८८८/२११२०९४

**श्रीकृष्णबाहेक अरू कुनै अवतारलाई पूर्ण मान्दैनन् हिन्दुहरू । केही विद्वान्को मत छ, कृष्ण एक व्यक्ति होइनन्, अनेक व्यक्तिका कथाहरू हुन् । कसैकसैले त कृष्णको व्यक्तित्वको विविधता देखेर यो कविहरूको रंगीन कल्पना मात्र हो भन्छन् ।**

# बहुआयामिक व्यक्तित्व



■ स्वामी आनन्द अरुण

**गीताका** श्रीकृष्ण परम् विद्वान, ज्ञानवान्, गम्भीर छन् भने भागवत्का श्रीकृष्ण एकदमै चञ्चल गैर-गम्भीर र अति रसिक छन् । भवगत् गीतामै कृष्णको अनेक व्यक्तित्व देखिन्छ । महाभारतमा श्रीकृष्ण एक सच्चा मित्र, एक परम योगी, कुशाग्र विश्लेषक, प्रखर कर्मयोगी, सर्वत्यागी परिव्राजक, ज्ञानी जस्ता अनेक गुणसम्पन्न व्यक्तित्वको रुपमा देखापर्छन् । कहिले उनी शान्तिदूतका रुपमा देखा पर्छन् भने कहीं युद्धका परम पक्षपातीका रुपमा । उनको व्यक्तित्व परस्पर विरोधी आयामले भरिएको भए पनि त्यही बीचमा पनि एक समन्वयको संगीत छ । जुन कृष्ण बाँसुरी बजाएर नाच्छन् त्यही कृष्ण सुदर्शन चक्रले संहार गर्छन् । जो कृष्ण बृजवालाहरूको दहीका ठेकी फोरी रमाउँछन्, जमुनामा स्नानरत युवतीहरूको वस्त्र चोरेर नग्न पारी उनीहरूलाई जिस्काउँछन्, त्यही कृष्ण युद्धमैदानमा गीता जस्तो गहन र गम्भीर उद्घोष गर्छन् ।

श्रीकृष्णको व्यक्तित्वको यही विराटता र निजता हो । यस्ता विरोधी स्वरहरूको समन्वय क्राइस्ट, बुद्ध, महावीर, मोहमद, राम कसैमा भेट्न सकिँदैन । त्यसकारण हिन्दुहरू श्रीकृष्णबाहेक अरू कुनै अवतारलाई पूर्ण मान्दैनन् । केही विद्वान्को मत छ, कृष्ण एक व्यक्ति होइनन्, अनेक व्यक्तिका कथाहरू हुन् । कसैकसैले त कृष्णको व्यक्तित्वको विविधता देखेर यो कविहरूको रंगीन कल्पना मात्र हो भन्छन् । यदि आधुनिक मनोवैज्ञानिकहरूलाई विश्लेष्ण गर्न दिने हो भने उनीहरूले कृष्णमा बहुचित्तवान्, मल्टिसाइकिक, सेजोफ्रेनिक व्यक्तित्व देख्लान् । श्रीकृष्ण कहिले परमानन्दित हुन्छन् भने कहिले एकदम शान्त भइदिन्छन् । कहिले दुःखवादी देखिन्छन् भने कहिले एकदम हर्षवादी । यस्ता विरोधाभासपूर्ण व्यवहार देखाउने मनलाई आधुनिक मनोविज्ञानले खण्डित चित्त या 'सेजोफ्रेनिक माइन्ड' भन्छ र रोगको रुपमा लिन्छ । तर, रुग्ण र विक्षिप्त मन कहिल्यै आनन्दित र परम सृजनशील हुनै सक्दैन । त्यसैले कृष्णको व्यक्तित्व अबुझ र अपरिभाषित छ ।

कृष्ण शब्दको अर्थ हुन्छ त्यस्तो केन्द्र जसले सबैलाई आकर्षित गर्छ । त्यसकारण कृष्णले जति कवि, कलाकार, लेखक, योगी, ज्ञानी, भक्तलाई आकर्षित गरेका छन् त्यति अन्य कसैले गर्नसकेका छैनन् । विगत पाँच हजार वर्षमा श्रीकृष्ण हिन्दु चित्तको परम आकर्षणका केन्द्र बनी बसेका छन् र यो आकर्षण अब हिन्दु चित्त र भारतखण्डमा मात्र सीमित छैन । गीता अनूदित भई पहिलोपटक पश्चिम पुग्दा पश्चिमी दार्शनिकहरू छक्क परे । सात सय श्लोकभित्र जीवनमा उठ्न सक्ने समस्त प्रश्नहरू र तिनका उत्तर साथै समस्त दर्शनको सार निचोड त्यो पनि कुनै धर्म वा सम्प्रदायसँग नबाँधीकनै सेकुलर स्वरुपमा ।

सन् १९६५ मा पश्चिम बंगालबाट ६९ वर्षको वृद्धावस्थामा कृष्णको सन्देश लिएर अमेरिका पुगेका भक्तिवेदान्त स्वामी प्रभुपादले बाह्र वर्षभित्र चार हजार गोराहरूलाई दीक्षा दिई संसारभर एक सयभन्दा बढी कृष्ण भावना संघका मन्दिरहरू



बनाए । उनी पुगेको पाँच वर्षभित्रै विश्वभर नै कृष्ण चैतन्य आन्दोलनको नाम प्रख्यात भयो । संसारका सबै प्रमुख सहरहरूमा कृष्ण संकीर्तन गुन्जियो । यद्यपि, कयौं देशका सरकारहरूले यसलाई भित्रभित्रै रोक्न अनेक प्रयास नगरेका होइनन् । तर, कृष्णको शिक्षणको आकर्षणले सबै सीमा तोडेर आफूलाई स्थापित गरेरै छाड्यो । यद्यपि, प्रभुपादको पूरै हरेकृष्ण आन्दोलन गीतामा नभई भागवतमा आधारित छ । किनभने उनले हरेक व्यक्तिलाई सुरुदेखि नै कण्ठीधारी वैष्णव ब्रह्मचारी भक्त बनाउने चेष्टा गरे । चियासम्म पिउन निषिद्ध गरिदिए । गीतामा आधारित दमनमुक्त उदात्त र उदार विचारहरूमा उनको शिक्षण आधारित भएको भए अहिले आधा विश्वले कृष्णलाई अपनाउने थियो ।

कृष्णको अर्को विशेषता के हो भने हुनत उनी पाँच हजार वर्षपूर्व भएका हुन् । तर, उनको शिक्षण भविष्योन्मुखी छ । आउने दिनमा धर्मले बाँच्नु छ भने साम्प्रदायिक संकीर्णताबाट मुक्त हुनै पर्छ । विशेषतः सिग्मन्ड फ्रायडपछि मनुष्य एक नयाँ आमायमा सोच्न विवश भएको छ । अब दमनवादी दर्शन धेरै दिन बाँच्दैनन् । दमनले विक्षिप्तता र कुरुपता मात्रै पैदा गर्छ । यस पृष्ठभूमिमा कृष्णको जीवन्त र समग्र स्वीकारको धर्मका लागि नयाँ सम्भावना खुलेको छ ।

अल्वर्ट स्वेत्जरले भारतमा प्रचलित धर्मको आलोचनमा एउटा महत्त्वपूर्ण अभिव्यक्ति दिएका छन् । उनले भनेका छन्, 'भारतका सबै धर्म जीवन निषेधित छन् ।' यस कुरामा सच्चाइ छ । तर, कृष्णका हकमा भने यो कुरा सरासर गलत हो । दुःखवादी धर्महरूको अथाह मरुभूमिमा कृष्ण टिमटिमाउँदा ओएसिस हुन् । सबै गम्भीर गुरुहरूका बीच नाँचिरहेका कृष्णले मात्रै सुन्दरता र उल्लासलाई पूर्ण रूपमा आत्मसात गरेको पाइन्छ । सुन्दर जीवन, सुन्दर वस्त्र, नाच, कीर्तन, ठट्टा, रोमान्स यो सब कृष्णलाई स्वीकार छ । तर, कृष्णको बहुआयामित व्यक्तित्वलाई कृष्णका भक्तहरूले पनि स्विकार्न सकेका छैनन् । कृष्णमाथि जति लेखिएको छ र गीताको जति भाष्य गरिएको छ त्यी सबै एकांगी छन् । पूर्ण कृष्णलाई अहिलेसम्म कसैले समेट्न सकेको छैन, ओशो सिवाय । गान्धी गीतालाई माता भनी पुज्छन् । तर, युद्धभूमिका कृष्ण उनलाई स्वीकार्य छैनन् । सुरदास बालकृष्णको गुनगान गर्छन्, युवा र प्रेमी कृष्ण उनलाई पच्दैनन् । तीलक कर्मयोगी कृष्णलाई मात्र मान्छन् । जयदेवलाई प्रेमी र रसिक कृष्ण मात्र स्वीकार्य छन्, वैराग्यका प्रतीक कृष्ण उनलाई मान्य छैनन् । त्यस्तै स्वामी प्रभुपाद गीतालाई भक्ति शास्त्रको रुपमा मात्र चित्रण गर्छन्, सांख्यका कृष्ण उनलाई स्वीकार्य छैनन् । यसप्रकारलाई समग्र रुपमा बुझ्नु सट्टा सबैले आ-आफ्नो रुझानमात्रै कृष्णमा देख्छन् । पहिलो पटक कृष्णको बहुआयामिक व्यक्तित्वलाई ओशोले बुझेजस्तो लाग्छ । ओशो रचित साढे ६ हजार पृष्ठको विस्तृत गीता दर्शनमा मात्र श्रीकृष्णको सबै आयामलाई बुझेको र व्यक्त गरेको पाइन्छ ।

osho@tapoban.com

# शोषण प्रकृतिको



**सीमावर्ती सहर** महेन्द्रनगरको पूर्वपश्चिम राजमार्गमा १ कठ्ठा जमिनको मूल्य २० लाख रुपैयाँसम्म पर्छ। तर, आरक्ष पीडित, सुकुमवासी वा मुक्त कमैयाको बिल्ला भए सहरबाट १५ किलोमिटर पश्चिमको राजमार्ग छेउको जमिन कौडीको भाउमा पाउन सकिन्छ।

अहिले यही भइरहेको छ, कञ्चनपुरमा। यहाँको अन्दाजी साढे ११ हजार हेक्टरभन्दा बढी जंगल फडानी तिनै सुकुमवासी वा मुक्त कमैयाका नाममा भइरहेको छ। सरकारको गलत नीति र राजनीतिक अस्थिरताका कारण यहाँ प्रतिदिन रुख कटानी भइरहेको छ, त्यसबाट अवैध जग्गाको कारोवार गर्ने भूमाफियाहरू दिनानुदिन बलिया हुँदै गइरहेका छन्। कञ्चनपुर जिल्लाको कुल क्षेत्रफल १ लाख ६१ हजार ७ सय ४१ हेक्टरमध्ये ८८ हजार २ सय हेक्टर वन क्षेत्रले ओगटेको मानिन्छ। जसमध्ये १९ हजार ५ सय ११ हेक्टर चुरे वन क्षेत्र र ३० हजार ५ सय हेक्टर शुक्लाफाँटाले ओगटेको छ भने बाँकी भाग राष्ट्रिय तथा सामुदायिक वनले ढाकेको छ। नापी विभागले आर्थिक वर्ष २०५३/०५४ मा पुनः नापनक्सा गरी तयार गरेको तथ्यांक अनुसार गाविसहरूको क्षेत्रमा मात्रै तेह्र हजार हेक्टरभन्दा बढी ऐलानी जग्गा आवादी भइसकेको छ। नापीको यो तथ्यांक वन कार्यालयको अनुमानसँग बाझिन्छ। तथ्यांकअनुसार रामपुर विलासपुर गाविसमा मात्रै सबैभन्दा बढी १ हजार ८ सय ७० हेक्टर आवादी ऐलानी रहेको छ।

नापी शाखाका सर्वेक्षक चेतनाथ दहालका अनुसार मन्त्रिपरिषद्को निर्णयमा बन्ने विभिन्न आयोगले तराईको जंगल मासिँदै गएको तथ्य देखाएका छन्। पछिल्लो समयमा बनेका सूर्यबहादुर कुँवर, अनन्तराम भट्ट सुकुमवासी आयोगले कञ्चनपुरको थुप्रै जंगल ऐलानीको नाममा आवाद गराएका छन्। नियमले छुट दर्तामात्रै ऐलानी हुने भए पनि त्यस्तो भएको छैन। वन विभागले आफ्नो क्षेत्र नियन्त्रण गर्न नसकेका कारण नै वन फडानी बढेको हो।

### विवश वन कार्यालय

आरक्ष पीडितका नाममा बनारा नदीको किनारामा दुई वर्षअघि ७५ परिवार बसेका थिए। अहिले यो संख्या साढे ३ सय नाघेको छ। गत



पुसमा उनीहरूलाई हटाउन गएको सत्तरीजना वनकर्मीको टोलीलाई उनीहरूले ६ घन्टासम्म घेरे। जिल्ला वन अधिकृत रामप्रिय मौर्य भन्छन्, 'हामीसँग स्रोत साधन केही पनि छैन, न त हतियारधारी वनरक्षक नै छन्। कसरी अतिक्रमित भूभाग हटाउने।'

इलाका वन कार्यालयहरू माओवादीले ध्वस्त गरेपछि प्रहरीसँगै वनकर्मी पनि सदरमुकाम केन्द्रित भए। जिल्ला वन अधिकृत मौर्य आरक्ष पीडित, मुक्त कमैया र सुकुमवासीलाई कञ्चनपुरको समस्या मान्दै भन्छन्, 'यहाँ राजमार्ग केन्द्रित अतिक्रमण बढ्दो छ। पछिल्लो डेढ वर्षमै महेन्द्र राजमार्गको बाणी-बंक क्षेत्रमा २ सय बिघा जमिन अतिक्रमण भए, करोडौं रुपैयाँका सालका रूख गायब भए।'

भूमि सुधार कार्यालयका अनुसार अहिलेसम्म कञ्चनपुरमा २ हजार ६ सय ९२ कमैयालाई ५ कट्ठाका दरले जमिन उपलब्ध गराइएको छ भने १ हजार ४ सय ६१ जनालाई व्यवस्थित बनाउन बाँकी छ। निमित्त कार्यालय प्रमुख नवनीतकुमार चन्दका अनुसार मुक्त कमैयाको समस्या जमिन दिएर मात्र समाधान हुँदैन, दीर्घकालीन सोच आवश्यक छ।

जिल्ला वन कार्यालयले वन संरक्षण गर्न पहल नगरेको भने होइन। वन कार्यालयमा रहेका पुराना अभिलेखले अतिक्रमण सम्भावित वन क्षेत्रलाई सामुदायिक वनका रुपमा हस्तान्तरणको प्रयास आवादी तथा वन क्षेत्र छुट्याउन अनौपचारिक सीमांकनको प्रयास, सामान्य गस्ती, अतिक्रमण हटाउन र हटाएका केही क्षेत्रमा तारबार गरी वृक्षरोपण गर्ने गरे पनि यसले संरक्षणमा सहयोग पुगेको देखाउदैन। अधिकांश सामुदायिक वन भूमाफियाकै जालमा फसेका छन्। अतिक्रमित क्षेत्रमा वनले गस्ती गर्न सकेको छैन। राजनीतिक दलका नेताहरूको निर्देशनमा हुने काठ तस्करी तथा वन फडानी वन कार्यालयको टाउको दुखाइको विषय नै बनेको छ।

आर्थिक वर्ष २०५८/०५९ पछि अतिक्रमित भूभागमा वन कर्मचारीले गस्ती समेत गर्न सकेका छैनन्। यसअघि जिल्लाका विभिन्न क्षेत्रमा अतिक्रमण गरेर बसेका करिब १ हजार घरपरिवारलाई वनले हटाएको थियो। यसरी हटाइएकाहरूले ७ सय ६० हेक्टर भूमि अतिक्रमण गरेका थिए।

## गिद्दे दृष्टि माओवादीको

प्रकृतिको शोषणमा मुक्त कमैया, सुकुमवासी, आरक्ष पीडित र माफियाहरू मात्र संलग्न छैनन्। लोकतान्त्रिक आन्दोलनपछि वार्ताको टेबुलमा बसेको माओवादी पनि उत्तिकै जिम्मेवार छ। द्वन्द्वकालीन अवस्थामा समेत आफ्नो भरणपोषण गर्न तराई र पहाड जंगलमा काटिने काठमा मनोमानी प्रतिशतका दरले रकम असुली गरेका माओवादीहरू अहिलेको संक्रमणकालीन अवस्थामा पनि प्रकृतिका ठूला दुस्मनका रुपमा देखा परेका छन्। उनीहरू खुलेआम तस्कर र ठूला व्यापारीहरूबाट पैसा असुल गरी प्रकृति विनाशको अवैध कार्यमा संलग्न छन्। तराई जस्तै सुदूरपश्चिमका पहाडी जिल्ला पनि उत्तिकै धनी छन्। मुख्यतया कैलालीको पहाडी भाग र डोटी र डडेल्धुरा आफ्नो वनपैदावरका लागि राजधानीसम्म ख्याति पाएका छन्। अतिक्रमणको चपेटामा पहाडका यी जंगलमा पनि विभिन्न नामधारीका उत्तिकै गिद्दे दृष्टि परेका छन्। तर, माओवादीको संलग्नताले पहाडको वन रित्याउन धेरै समय नलाग्ने देखिएको छ। यसै महिना डोटीबाट छोडिएको एक ट्रक काठबापत ३० हजार असुल गरेका छन्। जिल्ला वन कार्यालय कञ्चनपुरका अनुसार एक ट्रक काठबराबर झन्डै ६५ हजार रुपैयाँ राजस्व असुल हुने गर्छ। माओवादीको यस्ता क्रियाकलाप प्रायः बाहिर आउँदैन। बाहिर आएका घटनामा स्वेच्छिक चन्दा भनेर उनीहरू चोखिन पुग्छन्। तर, वास्तविकता फरक हुने गरेको छ। माओवादी स्रोतका अनुसार उनीहरूले अहिले सर्वाधिक रकम काठबाटै असुल गरिरहेका छन्, जसबाट आफ्नो जनसेना र मिलिसियाको भरषपोषण गर्न उनीहरूलाई सजिलो भएको छ।

■ **श्याम भट्ट/महेन्द्रनगर,** तस्वीर पनि


F U L L F L E D G E D W E B - S O L U T I O N S


WORLD CLASS CUSTOMER SUPPORT

SINCE 2001, MOUNTDIGIT TECHNOLOGY PVT. LTD., NEPAL'S LEADING WEB SOLUTION PROVIDER, IS ALWAYS COMMITTED TO PROVIDE THE BEST SERVICE WITH UTMOST QUALITY WITH WORLD CLASS CUSTOMER SUPPORT.

**MountDigit Technology (P.) Ltd.**
P.O. Box No. 21197
Kathmandu, Nepal
Phone : (977-1) 4416628, 4435217 (Head Office)
2002641 (Development Center )
Fax : (977-1) 4435217
Email : info@mountdigit.com
www.mountdigit.com
grow through IT...

MOUNTDIGIT TECHNOLOGY

# हुकुमवासीको चलखेल



सुकुमवासीलाई उक्साएर नदी छेउको खतरनाक ठाउँमा बनाइएका असुरक्षित झुप्राहरू

**लोकतान्त्रिक आन्दोलनपछि** सबैको ध्यान राजनीतिक उतारचढावप्रति केन्द्रित भइरहेको बेला ठाउँ ठाउँमा धमिलो पानीमा माछा मार्ने गिरोह सक्रिय भएका छन्। खासमा यस्ता गिरोहहरू सार्वजनिक जग्गा कब्जा गर्नेदेखि लिएर अराजक अवस्था निम्त्याउनसम्म सक्रिय भएर लागिरहेका छन्। कतिपय ठाउँमा यस्तो क्रियाकलाप नियन्त्रणबाहिर पनि गइरहेको छ।

बुटवलको २४ बिघाभन्दा बढी जग्गा कब्जा प्रकरण यसको पछिल्लो उदाहरण हो। राजनीतिक परिवर्तनको तरल अवस्थालाई गतिलो मौका ठान्दै केही व्यक्तिले बुटवल मैनाबगरको त्यो जग्गा कब्जा गरेका छन्। उक्त जग्गामध्ये केही व्यक्तिगत जग्गा पनि हो। सार्वजनिक जग्गा भन्दै लालपुर्जा भएका आफ्नो जग्गा अर्कैले कब्जा गरेपछि जग्गावालहरू रुँदै गुहार माग्दै हिँडिरहेका छन्।

बुटवलको वडा नं. ४ र १३ को तिनाउ नदी किनार मैनाबगर क्षेत्रमा सुकुमवासीको नाममा जग्गा कब्जा गर्ने र कतिपय सुकुमवासीलाई असुरक्षित पार्ने गरी उक्साउन राजाको शासनकालमा स्थानीय निकायको जिम्मेवारी पाएकाहरूले निर्देशन गरेका तथ्यहरू फेला परेका छन्।

वास्तविक सुकुमवासी र जग्गाधनी पहिचान गर्ने गरी नापी शाखासहितको टोलीले लालपुर्जा भएको जग्गा छुट्याउन नापजाँच गरिरहेका बेला बुटवलका पूर्व नगरप्रमुख रूपसिंह थापाका पिए प्रदीप गौचनको नेतृत्वमा नापजाँचमा भाँजो हाल्ने



दुस्प्रयास समेत गरियो ।

मैनाबगर क्षेत्रमा लालपुर्जा भएका जग्गाधनीको समेत जग्गा हडपी सो गिरोहले नापजाँचमै अवरोध गरिरहेको छ । मैनाबगर क्षेत्रमा वास्तविक सुकुमवासी अत्यन्त कम रहेको र दलाल गिरोहले त्यहाँको ठूलो हिस्सा जग्गा हडप्ने प्रयास गरेपछि सात दल, माओवादी, नागरिक समाज र प्रशासनको संयुक्त पहलमा वास्तविकता छानबिन गर्न सुरु गरिएको छ । तर, त्यहाँ वास्तविक सुकुमवासी नभई प्रतिगमनको गोटी बनेका गौचनको नेतृत्वमा रहेका ३०-४० जनाको एउटा गिरोहले प्रशासन र राजनीतिक दलहरूको प्रयासलाई नै अवरोध तुल्याउने गरी सुकुमवासीलाई उक्साउने काम गरेको छ ।

'पाँच प्रतिशत मात्रै सुकुमवासी देखिएका छन्', माओवादीका स्थानीय नेता प्रकाश बिसी भन्छन्, 'सुकुमवासीका नाममा हुकुमवासीहरू बसेको पत्ता लागेको छ, यिनीहरूलाई पाखा लगाइनुपर्छ ।'

वास्तविक सुकुमवासीको घरवासको व्यवस्था हुनुपर्ने जनाउँदै उनले अवरोध सिर्जना गर्ने गिरोहलाई पहिचान गरी कारबाही गर्नुपर्ने आवश्यकतामा जोड दिए ।

स-साना सयौं झुप्रा खडा गरिए पनि एकाधबाहेक त्यहाँ कोही बस्दैनन् । शाही शासनकालमा रूपसिंह थापा बुटवल नगरपालिकाका कथित मेयर बनेपछि एकाएक सो ठाउँमा जग्गा अतिक्रमण सुरु भएको हो । असुरक्षित तिनाउ बगर रहेको मैनाबगरमा त्यस्तो २४ बिगाहा जग्गा अतिक्रमण भएको छ, जसमध्ये आधाजसो लालपुर्जा भएको निजी जग्गा पनि छ । त्यहाँ दिनदिनै झगडा, झडप र तनाव हुने गरेको छ ।

बुटवलमा यस अघि खयरघारी, हात्तीसुँड, नयाँ बुटवल, नहरपुर लगायतका भागहरूमा सयौं बिघा जग्गा हजारौं व्यक्तिले कब्जा गरिसकेका छन् । 'गहना लगाएकाहरू मोटरसाइकल चढेर आउँछन्, घडेरी रोकेर जान्छन्', आफूलाई सुकुमवासी बताउने एक महिलाले भनिन्, 'दिनहुँ झुप्रा बनाउँदै जाने पनि सुकुमवासी हुन्छन् ?' उनले भनेजस्तै सो क्षेत्रमा सुकुमवासीका नाममा जग्गा हडप्ने गिरोहको पहिचान नगरेसम्म वास्तविक सुकुमवासीहरूमाथि न्याय हुने अवस्था देखिँदैन ।

पछिल्लो पटक सो ठाउँमा नापजाँचमा वास्तविक सुकुमवासीले अवरोध सिर्जना नगरे पनि हुकुमवासीको गिरोहले त्यहाँ भाँजो हालेको थियो । 'अनावश्यक समस्या खडा गर्ने तत्त्वलाई पहिचान गरी सर्वपक्षीय रूपमा केही गर्नैपर्ने अवस्था छ', एमाले बुटवल नगरसचिव भुवनेश्वर भण्डारी भन्छन्, 'सुकुमवासीको नाममा अतिक्रमण गरी जग्गाको कारोबार गर्नेहरूबाट नापजाँचमा समेत अवरोध खडा गर्ने काम भएको छ ।'

'नापी हुँदा वास्तविक सुकुमवासी र लालपुर्जा भएका जग्गाधनी दुवैको हित हुन्छ', सुकुमवासीहरूद्वारा गठित नेपाल भूमिहीन समस्या समाधान समितिका अध्यक्ष गुरुप्रसाद पंगेनीले भने, 'तर बीचमा फाइदा लिने गिरोहलाई यो घातक छ, त्यही भएर अवरोध सिर्जना गरिएको छ ।'

नागरिक समाजका प्रतिनिधिहरू सो ठाउँको वास्तविकता छानबिन हुनुपर्ने, वास्तविक सुकुमवासीलाई सुरक्षित ठाउँमा जग्गा दिनुपर्ने र धेरै जग्गा भएका लालपुर्जावालाहरूका जग्गा पनि वितरण गर्नुपर्ने अडानमा छन् ।

सो क्षेत्रमा दिनदिनै हुने तनाव नियन्त्रण गर्न खटिरहेका इलाका प्रहरी कार्यालय बुटवलका डिएसपी सुकदेव न्यौपाने एक्लैले घन्टौंसम्म सुकुमवासीलाई सम्झाउने प्रयास गरेका हुन्छन् । ठिक त्यस्तै गर्छन्, नगरपलिकाका कर्मचारीहरू पनि । तर, समस्या अरू जटिल बन्दै गएको छ । 'जो सुकुमवासी छैनन्, उनीहरूले नै भाँजो हाल्ने प्रयास गरेका छन्', डिएसपी न्यौपाने भन्छन् । वास्तविक सुकुमवासी पहिचान गरी अरूलाई ठेगान लगाउनुपर्ने उनको भनाइ छ ।

कतिपय राजनीतिक दलहरूले सो जग्गा कब्जाको बाहिर विरोध गरे पनि सुकुमवासीहरू भड्किने स्वार्थले खुलेर बोल्न हिचकिचाइरहेका छन् । सो ठाउँमा केही प्रहरीले पनि सुरक्षा दिने नाममा जग्गा कब्जा गरेको कुरा वास्तविक सुकुमवासीहरू बताउँछन् ।

■ **दीपक ज्ञवाली/बुटवल** (तस्वीर पनि)



धार्मिक सहिष्णुताका धरोहर लोककवि अलि मियाँको गत साउन १९ गते अन्त्येष्टि गरिँदा हिन्दु, बौद्ध, क्रिस्चियन सबै धर्मप्रति आस्थावान् व्यक्तिले भावपूर्ण श्रद्धाञ्जली अर्पण गरे। केही हिन्दु अतिवादीहरूले धर्म निरपेक्षताको निहुँ झिकेर अराजकता मचाउन खोजिरहेको अवस्थामा यो गतिलो उदाहरण भएको छ, धार्मिक सहिष्णुताको ।



# सहिष्णुताका धरोहरको अवसान

**अहिलेसम्म पोखरामा** कुनै पनि मुस्लिम मरेपछि गरिने अन्त्येष्टिमा सबै धर्म, जातजाति, पेसा र व्यवसायका मानिसको त्यति ठूलो संख्यामा सहभागिता भएकै थिएन। धार्मिक सहिष्णुताका धरोहर लोककवि अलि मियाँको गत साउन १९ गतेको अन्त्येष्टि समारोहमा हिन्दु, बौद्ध, क्रिस्चियन सबै धर्मप्रति आस्थावान् व्यक्तिले भावपूर्ण श्रद्धाञ्जली अर्पण गरी बिदाइ गरे।

८९ वर्षअघि मुसलमान परिवारमा जन्मेका थिए उनी। उनले परिवारमा मान्दै आएको मुस्लिम संस्कार पालना गरे पनि कहिल्यै आफूलाई संकुचित घेरामा राख्ने प्रयास गरेनन्। उनी सधैं धर्मभन्दा माथि थिए। दुई वर्षअघि इराकमा अतिवादी मुसलमानहरूले त्यहाँ काम गर्न गएका १२ नेपालीको नृशंस हत्या गरे, हत्याको खबर थाहा पाउनासाथ मुलुकभित्र मस्जिदमा तोडफोड र आगजनी भए। तर, लोककवि मियाँले आततायी मुसलमानद्वारा गरिएको हत्याको भर्त्सना गर्दै सबैलाई संयमित हुन आग्रह गरेका थिए। उनको मान्यता थियो, 'वास्तविक धर्ममा अतिवाद भन्ने नै हुँदैन।' त्यसैले सत्ताले नेपाललाई हिन्दु राष्ट्र घोषणा गरे पनि लोककविचाहिँ आजीवन धर्मप्रति निरपेक्ष नै रहे। यो सबै धर्मका धर्मगुरुले सिक्नुपर्ने पाठ हो।

मुसलमान भएको नाताले अल्लाहलाई जुन श्रद्धासाथ उनी पूजा गर्थे, राम, बुद्ध, क्राइस्टप्रति पनि उनको उस्तै सम्मान थियो। उनी बारम्बार भन्ने गर्थे, 'हामीले जुनरुपमा पूजा गरे पनि आखिर ईश्वर एकै हुन्।' त्यसैले होला, कुरानका हरफजस्तै गीता, वेदका श्लोकहरू मुखाग्र सुनाउन सक्थे अलि मियाँ।

सानै उमेरमा गोठालो, मेलापात जाँदा सुरु भएको लोकगायन यात्रा लोकसंस्कृतिको एउटा सशक्त हस्तीको रूपमा स्थापित भएर टुंगियो। उनले लोकसाहित्यमा धेरै काम गरे। गाउँगाउँ घुमेर जनताका दुःख, पीडा, वेदनालाई लोकगीतमा उने। उनी एउटा मानवतावादी कवि थिए, त्यसैले धार्मिक सम्प्रदायभन्दा माथि रहेर काम गरे। नेपाली समाजमा देखिएको छुवाछूत, जातिपातिबीचको विभेदलाई उनले कहिल्यै मान्यता दिएनन्। आफ्ना सिर्जनामा स्वतन्त्रता, मानवता, न्याय, प्रगतिका कुरा लेखिरहे।

स्वाभिमानका प्रतिमूर्ति मियाँ जवानीको बेलामा ब्रिटिस गोर्खा सैनिकमा भर्ना पनि भएका थिए। तर, उनलाई कठोर अनुशासनभित्रको सैनिक जीवन मन परेन। त्यसैले उनी सेनाको जागिर छोडेर लोकसाहित्यमै समर्पित भए, आजीवन। जीवनभर गरिबीको मारमा पिल्सिएका उनले कसैसँग दुई हात थापेनन्, हातखुट्टा चलुन्जेलसम्म मेलापातको काम गरे, चुरापोतेको व्यापार गरे र बचेको समय साहित्य साधनामै खर्च गरे।

२००६ सालमा विरक्त लहरी नामक पहिलो किताब प्रकाशन गरेर साहित्यकारका रुपमा दरिएका थिए, उनी। लगभग ९ दशकसम्मको जीवनयात्रामा ९ थान कृति सिर्जना गरी नेपाली साहित्यको भण्डार भर्न गुन लगाएका छन्। निष्काम कर्मयोगीजस्तै जीवनभर आफ्नै सुरमा सिर्जनामा तल्लीन मियाँलाई इन्द्रराज्यलक्ष्मी, जगदम्बालगायत पुरस्कार र कयौं सम्मान अर्पण गरिएको थियो। २०५८ साल फागुन १५ गते पोखरेली युवा सांस्कृतिक परिवारको आयोजनामा मियाँलाई रथारोहण गरी पोखरा बजार घुमाइएको थियो र त्यसपछि सार्वजनिकरुपमा अभिनन्दनसमेत गरिएको थियो। त्यसै बेला लोकसंस्कृतिको खोजअनुसन्धान गर्ने उद्देश्यबाट प्रेरित भएर 'अलिमियाँ लोकवाङ्मय प्रतिष्ठान' समेत बनेको छ। स्वर्गीय मियाँको व्यक्तित्व र कृतिको प्रचारप्रसार तथा अनुसन्धानको दायित्व आएको छ, उक्त प्रतिष्ठानमाथि। प्रतिष्ठानका अध्यक्षमा उनका छोरा हनिफ मियाँ छन्।

धर्मको नाममा अतिवादीहरूको षड्यन्त्र चुलिँदै गएको अवस्थामा लोककविको भावना जनस्तरसम्म पुऱ्याइनुपर्छ। जुनसुकै धर्मावलम्बी भएर पनि अरूको सम्मान र आस्थामा चोट नपुऱ्याई कसरी जीवन बिताउन सकिन्छ भन्ने पाठ सिकाएका छन्, लोककविले। मुलुकभित्र पछिसम्म पनि सहिष्णुता कायम राख्न सके धार्मिक सद्भावका नायक लोककविप्रति सच्चा श्रद्धाञ्जली हुनेछ। ■

## रहेनन् समालोचक भट्टराई

**समालोचक** घटराज भट्टराईको ६४ वर्षको उमेरमा गत साउन २२ गते निधन भएको छ। मस्तिष्क क्यान्सरबाट पीडित भएपछि भट्टराई डेढ महिनादेखि अचेत अवस्थामा रहेका थिए। समालोचना विधामा स्थापित भट्टराई वार्णिक छन्दका स्थापित कवि पनि हुन्। उनले २०३५ सालको राष्ट्रिय कविता महोत्सवमा प्रथम स्थान हासिल गरेका थिए।

पशुपति क्याम्पसका क्याम्पस प्रमुख रहेका भट्टराईले नेपाली साहित्यको माध्यमिककालीन इतिहास खोजमा उल्लेखनीय योगदान पुऱ्याएका छन्। उनी त्रिभुवन विश्वविद्यालयका सिनेट सदस्यसमेत रहेका थिए। साहित्यिक गतिविधिप्रति हुरुक्क हुने भट्टराई विभिन्न साहित्यिक संघसंस्थासँग पनि आबद्ध थिए।

१९९९ सालमा ओखलढुंगामा जन्मिएका समालोचक भट्टराईका डेढ दर्जन साहित्यिक किताब प्रकाशन भएका छन्। 'नेपाली साहित्यकार कोष'का सम्पादक भट्टराईले नेपाली सर्जकको खोजबिनमा पनि महत्त्वपूर्ण काम गरेका छन्। उनका दुईवटा किताब प्रकाशोन्मुखसमेत रहेको जनाइएको छ। मोती पुरस्कार, मुक्ति पुरस्कार, वेदनिधि पुरस्कारलगायत दर्जनौं सम्मान पाएका समालोचक भट्टराईको संस्कृत भाषा-साहित्यमा पनि राम्रो दखल थियो। स्वर्गीय भट्टराईका पत्नी, दुई छोरा र चार छोरी छन्। ■







**लहरै पहँलै वस्त्र,** हात हातमा जल, खाली खुट्टा। हिजो आज बोलबम धाममा बढेको रौनकको दृश्य हो यो। रुपन्देहीको पर्रोहा बोलबम धाममा अहिले जल चढाउनेहरूको भीड लागेको छ। टाढा टाढाका नदीहरूबाट जल बोकेर यो धाममा धाउने शिवभक्तहरू लस्करका लस्कर भेटिन्छन्। गुरुपूर्णिमादेखि ऋषितर्पणीसम्म लाग्ने यस्तो मेलामा काठमाडौं, चितवन, नवलपरासी लगायतका जिल्लाबाट तीर्थालु आउने गरेका छन्। पछिल्ला वर्षहरूमा पर्रोहा भारतीय तीर्थालु तान्ने गतिलो तीर्थस्थलका रुपमासमेत परिणत भइरहेको छ।

गत वर्ष पर्रोहामा २० हजारभन्दा बढी तीर्थालु आएका थिए। तीमध्ये धेरैजसो भारतीय थिए। यो वर्ष सहज वातावरणका कारण त्योभन्दा कयौं गुणा बढी तीर्थालु आएको अनुमान छ। बोलबम तीर्थयात्रीकै कारण पर्रोहा क्षेत्रमा आर्थिक गतिविधि पनि ह्वात्तै बढेको छ र स्थानीय बजार र मन्दिरमा लाखौं आम्दानी हुने गरेको छ। गत वर्ष मन्दिरमा चढाएका भेटीबाटै तीन लाखभन्दा बढी आम्दानी भएको थियो। हजारौं वर्षअघि त्यहाँ शिव ज्योतिर्लिंग आफैं उत्पत्ति भएकाले त्यसमा जल चढाएर पवित्र हुन तीर्थालुहरू धाममा भने धाउने गरेको पुजारी लीलाधर भूर्तेलको दाबी छ।

उता कपिलवस्तुमा भने बोलबम धाममा हिंडेका एकै परिवारका तीन तीर्थयात्रीको मृत्यु भएको छ। बुडुरुंग नदीमा जल लिन गएका एकै परिवारका रामकिशोर अग्रहरी, उनका छोरा विनोद र भतिजा अशोकको शनिवार सो नदीमा डुबेर मृत्य भएको हो।



# पहेंलाम्पुर पर्रोहा धाम

■ शब्द, तस्वीर: दीपक ज्ञवाली






योगी लीलानन्द


टुँडिखेलमा योग सिक्दै

तस्वीरहरू : तेजबहादुर बस्नेत

# टुँडिखेलमै साधना

**बिहान सबेरै** सदर टुँडिखेलको मैदानमा गएर नियाल्ने हो भने अहिले अचम्मको दृश्य देख्न पाइन्छ ।

शारीरिक तन्दुरुस्तीका लागि टुँडिखेलवरिपर तथा भित्र 'मर्निङ वाक', र 'जगिङ' गर्ने कुनै नयाँ प्रचलन होइन । बिहानै फुटबल खेल्ने युवाहरूको पनि यही खेलमैदानमा जमघट हुन्छ । यही टुँडिखेलको मैदानमा स्वस्थ रहनका लागि असिन पसिन बन्दै शारीरिक अभ्यासमा लाग्नेहरूका लागि अब योगाभ्यासको नयाँ आयाम थपिएको छ ।

वर्षौंदेखि यही मैदानमा कुद्दै आएका कतिपय मानिस अहिले योगाभ्यासको नियमित अभ्यासकर्ता बनेका छन् । भद्रकाली मन्दिर छेउको टुँडिखेलको एक कुनामा महिला तथा पुरुषहरू नेपाली संगीतमा कम्मर मर्काएर नाच्छन्, कहिले चिच्याएर हाँस्छन् त कहिले सिंहकोझैं गर्जन निकाल्छन् । यसका लागि उनीहरू विभिन्न आसनमा रहेर ध्यानका विविध क्रियाकलाप गर्छन् । बिहान ६ देखि ७ बजेसम्म चल्ने यो योगमा सहभागी हुनेहरूको संख्या दिनहुँ बढ्दै छ । 'एक, दुईजनाबाट सुरु भएको यो योग अभ्यासमा अहिले प्रत्येक दिन झन्डै डेढ सय व्यक्ति सहभागी हुन्छन्', योग सिकाउने गुरु लीलानन्द भन्छन्, 'प्रत्येक दिन नौलो अनुहारसँग भेट हुन्छ मेरो ।'

नुवाकोटका २५ वर्षीय लीलानन्दले यो खुला मैदानमा योगाभ्यास सञ्चालन गर्ने निर्णय नौ महिनाअघि गरेका थिए । विगत ५ वर्षदेखि निरन्तर योगाभ्यासमा लागेका लीलानन्दलाई कुनै नौलो काम गर्ने इच्छा थियो । 'त्यसैले मैले मेरो कर्मथलो यही टुँडिखेललाई नै रोजेँ', लीलानन्द भन्छन्, 'मंसिरको जाडो महिनामा म टुँडिखेलमा आएँ । शारीरिक अभ्यासका लागि यही आएकामध्ये एक, दुईजनालाई मेरो उद्देश्यबारे बताएँ अनि योगाभ्यास सिकाउँदै गर्दा विस्तारै विस्तारै सहभागीको संख्या बढ्न थाल्यो ।'

यस योगाभ्यासमा सहभागी भएकाहरूका अनुसार उनीहरू एकैपटक सामेल हुँदैनन् । उनीहरू केही दिन यसलाई नजिकबाट नियालेर हेर्छन्, आश्वस्त भएपछि गुरुसँग सम्पर्क राखेर आफू उपस्थित हुन चाहेको बताउँछन् । यही टुँडिखेलको मैदानमा शरीरको मोटोपन घटाउन विगत दुई वर्षदेखि नियमित फुटबल खेल्दै आएका २९ वर्षीय सुन्दर ज्ञवाली तीन सातादेखि यस योगाभ्यासमा नियमित सहभागी बन्दै आएका छन् । फुटबल खेल्दा पनि मोटोपन नघटेपछि उनले विज्ञापनको आधारमा 'सोना बेल्ट' किनेर लगाए । त्यसले पनि काम नगरेपछि उनी यस टुँडिखेलमा सञ्चालित योगाभ्यासमा सामेल भएका हुन् । अहिले एकातिर शरीर फुर्तिलो भएको महसुस गरेका छन् उनले भने अर्कोतिर उनको तौल पनि घटेको छ । 'सुरुमा यहाँ दुई, चारजना मात्र थिए, हेर्दाहेर्दै धेरै जम्मा भए । त्यसपछि मलाई पनि उत्सुकता भयो, यहाँ के हुँदो रहेछ भनेर । यसका लागि मैले चार, पाँच दिन बाहिर बसेर हेरेँ, ज्ञवाली आफ्नो अनुभव सुनाउँछन्, 'अहिले मेरो शरीर निकै फूर्तिलो बनेको छ ।'

यस योगाभ्यास निःशुल्क उपलब्ध छ । जो कोही पनि यसमा सहभागी हुन सक्छन् । तर, भुइँमा विभिन्न आसनमा बस्नु पर्ने भएकाले त्यसका लागि प्लास्टिकको जोहो भने आफैंले गर्नु पर्ने हुन्छ । 'स्वस्थ्य समाज निर्माणका लागि मैले यो अभियान थालनी गरेको हुँ', लीलानन्द भन्छन्, 'यसलाई मैले निरन्तरता दिनेछु ।'

खुला मैदानमा आएर योग गर्नेहरूको संख्या बढ्न थालेपछि त्यसको व्यवस्थापन गर्न सहभागीहरू आफै मिलेर अहिले 'मुक्ति योग ध्यान प्रतिष्ठान' समेत गठन गरेका छन् । उनीहरू आ-आफू मिलेर रकमको जोहो गरी माइकको व्यवस्था गरेका छन् । 'भीड बढ्दै गएपछि गुरुले सिकाएको कुरा नसुनिने भएकाले माइकको व्यवस्था गरेका हौं', प्रतिष्ठानका महासचिव उत्तममान श्रेष्ठ भन्छन्, 'आवश्यकता हेरी हामी साधकहरू मिलेर यस योगाभ्यासलाई व्यवस्था गर्दै लग्नेछौं ।' वर्षौंदेखि टुँडिखेलमा 'जगिङ' गर्दै आएका ५२ वर्षीय श्रेष्ठ यस योगाभ्यासका पुराना सहभागी मध्येका एक हुन् । उनी भन्छन्, 'योग गर्न थालेपछि मैले आफूलाई जवान भएको महसुस गरेको छु ।'

सुरु सुरुमा असन, धरहरा वरपरका व्यक्तिहरू सहभागी हुँदै आएको यस योगाभ्यासमा अहिले पाटन, ताहाचल, स्वयम्भू आदि स्थानबाट पनि आउन थालेका छन् । अचम्म लाग्दो कुरा त के छ भने यहाँ महिलाहरूको सहभागिता पुरुषकै बराबरी छ । 'म एकदमै मोटी थिएँ र मलाई युरिक एसिडको समस्या थियो', धोबीचौरकी ३३ वर्षीया लक्ष्मी शाही भन्छिन्, 'यस योगले मलाई धेरै फाइदा पुगेको छ । म यहाँ आउन थालेको दुई महिना भयो र मेरो तौल सात किलो घट्यो । अहिले मलाई युरिक एसिडको समस्या पनि छैन ।'

■ **मनीष गौतम/काठमाडौं**




**टेलिकमले नेपाल प्रहरीसँग बारम्बार अनुरोध गर्दासमेत मात्रात्मकरूपमा चोरी घट्न नसकेपछि कतिपय ठाउँमा टेलिकम र स्थानीयवासीको सक्रियतामा टेलिफोनका पोलहरूमा साइरन राख्न थालिएको छ। साइरन जडान भएको क्षेत्रमा तार काट्नासाथ साइरन बज्ने भएकाले स्थानीय बासिन्दाले चोरहरूलाई आफैं समात्न वा प्रहरीलाई खबर गर्न सजिलो हुने भएकाले यस्तो व्यवस्था गरिएको हो।**

# तारचोरीको बिगबिगी

**राजधानीमा अपराधका** शृंखला बढ्दै जाँदा टेलिफोनको तारचोरी पनि व्यापक मात्रामा वृद्धि भएको छ। गत एक महिनाको अवधिमा टेलिफोन तारचोरीका कारण उपत्यकामा ५५ वटा टेलिफोन क्याविनेटमा परेको असरले २० हजारको हाराहारीमा टेलिफोन लाइन अवरुद्ध भएको नेपाल टेलिकमले बताएको छ। अवरुद्ध अधिकांश टेलिफोन मर्मत गरेर अहिले पुनः सुचारु भएको टेलिकमले बताएको छ।

टेलिफोन मर्मतमा ढिलासुस्ती गरेको आरोप टेलिकमप्रति लागेको छ। भएको भन्दै पटक पटक टेलिकमको कार्यालयमा डेलिगेसन गएपछि बल्ल कतिपय ठाउँमा चोरिएको तार जडान गरेर सेवा सुचारु गरिएको छ। हप्तौंपछि टेलिकमलाई कैयौं दिन गुहारेपछि मात्र टेलिफोन सेवा सुरु भएको कलंकीका दिनेश गौतमले *समय*लाई बताए। कलंकीको बल्खु पुलमा बिछ्याएको २ सय २६ मिटर भूमिगत तार एकपटक मर्मत गरेपछि पुनः चोरी भएका कारण लामो समयसम्म छाउनी एक्सचेन्जअन्तर्गतको ५५ र ७४ क्याविनेटबाट संचालित कलंकी क्षेत्रका करिब ६ सय टेलिफोन लाइन अवरुद्ध भएका थिए।

तारचोरीका कारण अवरुद्ध टेलिफोन मर्मत सम्भारमा टेलिकमले ढिलासुस्ती गरेको आरोप उपभोक्ताले लगाए पनि टेलिकमले भने सीमित ठाउँमा बाहेक अन्य क्षेत्रमा जानकारी हुनासाथ मर्मत गरिएको बताएको छ। नेपाल टेलिकम काठमाडौं क्षेत्रीय निर्देशनालयका कार्यप्रबन्धक राजेन्द्र नकर्मी भन्छन्, 'टेलिफोन सेवा अवरुद्ध भएको जानकारी पाउनासाथ स्रोत र साधन उपलब्ध भएमा तुरुन्त मर्मत प्रक्रिया सुरु हुन्छ।'

टेलिकमले विदेशबाट आयात गरेका टेलिफोनमा प्रयोग हुने २० देखि ६ सय पियरसम्मका तामाद्वारा निर्मित तार उपत्यकाको विभिन्न क्षेत्रमा चोरी भएका छन्। ६ सय पियरको तारमा ६ सय लाइन टेलिफोन वितरण गरिन्छ। २० पियरको टेलिफोन तारलाई करबाहेक ४५ देखि ६० रुपैयाँ र ६ सय पियरकोलाई ६ सय ४ रुपैयाँ तिरेर टेलिकमले आयात गरेको हो। गत दुई महिनाको अवधिमा १० हजार ७ सय ७३ मिटर तार चोरी भएको टेलिकमले बताएको छ। कतिपय काटिएका तार बीचमा पुनः जोड्न नमिल्ने भएको कारणले चोरिएको तारको करिब दोब्बर तार मर्मतमा खर्च हुने गरेको टेलिकमले बताएको छ।

जनआन्दोलनपछि आपराधिक क्रियाकलाप राजधानीमा बढ्दै जाँदा टेलिफोन तार चोरी पनि ह्वात्तै बढेको छ। नकर्मी भन्छन्, 'टेलिकमको इतिहासमै सबैभन्दा बढी तार अहिले चोरी भएका छन्, राजधानीका मात्रै ४६ ठाउँमा तारचोरीका कारण अवरुद्ध हजारौं टेलिफोन सेवा मर्मत कार्य धमाधम भइरहेको छ।' गत दुई महिनादेखि टेलिफोन तार चोरी बढ्न थाले पनि तारचोरीमा संलग्न गिरोहहरूलाई पक्राउ गर्न नसकेका कारण चोरी नियन्त्रण हुन सकेको छैन। नकर्मी भन्छन्, 'तारचोरीको प्रकृति र व्यापकताले तारचोरीमा ठूलै गिरोह सक्रिय भएको अनुमान हामीले गरेका छौं।' कतिपय ठाउँमा भने स्थानीयवासीको सहयोगमा काटिसकेको तारसमेत चोरले लैजान पाएको छैन। भक्तपुरको लोकन्थलीमा चोरहरूले काटेको ३ सय पिएरको ३ सय मिटर टेलिफोन तार खोस्न स्थानीय बासिन्दा सफल भएका छन्। ललितपुरको ग्वार्को र ढुंगेअड्डा, भक्तपुरको दधिकोट, लोकन्थली र दुवाकोट र छाउनी एक्सचेन्जअन्तर्गतको रामकोटमा भने हालसम्म सेवा अवरुद्ध छन्।

तारचोरीको मात्रा बढ्न थालेपछि प्रहरीलाई बारम्बार नियन्त्रण गर्न अनुरोध गर्दा पनि चोरीको मात्र नघटेको टेलिकमले बताएको छ। नकर्मी भन्छन्, 'हामीले केन्द्रीय कार्यालयमार्फत नेपाल प्रहरीलाई लिखित रुपमै तार चोरी क्षेत्रसमेत खुलाएर अनुरोध गरेका छौं। तर, अझैसम्म चोरीमा संलग्न कसैलाई पनि पक्राउ गरेको आधिकारिक जानकारी हामीलाई आएको छैन।' नेपाल प्रहरीले भने तारचोरीमा संलग्नहरूको खोजी कार्य भइरहेको बताएको छ। एक महिनाअघि बालाजुबाट टेलिफोनको तारसहित पक्राउ परेका विनोद लामा र सुमन राईमाथि उपत्यका अपराध अनुसन्धान शाखा हनुमानढोकाले अनुसन्धान गरिहेको छ।

चोरीमा संलग्न भएकाहरूलाई अदालतले कारबाहीको फैसला गरे पनि न्यून सजाय काटेर पुनः चोरीमै संलग्न हुने भएकोले गर्दा उपत्यकामा चोरीको समस्या मौलाउँदै गएको छ। उपत्यकाको चोरी नियन्त्रण गर्न सरकारले नयाँ रणनीतिका साथ विशेष व्यवस्था लागू गर्नुपर्ने आवश्यकता खड्किएको जानकारहरू बताउँछन्।

अन्तर्राष्ट्रिय बजारमा तामाको मूल्यमा भएको वृद्धिले पनि चोरहरू टेलिफोन तार चोर्नतर्फ आकर्षित भएको आशंका प्रहरीको छ। महँगो रकम खर्च गरेर विदेशबाट आयात गरेका टेलिफोन तार चोरहरूले कवाडीको मूल्यमा बेच्ने गर्छन्। तार पगालेर त्यसभित्रको तामा चोरहरूले कवाडी वा स्थानीय बजारमा सस्तो मूल्यमा बेच्ने गरेको प्रहरीले बताएको छ। एक किलोग्राम तामाको बजार मूल्य ४ सय रुपैयाँ पर्ने भए पनि चोरहरूले तार पगालेर जम्मा गरेको तामा एक सयदेखि डेढ सय रुपैयाँमा बिक्री गर्ने गर्छन्।

उपत्यकामा तारचोरीको बिगबिगी बढ्न थालेपछि मोफसलमा पनि तारचोरी फैलिंदै गएको छ। बारा जिल्लाको परवानीपुरको वजनीमा गत साता १ सय ५० पियरको ८ सय मिटर तार चोरी भएको छ। तारचोरीका कारण त्यस क्षेत्रका डेढ सय टेलिफोन लाइन अहिले अवरुद्ध छन्।

■ **गोविन्द परियार/काठमाडौं**

# अतिवादको आशंका

**धर्म निरपेक्ष राज्य** घोषणाको विरोधमा केही हिन्दु धर्म समर्थकहरूले असार पहिलो सातादेखि राजधानीमा सडक आन्दोलन थालेपछि मुलुक अतिवादतिर त धकेलिने होइन भन्ने आशंका जन्मिएको छ । हिन्दु राष्ट्र रक्षापरिषद्को नामबाट जारी विज्ञप्तिमा नेपाल हिन्दु राज्य नै रहनुपर्ने माग सरकारले पूरा नगरेमा हिंसात्मक आन्दोलनमा जान बाध्य हुने उल्लेख गरिएको छ । तर, अहिलेको सडक आन्दोलनले हिंसात्मक रूप लिएमा हिन्दुहरूमाथि नै आघात पर्ने बागमती सुधार आयोजनाका अध्यक्ष विदुरप्रसाद पौडेल बताउँछन् । उनी भन्छन्, 'लोकतन्त्रमा कसैले माग राखेर शान्तिपूर्ण रुपमा विरोध गर्नुलाई अन्यथा लिन नमिले पनि धर्मको नाममा थालिएको आन्दोलन अराजक तत्वको हातमा गएमा त्यसले राम्रो सन्देश दिन सक्दैन ।'

धर्म निरपेक्ष वा सापेक्षको मुद्दाबाट आन्दोलनको औचित्य सावित नहुने विज्ञहरूको धारणा छ । त्यसमा पनि हिन्दु धर्म नभएर संस्कृति रहेको उनीहरूको तर्क छ । सिन्धु सभ्यतामा विकसित संस्कृति ग्रहण गर्नेहरू नै कालान्तरमा हिन्दु बनेको पाइन्छ । परामनोवैज्ञानिक अनुसन्धान केन्द्रका संस्थापक अध्यक्ष एवं संस्कृति विश्लेषक कमल योगी धर्म सापेक्ष वा निरपेक्ष नहुने विचार राख्छन् । हिन्दु त धर्मभन्दा पनि संस्कृति भएकाले यसलाई संकुचित अर्थमा व्याख्या गर्न नहुने उनको तर्क छ । उनी भन्छन्, 'धर्म निरपेक्ष राज्य घोषणाले सच्चा आध्यात्मिक व्यक्तिलाई केही असर पुग्दैन, त्यसैले यो प्रकरणमा विवाद गर्नुको तुक छैन । वास्तविक धर्मले त सम्प्रदायभन्दा पनि मानवताको पक्षपोषण गर्छ ।'

हिन्दु राज्यका पक्षपातीहरू आफ्नो माग जायज भएकाले सरकारले धर्म निरपेक्ष राज्यको घोषणा फिर्ता गर्नुपर्ने बताउँछन् । 'नेपालका हिन्दु राष्ट्र रक्षापरिषद्का अध्यक्ष कमलनयनाचार्य भन्छन्, 'यहाँका ९० प्रतिशतभन्दा बढी जनता हिन्दु छन् । धर्म निरपेक्ष भएपछि धार्मिक सद्भाव खलबलिने सम्भावना भएकाले नेपाललाई हिन्दु राष्ट्र नै घोषणा गर्नुपर्छ ।' धर्म निरपेक्षको नाममा मुलुक विखण्डनतर्फ अघि बढ्ने उनको दाबी छ । उनी भन्छन्, 'जनताको भावना नबुझीकन हतारमा प्रतिनिधिसभाले किन त्यस्तो निर्णय गर्‍यो, जनआन्दोलनको बलमा पुनः स्थापित प्रतिनिधिसभा र सरकारलाई जनताले शान्ति स्थापनाको मात्र म्यान्डेट दिएको हो, न कि धर्म निरपेक्ष राज्य घोषणा गर्न ।' सरकारले यो निर्णय फिर्ता नलिए आन्दोलनलाई सशक्त पार्न आवश्यक परे शिव सेना, हनुमान सेना जस्तै नेपालमा राष्ट्रिय सेना गठन गर्ने कमलनयनाचार्य बताउँछन् ।

समाजशास्त्री कृष्णबहादुर भट्टचन भने एउटै धर्मको मात्र हैकम चल्नुपर्छ भन्नु अन्यायपूर्ण रहेको धारणा राख्छन् । उनी भन्छन्,'हिन्दु यहाँका आदिवासीको धर्म होइन, हिन्दुभन्दा पुराना कैयन् धर्म छन् । मेरो धर्म राज्यले नै स्वीकार गरोस् भन्नु लोकतान्त्रिक मान्यताविपरीत हो ।' समाजशास्त्री भट्टचन हिन्दु सम्प्रदायको पहिलेदेखि नै दरवारसँग प्रगाढ सम्बन्ध रहेको बताउँछन् । निर्दलीय पञ्चायती व्यवस्था टिकाउनदेखि लिएर राजा ज्ञानेन्द्रलाई सक्रिय शासनमा उक्साउनसमेत हिन्दु अतिवादीको हात रहेको बताइन्छ ।

एमाले नेता तथा सामाजिक विश्लेषक मोदनाथ प्रश्रित अहिले धर्म निरपेक्षताको विरोधलाई सामन्तवादी सोचसँग जोडेर हेर्न सकिने विचार राख्छन् । उनी भन्छन्, 'वर्षौंदेखि एउटा धर्मको नाम भजाएर ढलिमुली गरेका व्यक्तिहरू आफ्नो वर्चस्व गुम्ने भएपछि विरोधमा आएका हुन् ।' सबै धर्मप्रति समान व्यवहार अपनाउनु लोकतान्त्रिक व्यवस्थाको विशेषता हो । त्यसैले होला, विश्वका ५० प्रतिशतभन्दा बढी मुलुक धर्म निरपेक्ष छन् । प्रश्रित भन्छन्, 'लोकतान्त्रिक व्यवस्थामा सबै धर्मलाई उचित स्थान दिनुपर्छ, कसैको आस्थामा चोट पुर्‍याउनु हुँदैन ।' धर्म निरपेक्ष राज्य पहिले नै घोषणा हुनुपर्थ्यो तर ढिलै भए पनि घोषणा हुनु सुखद पक्ष रहेको प्रश्रित बताउँछन् । धर्म निरपेक्ष राज्य घोषणा सहअस्तित्वको आधारमा भएकाले सबै धर्मावलम्बीले स्वीकार गरिसकेको अवस्थामा एउटा सम्प्रदायको लागि मात्र टाउको दुखाइको विषय हुनु नपर्ने राय उनको छ ।

२०४७ सालको संविधान बनाउँदा पनि धर्म निरपेक्षको कुरा उठेको थियो । धर्म निरपेक्ष राज्य हुनुपर्छ भनी त्यो बेला पनि मुलुकभर ठूल्ठूला प्रदर्शनसमेत भएका थिए । त्यस बेला अन्तरिम सरकारमा दरवारको कोटाबाट मन्त्री बनेका अच्युतराज रेग्मीलगायत केही मन्त्री हिन्दु राज्य हुनुपर्छ भनेर जोडतोडका साथ लागेपछि सन्त प्रधानमन्त्री केष्णप्रसाद भट्टराईले पनि हिन्दु राज्यकै वकालत गरेका थिए ।

हिन्दु धर्म राजतन्त्रसँग जोडिएकाले पनि धर्म निरपेक्ष राज्यको माग प्रबल रुपमा उठ्दै आएको थियो । जंगबहादुर राणाको पालामा जारी मुलुकी ऐनमा पनि मनुस्मृतिको छाप रहेको पाइन्छ । राजा महेन्द्रको पालामा २०१९ सालदेखि संविधानमा हिन्दु राज्य लेख्ने प्रचलन सुरु भएको देखिन्छ ।

प्रसिद्ध विचारक महात्मा गान्धीले भनेझैं सत्य र मानवताभन्दा ठूलो धर्म विश्वमा अरू कुनै छैन । त्यसैले हिन्दु राज्य घोषणाको बेतुक माग लिएर आन्दोलन गर्नुको सट्टा सामाजिक जागरणका आन्दोलनमा लाग्नु नै श्रेयस्कर देखिन्छ । प्रश्रित भन्छन्, 'आफ्नो धर्मसरह अरूको धर्मले पनि मान्यता पाउँदा सबै खुसी हुनपर्छ, इन्द्रेणीको रंगसरह विभिन्न जातजाति र धर्म अँगाल्ने व्यक्तिले राज्य मेरो पनि हो भन्ने महसुस गर्न सकेमा मात्र राज्यमा वास्तविक शान्ति आउँछ ।'

■ छत्र कार्की/काठमाडौं


Mobile Unlock and Repairing

हरेक किसिमको मोबाइल Unlock तथा Repairing ग्यारेन्टीका साथ गरिन्छ ।



Namaste Mobile Service Center

Shop No. 120, 1st Floor
Bishal Bazar, Supermarket
Tel : 01-4228151
Mobile : 9851021166






New Outlet in Jawalakhel at your Service
For Free Delivery to your Doorstep
Please Contact:
Himalayan Spring Water Inc.
Tinkune: 2052347, Jawalakhel: 2051651, New Road Phone : 2053107
Kamal Pokhari : 2051649, Tripureshor : 2054220
For online order visit www.himspring.com.np

# सचिव नियुक्तिमा भागबन्डा



■ **किरण भण्डारी/काठमडौं**

**लोकतान्त्रिक सरकार** गठन भएको एक सय दिन नाघेपछि सरकारले उच्च प्रशासनिक पदमा व्यापक हेरफेर र नियुक्ति गरेको छ। मन्त्रिपरिषद्को साउन २२ गतेको बैठकले सोह्रजना सहसचिवलाई सचिव र क्षेत्रीय प्रशाकमा कामु नियुक्त र ११ सचिवको सरुवा समेत गरेको छ।

सचिव नियुक्तिमा कार्यसम्पादन क्षमतालाई आधार मानिएको भनिए पनि सरकारका घटकहरूको कोटामा परेकाहरूको संख्या अधिक रहेको छ। विगतका कमी कमजोरी पहिल्याएर स्थायी सरकारको उपल्लो तहमा इमानदार, सक्षम र कर्मठ अधिकारीको पदोन्नति गराउने परिपाटी बसाल्नेभन्दा पनि व्यक्तिगत सम्पर्कका आधारमा अधिकांश नियुक्ति भएको छ। शक्ति संघर्षको यो खेलमा पछि परेका केही मेधावी सहसचिवहरू वृत्तिविकासबाट वञ्चित भएका छन्।

त्यस्ता कोटीमा गृह मन्त्रालयका प्रतापकुमार पाठक र वामनप्रसाद न्यौपाने, योजना आयोगका श्यामसुन्दर शर्मा, अर्थका कृष्णहरि बाँस्कोटा, परराष्ट्रका ज्ञानचन्द्र आचार्य र दुर्गा भट्टराईहरूको नाम धेरैले लिने गरेका छन्। शाही सत्ताले लखेटेर दाङको सिडिओमा फाल्दा पनि उन्मत्त सेनालाई नागरिक प्रशासनको काबुमा ल्याउन प्रयासरत भएको परिचय बनाएका पाठक सर्वाधिक अन्यायमा परेका छन्।

माघ १९ पछि शाही सरकारले राजनीतिक नियुक्तिको पद बनाएको क्षेत्रीय प्रशासकलाई पूर्ववत् निजामतीमा बदलिएको छ। बढुवामा राजनीतिक सन्तुलन, समावेशी, क्षेत्रीय सन्तुलन र प्राविधिकको प्रतिनिधित्व गराउने नाममा केही कमजोर र कनिष्ठ अधिकारीहरूलाई चिट्ठा परेको छ। प्राविधिकबाट तीनजनाको पदोन्नति हुँदा पनि नापीका बाबुराम आचार्य, वनका शेषहरि भट्टराई, इन्जिनियर किशोर थापा जस्ता इमानदार छवि बनाएकाहरू समेटिएका छैनन्।

प्राविधिकबाट सतर्कता केन्द्रमा ल्याइएका रामसरोवर दुवे र पूर्वाञ्चल प्रशासक बनेका शंकरलाल चौधरी अघोषित आरक्षणको भऱ्याङ चढेर उच्च पदमा पुगे पनि उनीहरूको स्तर आम कर्मचारीभन्दा दयनीय रहेको धारणा अग्रज र सहकर्मीहरूको छ।

**कामु सचिव**

| | |
|---|---|
| रामेश्वरप्रसाद खनाल | राजस्व |
| बालानन्द पौडेल | शिक्षा |
| श्यामप्रसाद मैनाली | श्रम |
| तुलसी भट्टराई | मन्त्रिपरिषद् |
| शंकर कोइराला | संचार |
| भगवतीकुमार काफ्ले | स्थानीय विकास |
| दामोदर पराजुली | वन |
| छविराज पन्त | मुक्त कमैया व्यवस्थापन |
| पुण्य न्यौपाने | महिला बालबालिका तथा समाज कल्याण |
| रामसरोवर दुवे | राष्ट्रिय सतर्कता केन्द्र |
| भगीरथ बस्नेत | परराष्ट्र |

**कामु क्षेत्रीय प्रशासक**

| | |
|---|---|
| ताना गौतम | सुदूरपश्चिमाञ्चल |
| अवनिन्द्रकुमार श्रेष्ठ | मध्यपश्चिमाञ्चल |
| सुशील जंग राणा | पश्चिमाञ्चल |
| शंकरप्रसाद पाण्डे | मध्यमाञ्चल |
| शंकरलाल चौधरी | पूर्वाञ्चल |

**सरुवा भएका सचिवहरू**

| | |
|---|---|
| विद्याधर मल्लिक | अर्थ |
| युवराज पाण्डे | सामान्य प्रशासन |
| जनकराज जोशी | शान्ति सचिवालय |
| स्वयम्भूमान अमात्य | मन्त्रिपरिषद् |
| नारायण सिलवाल | आवास, भौतिक योजना तथा निर्माण |
| माधव घिमिरे | पर्यटन |
| दीपेन्द्रविक्रम थापा | मन्त्रिपरिषद् |
| रामकृष्ण तिवारी | जलशक्ति आयोग |
| रवीन्द्रमान जोशी | भूमिसुधार |
| गोविन्द पाण्डे | योजना आयोग |
| कुमार पौडेल | लोकसेवा आयोग |

तर निजामती ऐन नियमको प्रावधान यथावत् रहने हो भने अहिले कामु भएकामध्ये कम्तीमा चारजना सहसचिव कन्फर्म हुन नपाउने दाबी सामान्य प्रशासनका एक अधिकारीको छ। 'कार्यसम्पादन मूल्यांकनको योग्यताक्रम सूचीमा निकै पिँधमा परेका केही सहसचिव अहिले सचिव भएका छन्। कन्फर्म हुने बेलामा उनीहरू कुनै हालतमा सिफारिसमा पर्दैनन्', ती अधिकारीले भने।

शाही सरकारले काखी च्यापेर कामु दिएका केही अधिकारीलाई पदोन्नतिबाट वञ्चित गरिएको छ भने तत्कालीन सत्तासँग नजिक भएको आशंकामा केही बहालवाला सचिवलाई नसिहत स्वरूप कम महत्त्वको मन्त्रालयमा सरुवा गरिएको छ। शाही शासनकालमा कामु पाएकामध्ये सुशीलजंगबहादुर राणाले फेरि मौका पाएका छन्। अर्थ, भूमिसुधार र मन्त्रिपरिषद्मा गरी तीन सचिवको नयाँ पद सृजना गरी पदपूर्ति गरिएको छ।

पदीय मर्यादा नाघेर शाही सत्ताका पृष्ठपोषणमा उत्रेका लोकमानसिंह कार्कीलाई थन्क्याउन योजना आयोगमा विशेष पद सृजना गरिएको छ। निलम्बनको अवधि सकिएपछि उनको सरुवा आयोगमा गरिनेछ।

खोट लाउने ठाउँ नहुँदा नहुँदै पनि सरुवामा परेकामा युवराज पाण्डे र नवनियुक्तमध्ये ताना गौतमलाई सरकारले पेलेको देखिएको छ। गैरकम्युनिष्ट सरकारले एमाले भएको आरोपमा अवसरबाट वञ्चित गराइएका पाण्डेलाई स्थानीय विकासबाट कम महत्त्वको मानिने सामान्य प्रशासनमा सरुवा गरिएको छ।

'काठमाडौंमा घरबारविहीन' एक मात्र सचिव भनेर चिनिने पाण्डेलाई पन्छाएर एमालेले लोकमानसँगै सुनकाण्डमा मुछिएका भगवतीकुमार काफ्लेलाई स्थानीय विकास सचिव बनाएको छ। सचिव हुँदा सामान्य डेरामा गुजारा गरेरै भए पनि आफ्नो इमानदारीमा कुनै दाग लाग्न नदिन सफल पाण्डेलाई स्थानीयका रैथाने गिरोहको उक्साहटमा परेर मन्त्री राजेन्द्रप्रसाद पाण्डेले फालेका हुन्।

विशिष्ट श्रेणीमा नवनियुक्त गौतमलाई सुदूरपश्चिमको प्रशासक बनाइएको छ । उनीभन्दा तीनजना जुनियर सहसचिवले सिंहदरवार परिसरकै मन्त्रालय पाएका छन् भने क्षमताका हिसाबले कमजोरहरूलाई पनि सचिवकै बागडोर दिइएको छ । त्यति मात्र हैन विगतमा प्रशासकमध्ये पनि कनिष्ठलाई पदस्थापन गर्ने गरिएको सुदूरपश्चिममा उनी फालिएका छन् ।

पदस्थापनप्रति असन्तुष्टि जनाउँदै गौतम र पुराना सचिव नारायणप्रसाद सिलवालले तीन दिनसम्म नियुक्तिपत्र लिएनन् । शाही शासनकालमा केही महिना अतिरिक्त समूहमा राखिएका सिलवाल आवास तथा भौतिक योजना जस्तो ठूलो मन्त्रालयमा पर्दा पनि के कारणले असन्तुष्ट बनेका हुन्, खुल्न सकेको छैन ।

राजाकै शासनकालमा कुर्सी टेबुल सहितको अतिरिक्त समूहको संज्ञा पाएको शान्ति सचिवालयमा फालिएका विद्याधर मल्लिक अर्थ सचिवमा सरुवा भएका छन् । शाही सरकारले सचिवालयबाट आवास तथा भौतिक योजनामा पुऱ्याएका जनकराज जोशी फेरि यथास्थानमा फर्केका छन् ।

मन्त्रिपरिषद्को बैठकले पन्ध्रजनालाई मात्र काम गरेकोमा पत्र वितरण हुनुपूर्व नै शक्तिशाली केन्द्रहरूलाई भिडाएर छविराज पन्त भने सचिव हुन सफल भएका छन् । सिनियर सहसचिवमध्ये पर्ने पन्त सुदूरपश्चिमका भएकाले प्रभावशाली नेताहरूको सहायतामा  सचिवमा आउन सफल भएका हुन् । वनमन्त्रीको 'पाँडे पजनी'मा परेर ५० दिनसम्म कार्यालयविहीन बनेका डा. स्वयम्भूमान अमात्यलाई मन्त्रिपरिषद् सचिवमा सरुवा गरिएको छ । ■

# कटवाल अगाडि

**विगतको परम्परालाई** कायम राख्दै अवकाश हुने मितिभन्दा महिना दिनअघि साउन २५ गतेदेखि प्रधानसेनापति प्यारजंग थापा घरबिदा बसेपछि सेनाको सर्वोच्च पदको स्पर्धामा स्वभाविक रुपले बलाधिकृत रथी रुक्मांगत कटवाल अगाडि देखिएका छन् ।

जनआन्दोलनका बेला परिचालित युनिफाइड कमान्डको नेतृत्व गरिरहेको सेनाको अपरेसन विभाग प्रमुख भएकाले विवादको घेरामा तानिएपनि संगठनको 'चेन अफ कमान्ड'लाई भत्किन नदिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला कटवाललाई नै प्रधानसेनापति बनाउने योजनामा रहेको दाबी बालुवाटार स्रोतको छ ।

साउन २५ गतेदेखि निमित्त प्रधानसेनापतिको कार्यभार सम्हाल्नुलाई कटवालको निरन्तरताको प्रस्थान विन्दु मानिएको छ । साउन २३ गते भेटघाटमा आएका थापालाई कोइरालाले सेनाको परम्परा बिग्रन दिन नहुने बताएर कटवाल भावी सेनाप्रमुख हुने संकेत दिएका थिए ।

बरु संशोधनको तयारीमा रहेको सैनिक ऐनमा सेनाका पदाधिकारीहरूको उमेरको हद घटाउने सुझाव प्राप्त भइरहेकाले जोसुकै सेनापति भए पनि पूरै अवधि भने बहाल नरहने सम्भावना बलियो हुँदै गएको छ ।

उता शाही सरकारका पालामा भएको सैनिक ऐन संशोधनले पदावधिमा थपघट गरेका कारण आफूले सेवाबाट अवकाश पाएको भन्दै अदालत पुगेका उपरथी प्रदीपप्रताप बम मल्लको रिट निवेदन पनि अहिले सैनिक मुख्यालयमा चर्चाको विषय बनेको छ । शाही  शासन कालका सबै निर्णय बदर हुने घोषणा भइसकेको अवस्थामा आफू पदमा बहाल रहन पाउनुपर्ने उनको दाबी बलियो मानिएको छ ।



सेना मात्र हैन प्रहरीमा पनि विभिन्न जोडघटाउ चलिरहेको छ । जनआन्दोलनमा सत्ता, पद र पैसा दुरुपयोग गरेको आशंकामा अनुसन्धान चलिरहेका सशस्त्रका उच्च अधिकारीहरूको निलम्बन अवधि लम्ब्याउन गृह मन्त्रालयले तयारी गरिरहेको छ । सशस्त्रका प्रहरी अधिकृतहरूलाई तीन महिनाभन्दा बढी अवधि निलम्बन गर्न नपाइने व्यवस्था भएकोमा म्याद सकिन लागेकाले संशोधन गरी ६ महिना पुऱ्याउन लागिएको छ । प्रहरीतर्फ ६ महिनासम्म निलम्बन गर्न पाइने व्यवस्था भएकाले सरकारको ध्यान सशस्त्रपट्टि बढी गएको छ । ■



# पिँधको पीडा

**आन्दोलनपछिको फाटो, अविश्वास र जनआन्दोलनपछि क्रमशः पीँधबाट छुट्टिँदै गएको राजनितिक परिदृश्य पीडादायी छ । दलदलमा फस्दै गएको निरीह मान्छे जस्तै दल, सरकार र माओवादी एकले अर्कालाई टेक्दै आफू उम्किन खोज्दै छन् ।**

■ प्रबोध देवकोटा

**कम्बोडियाको गाउँले** बस्तीमा त्यो टन्टलापुर घाममा संजोगले एकजना वृद्ध भेट भए । पंक्तिकार भियतनाम युद्धका कथा, पोलपोटको कथा अनि द्वन्द्वको पीडाको कथा सुन्न चाहन्थ्यो । बूढा बाले कुरा अन्तै मोडे र विस्तारै भने, 'हामी अब ती दिनका कुरा बिर्सन चाहन्छौं । हाम्रा अगाडि नयाँ दिन छन् र हामीलाई पछि फर्केर हेर्ने मन पनि छैन ।' वृद्ध चिम्सा आँखाबाट तप्प तप्प आँसु चुहिरहेको देखेँ मैले । म आत्मग्लानि भयो र कुरा अन्तै मोड्न खोजें । तर, उनले विस्तारै भन्दै गए, 'गाउँका प्रायजसो परिवारले आफ्ना सदस्य गुमाएका छन् र एउटा नमिठो घाउ साँचेर बाँच्दै छन् उनीहरू ।'

द्वन्द्वले हामीलाई पनि पिरोलेको छ । थुप्रै बस्ती, सपना र कयौं जिन्दगी उजाड भएका छन् । एउटा परिवर्तनको लागि द्वन्द्व भयो, एउटा कालखण्डको अन्त्य भयो, देशले राज्य पुनर्संरचनाको एउटा नयाँ प्रसंग पायो र ऐतिहासिक पाटोको संघारमा हामी उभिएका छौं भन्ने चित्त बुझाइ हुन सक्छ र त्यो मन बुझाउने बाटो हुन सक्छ, आममान्छेको । तर, द्वन्द्वले घाउ पक्कै पारेकै हो ।

देश यति बेला, अर्थमन्त्रीको नाटक भाषणपछि घरी राष्ट्रसंघलाई पठाएको चिठी, घरी प्रतिनिधिसभाभित्रका, घरी हतियार व्यवस्थापनका नाटकमा व्यस्त छ । अन्तरिम संविधान मस्यौदा समितिको आफ्नै व्यस्तता छ । अहिलेको प्रसंगमा हतियार व्यवस्थापन अवश्य नै एउटा जटिल प्रक्रिया हो र यसका लागि दल, सरकार र माओवादीले आफ्नो भूमिका खेल्नु स्वभाविक प्रक्रिया पनि हो । तैपनि, त्यस्ता थुप्रै आवश्यक र संवेदनशील सवाल छन्, जहाँ आमनागरिकले आस मानेर बस्छन् कि तिनीहरूका दैनिक जिन्दगीबारे पनि दल, सरकार र माओवादी उत्तिकै संवेदनशील छन् भन्ने कुरा । यही प्रसंगमा विस्थापित मान्छेहरू र तिनका बारे नाटकै भए पनि न सात दल, न सरकार, न त माओवादी, कसैले पनि चासो देखाएनन् । कसैले माने पनि नमाने पनि अबका दिनहरूमा पुनःस्थापना र पुनर्मिलन (रिकनसिलेसन) देशका गम्भीर दीर्घकालीन समस्याका रुपमा बल्भिनेछन् । यही देखाउँछन्, दक्षिण अफ्रिका, कम्बोडिया आदिका अनुभवले । युद्ध बितेको वर्षौं भए पनि घाउहरू आलै हुन्छन् र प्रत्येक आँसुका थोपा थोपाको मोल हुन्छ । राज्यको आँखामा सत्ता र राजनीतिक जिन्दगी महत्त्वपूर्ण हुन सक्छ । तर, सामान्य मान्छेको अर्थमा एक मुठी जिन्दगी प्यारो हुन्छ र त्यो घेराबाट हेर्छ उसले सात दल, सरकार, माओवादी, संविधानसभा, गणतन्त्र र सेनाको सवाललाई ।

यस्ता थुप्रै आममान्छेको अर्थमा महत्त्व राख्ने तर ओझेलमा परेका सवालहरू पनि वर्तमान राजनीतिक दृश्यबाट हराउँदै जान थालेका हुन् कि भन्ने देखिन्छ । भनिन् सक्छ, पहिले जटिल सवालमा केन्द्रित हुनुपर्छ सेनाको सवाल, संविधानसभाको टुंगो लागेपछि देश र जनताको मुकुन्डो फेरिन्छ, कायापलट हुन्छ भनेर । अखिर के हो यो मापदण्ड जसले निर्क्योल गर्छ - यो सवाल महत्त्वपूर्ण छ र यो छैन भन्ने । यदि कसैले अहिले आएर त्यो जिद्दी गर्छ भने र राज्य सञ्चालन गर्ने भावना होइन, ठोस र गम्भीर कुरा चाहिन्छ भन्छ भने त्यो सत्तामोह, वर्गीय चरित्र र पुनर्संरचनाको खोक्रो ढोङ हो । अनि त्यो राज्यको र राज्यव्यवस्थाको पुरातनवादी सोच हो, जहाँ राज्य र शक्तिलाई एकोहोरो ठाडो शक्ति र जनताको शक्तिलाई शक्तिहीन ठान्ने गरिन्छ । यसर्थमा यदि यस्तै नाटक मात्र हो भने, संघीय अथवा अन्य कुनै प्रणालीले पनि केही लछारपाटो लाउनेछैन, आममान्छेको जिन्दगीमा र यस्तै भएको थियो भारतको स्वतन्त्रता संग्रामपछि पनि । जिम्मेवारी बहन गर्नु त्यति सजिलो छैन, होइन भने, परिवर्तनको लागि उठेका लाखौं हातहरू, मृत्युसँग जुधेका जिन्दगीहरूलाई जवाफ दिन सक्नु पर्छ ।

पुँजीवादी राज्यव्यवस्थाको एउटा स्वरुप वर्गीय चिन्तन हो, जहाँ तागतवाला वर्गहरू, आ-आफ्ना वर्गीय सोचमा मग्न हुन्छन् र ती चरित्रहरूलाई विभिन्न स्वरुपमा नदेखिने पाराले ढाल्न खोज्छन् । जसलाई फुको 'डिसिप्लिनरी पावर' भन्छन् र वर्तमान सन्दर्भमा सबैतिरबाट यस्तै चरित्र देखिन थालेका छन् र एउटा गम्भीर प्रश्न के हो भने भोलि देशमा पूर्ण गणतन्त्र आए पनि आमनागरिकको हैसियतमा यसले के अर्थ राख्छ भन्ने सवाल महत्त्वपूर्ण हो : त्यति सजिलो छैन रूपान्तरणको प्रश्न । व्यवहार, व्यवस्था र मानसिकताको पुनर्संरचना एउटा जटिल प्रक्रिया हो । आशा गरौं, सेनाको प्रश्न पनि सुल्भियो संविधानसभा भयो, गणतन्त्र आयो भने पनि के साँच्चै समाजका तल्लो तप्कामा रहेका बहुसंख्यक नागरिकहरूले राहत पाउलान् त ?

पुँजीवादी व्यवस्थाको एउटा विशेषता छ, यो विश्व बैंकजस्तै छ । यसले जे जति नयाँ र राम्रा कुरा पायो, त्यसलाई आफ्नो शैलीमा ढाल्दै जान्छ र सायद यसकै कारण यो टिक्न सकेको छ, आजसम्म । यस दृष्टिले माओवादी र तिनका विचार यस प्रसंगमा कति खरो उत्रिन्छन्, त्यो हेर्न बाँकी नै छ र आममानिस पर्खेर बसेका छन् किनकि राजनीतिक मोडमा उनीहरूको प्रवेश र विचार नयाँ छ । तर, विगतका दिनमा कांग्रेस र एमालेको जस्तै सस्ता लोकप्रियताका लागि राजनीतिक घोषणा गर्ने खतरा पनि उत्तिकै छ । यस सन्दर्भमा माओवादीको संघात्मक ढाँचा राम्रो हुँदाहुँदै पनि दूरगामी विचार गरिएन भने यो पनि सस्तो लोकप्रियता नबन्ला भन्न सकिन्न । पछिल्लो समयमा माओवादीले आफूलाई राजनीतिक शक्तिको रुपमा ढाल्दै लगेको सन्दर्भमा जनस्तरका कार्यकर्तालाई मात्र दोष दिएर मात्र उम्किन मिल्दैन र अब माओवादीले आमनागरिकको अर्थमा राजनीतिक उत्तरदायित्व पूरा गर्न सक्छन कि सक्दैनन्, त्यसले उनीहरूको भविष्य निर्धारण गर्नेछ ।

दलहरूको पुरानो स्वरुप र वर्गीय सोचको पराकाष्ठा त प्रतिनिधिसभा भंग गर्ने कि नगर्ने भन्ने सन्दर्भमा देखिसकिएको छ । यिनका अचेत मनका वर्गीय डर विभिन्न स्वरुपमा छचल्किएका छन् र उदांगिएका छन् । पुनर्संरचना त्यति सजिलो कहाँ छ र ? आउँदा दिनमा यी सबैले आफूलाई कसरी प्रस्तुत गर्न सक्छन् त्यो हेर्न बाँकी छ । तर, एउटा ओझेलमा परेको प्रश्न के हो भने, जनताको बलिदान, नागरिक समाजको पहरेदारी यी सत्तालोलुप ठालुहरूलाई सजिलो पार्न अवश्य पनि हैन, सबैले बुझ्नु जरुरी छ । राजाले गर्नु नगर्नु गरे, जनताले देखाइदिए, सात दलले पनि झापड खाएकै हुन्, माओवादीले पनि जनता चाहिन्छ है भन्ने राम्रै पाठ सिके, कतै फेरि त्यस्तो दिन नआओस्, जहाँ फेरि जनताले झापड दिनु परोस् ।

आन्दोलनपछिको फाटो, अविश्वास र जनआन्दोलनपछि क्रमशः पीँधबाट छुट्टिँदै गएको राजनितिक परिदृश्य पीडादायी छ । दलदलमा फस्दै गएको निरीह मान्छे जस्तै दल, सरकार र माओवादी एकले अर्कालाई टेक्दै आफू उम्किन खोज्दै छन् । यस्तो लाग्छ, मानौं, पुँजीवादी जालो, वर्गीय मोहभित्र नचाहँदा नचाहँदै पनि यी निरीह प्राणीहरू फस्दै छन् । आन्दोलनपछिका ढिलाइ र अविश्वासका घटनाले कस्तो लाग्छ भने यिनीहरूको सेना व्यवस्थापनको व्याख्या होस् वा गणतन्त्रको, सबै आफूलाई दलदलबाट बचाउने रणनीतिबाहेक अर्को सोच देखिँदैन ।

द्वन्द्वले विस्थापित सबै पक्षका जिन्दगी आस मानेर पर्खेका छन् । पुनःस्थापना अनि मेलमिलापको सवाल त्यति सजिलो छैन, यसले एउटा गहिरो र नमिठो पीडा छाडेको छ । देशका राजनीतिक शक्ति र सरकारले पीँधमा बस्ने मान्छेबारे गम्भीरतापूर्वक सोच्ने बेला आएको छ । द्वन्द्वपीडित, विस्थापित र पुनःस्थापनाको सवाल । यी आमजनताका चासोका मुद्दाले राजनीतिक महत्त्व नपाउनु यो देशको अर्को ठूलो दुर्भाग्य हो । ■

# खाँचो कडा नीतिको

**तराईमा भारतीय आप्रवासीहरूको विस्फोटक आकारको प्रवेशले उनीहरूलाई नागरिकता दिने विषयमा हामीलाई सोच्न कर लगाउँछ । किनभने साना मुलुकले ठूलो मुलुकका नागरिकलाई नागरिकता दिंँदा र 'राष्ट्रिय व्यहार गर्ने' नीति लिंँदा साना मुलुकको राष्ट्रियतामै समस्या परेको कयौं उदाहरण छन् ।**



■ साध्यबहादुर भण्डारी

**नेपालमा नागरिकताको** समस्या पहिलेदेखि उठ्दै आए पनि ऐतिहासिक जनआन्दोलन-२ को विजयपश्चात् यो समस्या झन् चर्को रुपमा उठ्न थालेको छ । मुलुक संविधानसभाको निर्वाचनतर्फ अघि बढिरहेका बेला त्यसमा मतदान गर्न नागरिकता आवश्यक हुने हुँदा नागरिकताको विषय उठ्नु अस्वभाविक होइन । नागरिकताको विषय उठ्नासाथ तराई आइहाल्छ । तराईमा नागरिकताको समस्या रहेको अहिले मुलुकका सबै शक्तिले स्विकारेका छन् । यद्यपि, समस्याको प्रकृति र समाधानका बाटाबारे भने सबैका भिन्न धारणा छन् ।

तराईको नागरिकता समस्या के हो र यसलाई कसरी समाधान गर्न सकिन्छ, ? तराईमा नागरिकता समस्याले जग हालेको वि.सं. १९६८ देखि हो । जमिनदारी प्रथाको जगजगी रहेको त्यस बेला राज्यले तराईमा जमिनको नापीका लागि टोली खटाएको थियो । मुसहर, कहार, विन, गन्गाई, नुनिया, वातर, रजवातर, तत्मा, हलखोर, डोम, चमार, दुसाद, भर, माहुत, किसान, थारू जाति अहिले त सुकुमवासी छन् भने त्यस बेला उनीहरूको जमिन नहुनु अस्वभाविक होइन । बसोबास अर्थात् गाउँ रहेको इलाका (डिहीबास) छुट्याएर नापी गरिने प्रचलनले त्यस बेला ती जमिन नभएको जातिको नाममा लालपुर्जा बनेन । लालपुर्जा बने नागरिकता बन्ने र नागरिक बने अनेक अधिकार माग्ने बुझेर जमिनदारले पनि तिनीहरूको नाममा लालपुर्जा बनोस् भन्ने चाहना राखेनन् । कयौं ठाउँमा त जमिनदारहरूले कर्मचारीलाई आर्थिक प्रलोभनमा पारेरै निमुखा गरिबहरूको लालपुर्जा बन्न नदिएका उदाहरण छन् । ती आर्थिक विपन्नहरूलाई पनि लालपुर्जाको आवश्यकता थिएन, न त नागरिकताको महत्त्व नै महसुस थियो । उनीहरूको नागरिकता नबन्नुको प्रमुख कारण चेतनाको कमी नै हो ।

तराईको नागरिकता समस्याको कुरा गर्दा ती रैथाने आदिवासीको पहिचान नै मूल समस्या हो । किनभने, उनीहरू २०४७ को संविधान र २०२० को कानुनअनुसार वंशज नागरिकता पाउने अधिकारवाला हुन् । उनीहरूलाई नागरिकता दिनु राष्ट्रको पनि कर्तव्य भएकाले त्यसको व्यवस्था मिलाउनु अहिलेको पहिलो आवश्यकता हो । तराईका आदिवासी रैथानेहरूलाई सात राजनीतिक दल, अन्य राजनीतिक दल, माओवादी, स्थानीय भद्रभलाद्मी र विषय विज्ञहरूको आयोगले गरेको मुचुल्का र सिफारिसको आधारमा नागरिकता दिनु पर्छ । यसो गरे तराईको नागरिकताको मूल समस्या समाधान हुन्छ ।

तराईको नागरिकताको अर्को समस्या भनेको आप्रवासीहरूको हो । भारतसँगको खुला सिमाना, भारतमा रहेको जनसंख्याको विस्फोटक अवस्था, तल्लो तहको रोजगारीका लागि नेपालमा तुलनात्मक सहज अवस्था, सीमामा रहेका जनताको भारतीयसँगको साइनो-सम्बन्ध र नेपालको पलायन श्रम शक्तिले सिर्जना गरेको श्रम बजारमा रिक्तता जस्ता कारणले विभिन्न समयमा भारतीयहरूको नेपालमा प्रवेश ठूलो संख्यामा भएको छ । त्यसमाथि सन् १९५० को नेपाल-भारत सन्धि र सन् १९९० को नेपाल सरकारको विज्ञप्तिले भारतीय आप्रवासीलाई 'राष्ट्रिय व्यवहार गर्ने' कबोल गरेको छ । ती कारण भारतका सुखा, बाढी, चक्रवात, भूकम्प, गरिबी र जातीय हिंसाबाट पीडितहरू नेपाल प्रवेश गर्न अप्ठ्यारो मान्दैनन् । विभिन्न समयमा अहिलेसम्म नेपाल प्रवेश गर्ने भारतीयको संख्या दसौं लाख पुगेको विभिन्न तथ्यांकले देखाएका छन् । 'नेपाल एसिया अध्ययन केन्द्रको अध्ययनअनुसार सन् १९९१-२००० मा २० लाख भारतीय आप्रवासी नेपाल प्रवेश गरेका छन् । परिवार नियोजन संघका अनुसार पनि वि.सं. २०५७ मा नेपालको जन्मदरभन्दा ५ गुणा बढी तराईको जनसंख्या बढेको छ । सन् १९८१-९१ मा नेपालमा भएका आप्रवासीमा ७५.७ प्रतिशत भारतीय थिए, जब कि भुटानी पनि यही बेला नेपाल प्रवेश गरेका हुन् । तथ्यहरूले सन् १९६१-८१ मा ५३ प्रतिशत भारतीय आप्रवासी बढेको देखाउँछन् । २०४० सालमा गरिएको अध्ययनअनुसार तराईका आप्रवासीमध्ये ९४.३ प्रतिशत भारतीय थिए, ८६.९ प्रतिशत ५ वर्षभन्दा धेरै नेपालमा बसोबास गरेका थिए, ८४.९ प्रतिशतले नेपालमा घरै बनाएका थिए । त्यस समयको २५ वर्षमा तराईमा १७७.८ प्रतिशतले भारतीय आप्रवासीको संख्या वृद्धि भएको थियो ।

तराईमा भारतीय आप्रवासीहरूको विस्फोटक आकारको प्रवेशले उनीहरूलाई नागरिकता दिने विषयमा हामीलाई सोच्न कर लगाउँछ । किनभने साना मुलुकले ठूलो मुलुकका नागरिकलाई नागरिकता दिंँदा र 'राष्ट्रिय व्यहार गर्ने' नीति लिंँदा साना मुलुकको राष्ट्रियतामै समस्या परेको कयौं उदाहरण छन् । सन् १९९७ मा फिजीमा भारतीय आप्रवासीलाई नागरिकता दिने नीति बनाउँदा त्यहाँको संसद्मा भारतीयको बहुमत बनेको हामीले देखिसकेका छौं । यी सबै कुरा विचार गरी अंगीकृत नागरिकता वितरण गर्ने नीति बनाउनु पर्छ । अन्य मुलुकले पनि मुलुकको भौगोलिक स्थिति, सामाजिक संरचना, जनसंख्याको चाप र छिमेकी मुलुकसँगको सम्बन्ध (बन्द वा खुला सीमा) जस्ता कुरा विचार गरेर नागरिकता नीति निर्माण गरेका छन् । बेलायतमा जन्मको आधारमा नागरिकता दिइने भएकाले विदेशी प्रवेश नियन्त्रण गर्न गर्भवती महिलालाई सिमाना वा विमानस्थलमै जाँच गरेर फर्काइन्छ । भारतको सर्वोच्च अदालतले ३५ वर्ष भारतमै बसोबास गरेका नर्वेका नागरिकलाई नागरिकता प्राप्त गर्ने उद्देश्यले बसोबास नगरेको भनी नागरिकता नदिने फैसला गर्‍यो । भारतकै सर्वोच्च अदालतले बंगलादेशीहरूलाई मतदाता सूची र रासनकार्ड भए पनि नागरिकता दिन नमिल्ने भन्यो । भारतले आप्रवासीलाई नागरिकता दिने सम्बन्धमा सन् १९६१ लाई आधार वर्ष मानेर त्यसपछिका प्रवेशीलाई नागरिकता नदिने नीति लिएको छ ।

नेपालले पनि अंगीकृत नागरिकता दिंँदा त्यस्तै आधार वर्ष तय गर्नुपर्छ र त्यसपछि आएकाहरूलाई कुनै हालतमा नागरिकता नदिने नीति लिनु पर्छ । तर, त्यस्तो आधार वर्ष २०३६ को जनमत संग्रह कुनै हालतमा मान्न सकिंँदैन । किनभने त्यसबेला धेरै भारतीयहरूको नाम मतदाता सूचीमा परेको थियो । 'जनमत संग्रह नियमावली २०३६'ले समेत त्यो नामावलीलाई अन्य कुनै प्रयोजनमा ल्याउन नमिल्ने भनेकाले त्यसलाई आधार वर्ष मान्न सकिंँदैन । सर्वदलीय र सर्वपक्षीय सहमतिका आधारमा त्यसअघिको कुनै वर्षलाई आधार वर्ष मान्नुपर्छ ।

नागरिकता समस्या समाधानमा लाग्दा नागरिकतामा परेको चापलाई कसरी घटाउने भन्ने कोणबाट पनि हामीले हेर्नु आवश्यक छ । नेपालमा अहिले स-साना विषयमा पनि नागरिकता आवश्यक मानिन्छ । जस्तै, बिजुली, पानी, टेलिफोन, मोबाइल, लाइसेन्स, स्कुल र क्याम्पस भर्ना, व्यापार र गैरसरकारी सेवा, बैंकिङ कारोवार, कर जस्ता विषय नागरिकतासँग जोडिएकाले पनि नागरिकतामा यस्तो चाप परेको हो । नागरिकता परेको चाप कम गर्न र वर्षौंदेखि बसोबास गरिरहेका आप्रवासीलाई उनीहरूले गर्दैआएको काम गर्न दिन कुनै प्रकारको अस्थायी परिचयपत्र व्यवस्था गर्नुपर्छ । त्यस प्रयोजनका लागि भारतले रासनकार्डको व्यवस्था गरेको छ भने अमेरिकाले ग्रिनकार्ड । नागरिकता जस्तो विषय कतै सहज वितरणको विषय हुँदैन र यहा पनि बनाइनु हुन्न । संसारकै धेरै जनसंख्या भएका दुई ठूला मुलुकबीच रहेको नेपाल जस्तो सानो मुलुकले नागरिकता वितरण नीति कडा बनाउनै पर्छ । ■

*(लेखक जनमोर्चा नेपालद्वारा निर्मित 'राष्ट्रियतासम्बन्धी कार्यदल'का संयोजक हुन् ।)*

# आफ्नै अडानमा

■ सुवास देवकोटा, काठमाडौं

तस्वीरहरू : तेजबहादुर बस्नेत



**सत्ता र सरकारी पद** प्राप्तिप्रति उनमा कहिल्यै मोह देखिएन । तर, उनलाई क्रान्तिकारी कम्युनिष्ट नेताको दर्जा दिन धेरै मानिस तयार छैनन् । सत्तामै रहेका बीच मारामार देखिन थालेका बेला सत्तारुढ सात दल गठबन्धन सरकारको रचनात्मक आलोचना मात्र गर्न उनी प्रतिबद्ध छन् । तर, सहकर्मी दलका नेताहरू उनैलाई घाँडो मान्छन् । पञ्चायत, राजाको प्रत्यक्ष शासन र राजासँग उनले कहिल्यै सम्झौता गरेको देखिएको छैन । तर, उनलाई राजा ज्ञानेन्द्रको निकट मान्नेहरू कम छैनन् । हो, नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छे 'रोहित' सधैं धेरैका लागि बुझ्न नसकिने नेताको परिचय बोकेर हिँडिरहेका छन् ।

नेपाली कम्युनिष्ट आन्दोलनको दोस्रो पुस्ताका प्रभावशाली नेता रोहित धेरैपटक अरूभन्दा भिन्न र विवादास्पद अभिव्यक्तिका कारण चर्चामा आइरहन्छन् र आक्रमणको तारो बनिरहन्छन् ।

निरन्तर आलोचनाले रोहित आत्तिएका छन् ? अहँ, पटक्कै आत्तिएका छैनन् । आलोचनाको तत्काल प्रतिकार नगर्ने स्वभावका उनी आलोचकहरूलाई अबुझ भन्न मन पराउँछन् । राजनीतिक शास्त्र र राजनीतिबारे ज्ञान नभएका तथा भविष्य विश्लेषण गर्न नसक्नेहरू राजनीतिमा धेरै भएकाले आफ्नो विरोध भएको दाबी छ उनको । रोहित भन्छन्, 'प्रतिनिधिसभा घोषणाको मैले आलोचना गरेँ, किनभने त्यसमा कुनै दर्शन थिएन । राजालाई कस्तो स्थान दिइएको हो भन्ने स्पष्ट नभएकाले पनि मैले त्यो घोषणालाई पूरै समर्थन गर्न सकिनँ । तर, धेरैले रोहितले राजा चाहिन्छ भन्यो भनेर भने ।'

के हो त राजाबारे उनको दृष्टिकोण ? उनकै शब्दमा जनआन्दोलनपश्चात् नेपालमा राजा र राजतन्त्रको भविष्य समाप्त भइसकेको छ । जनतासँग भिडन्तमा आएकाले अब राजतन्त्रलाई कुनै रुपमा पनि राख्नु हुन्न । तर, त्यसअघि ? 'साम्राज्यवादविरुद्ध राजासँग संयुक्त मोर्चा हुनसक्नेमा कम्युनिष्ट आन्दोलनले अस्वीकार नगरेका कारण नेपालका राजा पनि कम्बोडियाका राजा सिंहानुक जस्तै साम्राज्यवादविरोधी संघर्षमा सहायक होलान् कि भन्ने लागेको थियो', रोहित भन्छन्, 'मैले त राजा ज्ञानेन्द्रसँगै भनेको थिएँ, साम्राज्यवादविरुद्ध जनतासँग हातेमालो गर्ने हो भने हामी कम्युनिष्टहरूलाई राजा मान्न कुनै आपत्ति छैन । तर, उनी त अमेरिकाको पोल्टामै पुगे ।'

रोहितलाई राजनीतिक प्रतिस्पर्धी मात्र होइन, सहकर्मीहरूलाई पनि अत्यन्तै शंकालु मान्छन् । तर, उनी राष्ट्रिय राजनीतिक शक्तिहरूभन्दा विदेशी शक्तिप्रति धेरै शंकालु रहेको उनका अभिव्यक्तिहरूले स्पष्ट पार्छन् । सुस्तामा भएको भारतीय अतिक्रमणको विरोध गरेर राजनीतिक यात्रा अघि बढाएका रोहित 'विस्तारवादी र साम्राज्यवादी' शब्दहरू बारम्बार उल्लेख गर्न रुचाउँछन् । रोहितलाई माओवादी प्रयोग गरेर वा माओवादी विरोधमा अहिले पनि भारतीय सेनाले नेपालमा मार्च गर्न सक्ने खतराले पिरोलिरहेको छ । 'मैले त माओवादी नेताहरूलाई पनि भनेँ, भारतले तपाईंहरूलाई नै प्रयोग गर्न पनि सक्छ है ।' संयुक्त राष्ट्रसंघको आवरणमा अमेरिकी हस्तक्षेप हुनसक्नेमा पनि उनी उत्तिकै सशंकित छन् । विदेशी शक्तिहरूप्रतिको शंकाकै कारण रोहित विदेशी शक्तिलाई भेउ नदिन र मुलुकमा आक्रमण गर्न सजिलो नपार्न माओवादीले हतियार त्याग्न नहुने मात्र होइन, हतियारबारे जानकारीसमेत दिन नहुनेमा दृढ छन् । 'इराकमा आणविक हतियार

**नेपाली कम्युनिष्ट आन्दोलनको दोस्रो पुस्ताका प्रभावशाली नेता रोहित धेरैपटक अरूभन्दा भिन्न र विवादास्पद अभिव्यक्तिका कारण चर्चामा आइरहन्छन् र आक्रमणको तारो बनिरहन्छन् ।**

भए नभएको हेर्ने नाममा विदेशी पसे र नभएको टुंगोमा पुगेपछि आक्रमण गरे । त्यसैले संयुक्त राष्ट्र संघलाई माओवादीले मात्र होइन, नेपाली सेनाले पनि हतियारको तथ्यांक दिनुहुँदैन ।'




माओवादी सेना र हतियारलाई समस्या बनाइएको उनलाई मन नपर्नुका अरू पनि कारण छन् । चिनियाँ नेता माओले जस्तै उनी पनि सेना नभएको जनता र पार्टीसँग आफ्नो भन्नु केही हुँदैन भन्ने भनाइमा विश्वास गर्छन् । त्यसो भए किन बनाएन त उनको पार्टीले सेना ? 'जनतालाई सचेत नबनाई सेना मात्र बनाएर नहुने कारण हामीले सेना बनाएनौं, माओवादी सेनामा देखिएको विकृतिले पनि त यो प्रमाणित हुन्छ नि', रोहितको तर्क छ । तर, जनआन्दोलन सफल बनाउन माओवादी सेनाको महत्त्वपूर्ण भूमिका रहेको उनको दृढ विश्वास छ र त्यही विश्वास माओवादी सेनाबारे उनको धारणा निर्माणको कारण रहेको उनका भनाइबाट बुझ्न सकिन्छ । 'जनआन्दोलनका बेला सहयोग गर्न माओवादी सेनालाई बोलाउने, अहिले तिनैलाई समस्या भन्ने ?', रोहित भन्छन्, 'नाम फेरिएको नेपाली सेना अहिले पनि सात दलको सरकारको सेना बनिसकेको छैन । माओवादी सेनालाई हतियारबाट अलग्याउने हो भने राजाको यो सेनाले 'कु' गरेमा कसरी असफल पार्ने ?'

सरकार-माओवादी वार्ता असफल हुँदा माओवादीले गर्ने भन्ने गरेको शान्तिपूर्ण आन्दोलनप्रति आफ्नो समर्थन रहनेमा रोहित अहिले नै निर्धक्क बताउँछन् । तर, त्यस बेला उनी सात दल गठबन्धनमा रहिरहनेछन् ? 'किन छाड्ने' रोहित भन्छन्, 'हामी यो गठबन्धन छाड्दैनौं, किनभने हामीले यो गठबन्धन छाडेमा दक्षिणपन्थी गठबन्धन निर्माण हुनेछ र हामी त्यस्तो चाहँदैनौं ।' गठबन्धन नछाड्ने उल्लेख गरे पनि रोहित वर्तमान सरकारप्रति सन्तुष्ट छैनन् । वर्तमान सरकारले स्थानीय निकायको पुनःस्थापना नगरेकाले उनी सरकारप्रति असन्तुष्ट भएका हुन् । 'जनआन्दोलनका बेला विघटित प्रतिनिधिसभा सदस्य र राष्ट्रियसभा सदस्यहरूको बैठकले स्थानीय निकाय पुनःस्थापना गर्ने निर्णय गरेको थियो, त्यो लागू गर्नु पर्दैन ?', रोहित भन्छन्, 'तत्कालीन उपप्रधानमन्त्री वामदेव गौतमले धाँधली गरेर एमालेलाई जिताएकाले पुनःस्थापना गर्न मिल्दैन भनिएको छ । त्यसो हो भने त प्रतिनिधिसभाका सदस्यहरू पनि कयौंले धाँधली गरेर जितेको मैरै अध्यक्षताको तत्कालीन समितिले रिपोर्ट नै दिएको थियो ।' आफ्ना पार्टीका कार्यकर्ता भर्ना गर्ने सरकार र मन्त्रीको कार्यशैली पनि रोहितलाई चित्त बुझेको छैन ।

नया संस्कार बसाउन सरकारमा किन नगएको त, जिम्मेवारी लिन नचाहेर ? रोहित जिम्मेवारी लिन नचाहेकाले सरकारमा नगएको आरोप स्वीकार गर्दैनन् । 'सरकारमा जान मरिहत्ते गर्नेहरूको बाहुल्य रहेको वर्तमान अवस्थामा सरकारमा नजान राजनीति गर्नेहरू पनि छन् भन्ने बुझाउन पनि हामी सरकारमा नगएका हौं', रोहित भन्छन्, 'आफैं सरकारमा जानुपर्छ भन्ने पनि त छैन, किनभने मूल कुरा नीति हो । ठिक नीति अरूले लागू गरे भने आफैं सरकारमा गए जस्तै भइहाल्छ ।' सातै दल सरकारमा जाँदा प्रतिगामीहरूले प्रतिपक्षीको भूमिका लेलान् र सरकारको ध्वंसात्मक विरोध होला भन्ने आशंका पनि सरकारमा नजानुको अर्को कारण बताउँछन्, रोहित ।

संसद्वादी एमाले र सशस्त्र विद्रोही माओवादीले नेपाली कम्युनिष्ट आन्दोलनमा जगजगी मचाइरहेका बेला राजधानी नजिकैको भक्तपुरमा उनको पकड उत्तिकै बलियो मानिन्छ । के हो त कारण ? उनको जीवन र भनाइलाई रहस्य र असंगत मान्नेहरू त्यसको कारण खोज्न लागे पनि रोहित भने कार्यकर्तामा आफू र आफ्नो पार्टीले दिने गरेको वैचारिक प्रशिक्षण नै त्यसको एक मात्र कारण भएको बताउँछन् । 'हाम्रो पार्टीका कार्यकर्ता कहिल्यै कुनै फाइदाका लागि नेता र पार्टी कार्यालयमा धाउँदैनन् । बरु वैचारिक प्रशिक्षणको माग निरन्तर गरिरहेका हुन्छन्', रोहितको दावी छ । ■



समय

# छैन चासो भारतको

**बैठक सुरु** भएको दिन होस् वा सकिएको दिन भारतीय पत्रपत्रिकाहरूमा बिमिस्टेकका बारेमा कुनै समाचार छापिएन । बिमिस्टेकको नवौं बैठक सकिएको आधा घन्टापछि बैठकस्थल भारतको राजधानी नयाँ दिल्लीस्थित मौर्य सेराटन होटल पुग्दा एक दुईजना बाहेक अरूलाई त्यहाँ त्यस्तो बैठक भएको पत्तो समेत थिएन । होटल परिसरमा एकजना बंगाली पत्रकारमात्र उभिएका थिए, मानौं त्यहाँ कुनै मन्त्रिस्तरीय बैठक नभएर कुनै सामान्य कार्यक्रम सम्पन्न भएको थियो ।

बिमिस्टेकका बारेमा भारतले कति चासो दिएको छ भन्ने संकेत हो यो । नेपाललगायत भारत, बंगलादेश, म्यान्मा, भुटान, श्रीलंका र थाइल्यान्ड गरी दक्षिण एसिया र दक्षिण पूर्वी एसियाका सात देशबीच पारस्परिक व्यापार प्रवर्धनका लागि नौ वर्षअघि स्थापित साझा मञ्च बिमिस्टेक केही वर्षदेखि स्वतन्त्र व्यापार सम्झौताका लागि कार्यरत छ । अघिल्लो वर्ष भएको बिमिस्टेकको बैठक जस्तै यसपालिको बैठकले पनि स्वतन्त्र व्यापार सम्झौता सुरु गर्न तिथि त निर्धारण गर्‍यो । तर, यो लागू हुने कुरामा भने प्रशस्त शंका रहेको छ ।

मन्त्रिस्तरीय बैठकमा सहभागी नेपालका अर्थमन्त्री डा. रामशरण महतले बैठक फलदायी रहेको बताए । तर, यसले दक्षिण एसिया र दक्षिण पूर्वी एसियाको क्षेत्रीय सहयोगमा कस्तो सहयोग पुर्‍याउन सक्छ भन्ने बारेमा भने उनीसँग पनि ठोस जवाफ छैन । यसअघि जुन १, २००६ मा भएको बैठकले स्वतन्त्र व्यापार सुरु गर्नका लागि बिमिस्टेकका सदस्य राष्ट्रहरूबीच सहमति भएको थियो ।

साउन २६ गते बुधवार भएको मन्त्रिस्तरीय बैठकको एक दिनअघि साउन २५ गते बसेको वाणिज्य तथा अर्थ अधिकारीहरूको बैठकले बैठकका एजेन्डाहरू निर्धारण गरेको थियो । यो बिमिस्टेकका सदस्य राष्ट्रहरूका वरिष्ठ वाणिज्य तथा अर्थ अधिकारीहरूको एघारौं बैठक थियो । वरिष्ठ वाणिज्य तथा अर्थ अधिकारीहरूको यो बैठकमा कामु विशेष सचिव भगीरथ बस्नेत, वाणिज्य मन्त्रालयका सहसचिव नगेन्द्र उपाध्याय र अर्थ मन्त्रालयका सहसचिव रामकुमार श्रेष्ठ उपस्थित थिए ।

बिमिस्टेकको व्यापार सम्झौता समितिले खुला व्यापार सम्झौताको संरचना तयार गर्न नसकेपछि यो लागू गर्न ढिलाइ भएको हो । आफ्नै राजधानीमा बसेका यो बैठकका बारेमा भारतले खासै चासो नदिनुको कारण के हो त ? किन बिमिस्टेकलाई गम्भीरतापूर्वक लिएको छैन भारतले ? स्कुल अफ गभर्नेन्सका निर्देशक तथा अर्थ विषयमा गहिरो चासो राख्ने भारतीय पत्रकार परन्जोय गुहाको भनाइमा बिमिस्टेकजस्तो क्षेत्रीय व्यापार मञ्चबाट खासै आशा राख्न सकिँदैन । गुहा भन्छन्, 'छिमेकी मुलुकहरूसँग निश्चय पनि पारस्परिक सहयोगको सम्बन्ध विकसित गर्न सकिन्छ । तर, क्षेत्रीयस्तरमा खुला व्यापारका बारेमा खासै आशावादी हुन सकिँदैन ।'

उक्त बैठकले व्यापार र लगानी, प्रविधि, यातायात र सञ्चारलगायतका विषयमा पनि निर्णयहरू गरेको छ । आगामी वर्ष भारतमा नै दोस्रो बिमिस्टेक सम्मेलन हुन गइरहेको छ ।

दक्षिण एसिया र दक्षिण पूर्वी एसियामा सामाजिक तथा आर्थिक सहयोग विकास गर्ने उद्देश्यका साथ नौ वर्षअगाडि स्थापित बिमिस्टेकमा सुरुमा भारतलगायत श्रीलंका, बंगलादेश र थाइल्यान्डमात्र सदस्य थिए । स्थापनाको ६ महिनामा म्यान्माले पनि बिमिस्टेकको सदस्यता प्राप्त गर्‍यो भने दुई वर्षअगाडि मात्र नेपाल तथा भुटानले सदस्यता पाएका थिए ।

बिमिस्टेक सदस्य मुलुकबीच साँच्चिकै खुला व्यापार सुरु भयो भने यो मञ्चमा रहेका सबै मुलुकले १५ वर्षभित्र अन्तरदेशीय व्यापारमा भन्सारदर शून्य बनाउनेछन् ।

**■ मनोज दाहाल/नयाँ दिल्ली, भारत**


## रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ८ मेगाहर्ज




**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो । हरेक विहान (६:००-७:१५)

**हालचाल**

ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ८ मेगाहर्ज**

**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
**रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ८ मेगाहर्ज**
**बखुण्डोल, ललितपुर**
**फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०**
**पोष्ट बक्स, ६९५८, काठमाडौं**
**ईमेल : info@radiosagarmatha.org**



तस्वीरहरू : भास्वर ओझ

# मिल्यो विवाद

■ सुवास देवकोटा/काठमाडौं

**दुवै पक्षले सहमतिलाई ऐतिहासिक फड्को मानेको बताए पनि सत्तारुढ सात दल गठबन्धन र माओवादीबीच रहेका विवादका अन्य विषयमा यो सहमति बोलेको छैन।**

**हतियार व्यवस्थापनबारे** संयुक्त राष्ट्रसंघलाई पठाउने पत्रका सम्बन्धमा सरकार र माओवादीबीच चर्किएको विवाद साताभरिको सरकार-माओवादी वार्तापछि साउन २४ गते समाधान भएको छ। त्यस दिउँसो प्रधानमन्त्रीनिवास बालुवाटारमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र माओवादी अध्यक्ष प्रचण्डबीच दुई घन्टा लामो वार्तापछि भएको सहमतिले शान्तिवार्ता भंग हुने खतरा तत्कालका लागि समाप्त भएको छ भने गत साता नेपाल भ्रमणबाट फर्किएको राष्ट्रसंघीय टोलीले दिएको समयमै सरकार र माओवादीले एकै व्यहोराको पत्र पठाएकाले आगामी शान्ति प्रक्रियामा राष्ट्रसंघको सहभागिता सुनिश्चित बनेको छ। स्टेफन डे मिस्टुराँको पाँच सदस्यीय राष्ट्रसंघीय




टोलीले एक साताको भ्रमणपछि साउन १८ गते नेपाल छाड्दा २४ गतेसम्म हतियार व्यवस्थापनबारे एकीकृत धारणा पठाउन सरकार र माओवादीलाई आग्रह गरेको थियो । उक्त टोलीले २४ गते नै आफ्नो भ्रमणको रिपोर्ट राष्ट्रसंघका महासचिव कोफी अन्नानलाई बुझाउने त्यस बेला बताएको थियो ।

नेपाली सेना ब्यारेकमा र माओवादी सेनालाई निर्धारित छाउनीहरूमा राख्ने र राष्ट्रसंघले अनुगमन गर्ने व्यहोराको पाँचबुँदे सहमतिप्रति दुवै पक्ष सन्तुष्ट देखिएका छन् । शीर्षस्थ नेताबीचको सहमतिपछि सिंहदरबारस्थित शान्ति सचिवालयमा आयोजित पत्रकार सम्मेलनमा सरकार र माओवादी वार्तटोलीका प्रमुख कृष्णप्रसाद सिटौला र कृष्णबहादुर महराले 'बाह्रबुँदे समझदारी र आठबुँदे सहमति जस्तै पाँच बुादे पत्र पनि ऐतिहासिक फड्को' भएको र यसले 'दुवै सेनामा एक-अर्काप्रति रहेको अविश्वास हटाएको' बताएका थिए । दुवै वार्ता प्रमुखले पत्रकारहरूसँग सहमतिलाई कसैको जित वा हारका रुपमा लिन नहुने पनि उल्लेख गरेका थिए । पत्रकारहरूकै बीच दुवैले आफ्ना नेताहरूले हस्ताक्षर गरेको पत्र राष्ट्रसंघका नेपाल प्रतिनिधि अब्राहम अब्राहमलाई बुझाएका थिए ।

दुवै पक्षले सहमतिलाई ऐतिहासिक फड्को मानेको बताए पनि सत्तारुढ सात दल गठबन्धन र माओवादीबीच रहेका विवादका अन्य विषयमा यो सहमति बोलेको छैन भने ती विवादित विषयमा कहिले वार्ता र सहमति हुने जानकारी पनि दुवै पक्षले दिएका छैनन् । सात दल र माओवादीबीच प्रतिनिधिसभा विघटन, अन्तरिम विधायिका गठन तथा त्यसको स्वरूप र अन्तरिम संविधानलगायतका विषयमा चर्को मत भिन्नता देखिएका छन् । यसैगरी संविधानसभा निर्वाचनका लागि अत्यावश्यक माओवादीसहितको अन्तरिम सरकार निर्माण विधि र समयबारे पनि यो सहमति मौन छ ।

अमेरिका, भारत लगायत अन्तर्राष्ट्रिय समुदायले हतियारबाट माओवादी सेनालाई नअलग्याएसम्म उसलाई अन्तरिम सरकारमा लान नहुने अडान राख्दैआएका छन् । हतियार व्यवस्थापनसम्बन्धी सरकार र माओवादीको





# सरकार–माओवादी संयुक्त पत्र

**सात दल गठबन्धन** र नेपाल कम्युनिष्ट पार्टी (माओवादी)बीच असार २ गते भएको सहमतिको पृष्ठभूमिमा र दुई पक्षले उक्त सम्झौताप्रति व्यक्त गरेको प्रतिबद्धतालाई दृष्टिगत गर्दै सरकार र माओवादी मुलुकमा संविधानसभाको निर्वाचन तथा सम्पूर्ण शान्ति प्रक्रियाका लागि स्वतन्त्र र निष्पक्ष वातावरण स्थापना गर्न निम्न लिखित मुद्दाहरूमा संयुक्त राष्ट्रसंघको सहयोगका लागि अनुरोध गर्छन् ।

१. मानवअधिकार स्थितिको अनुगमन संयुक्त राष्ट्रसंघ मानवअधिकार उच्चायुक्तको कार्यालयद्वारा जारी राख्ने ।

२. युद्धविराम अवधिमा आचारसंहिता अनुगमन कार्यमा सहयोग पुर्‍याउने ।

३. दुवै पक्षका हतियार र सशस्त्र व्यक्तिहरूको प्रबन्धनबारे राष्ट्रसंघसँग सहयोग माग्ने सम्बन्धमा भएको सहमतिअनुसार निर्धारित छाउनीभित्र माओवादी लडाकु र हतियारबारे सत्यापन तथा निगरानीका लागि योग्य गैरसैनिक अधिकृतहरू खटाउने ।

हतियार तथा गोलीगठ्ठाहरू सहितलाई व्यवस्थित गर्ने तरिकाबारे पछि सम्बन्धित पक्ष र राष्ट्रसंघले निश्चित गर्नेछ ।

४. नेपाली सेना ब्यारेकभित्र रहने र हतियार कसैका पक्ष र विपक्षमा प्रयोग नहुने कुराको अनुगमन गर्ने ।

सोसम्बन्धी तरिकाको व्यवस्थापन पनि सम्बन्धित पक्षहरू र राष्ट्रसंघले गर्नेछन् ।

५. संविधानसभाको निर्वाचनका लागि सम्बन्धित पक्षहरूसँगको परामर्शमा पर्यवेक्षण प्रदान गर्ने । ■




# विश्वासको वातावरण बन्यो

**पछिल्लो सहमतिले सरकार र तपाईंहरूबीचको विवाद टुंग्याएको हो ?**

निश्चित रूपमा, यो सहमतिले विश्वासको वातावरण बनाएको छ । हाम्रो हतियार र सेनालाई अलग्याउने कुरा आइरहेको थियो, त्यो मान्न हामी तयार थिएनौं । अहिलेको सहमति नभएको भए निश्चितरुपमा वार्ता भंग हुन्थ्यो । यो सहमतिले दुवै सेनालाई बराबरी स्थान दिएको छ ।

**संविधानसभासम्मै माओवादी सेना हतियारसहित रहने निश्चय गरेको छ र सहमतिले ?**

हो, त्यही नै निश्चय भएको हो । हतियार र सेनालाई अलग गर्नासाथ त सेना सेना नै रहँदैन नि । हतियार र सेनालाई अलग बनाउने कुरा त आत्मसमर्पण हुन्छ । हामी आत्मसमर्पण गर्न त आएका होइनौं । विघटन नै गर्ने हो भने लोकतान्त्रिक आन्दोलनको विपक्षमा रहेको पुरानो सेना विघटन हुनुपर्छ, लोकतान्त्रिक आन्दोलनको सहयोगी रहेको हाम्रो सेना होइन ।



**डा. बाबुराम भट्टराई** वरिष्ठ नेता माओवादी

**यो सहमतिले शान्तिवार्ता प्रक्रिया अब सहज ढंगले जाने निश्चित भयो त ?**

यो सहमतिपछि वार्ता प्रक्रिया अघि बढ्ने ढोका खुल्यो । तर, अहिले त सरकारले नै राष्ट्रसंघलाई असार १८ गते एकलौटी पत्र पठाएर उठाएको किचलो मात्र समाधान भएको हो । राजनीतिक मुद्दाहरूमा छलफल हुनै बाँकी छ । असार २ को आठबुँदे सहमति कार्यान्वयन गर्ने कुरामा सरकार र सात दल कसरी अघि बढ्छन्, त्यसले शान्तिवार्ताको आगामी दिशा निर्धारण गर्नेछ ।

**कहिले हुन्छ त, राजनीतिक विषयहरूमा वार्ता ?**

अहिले विश्वासको वातावरण बनेको छ । गृहकार्य गरेर राजनीतिक विषयमा छलफल अघि बढाउने तय भएको छ । मिति निश्चित भएको छैन । तर, छिटै नै राजनीतिक एजेन्डाहरूमा वार्ता सुरु हुनेछ । ■

पाँचबुँदे सहमतिलाई ती शक्ति राष्ट्रहरूले कसरी लिनेछन् भन्ने निश्चित छैन भने पछिल्लो सहमतिपश्चात् माओवादीलाई अन्तरिम सरकारमा लान सरकार तयार भए नभएको पनि अझै टुंगो लागेको छैन ।

तर, माओवादी सेनालाई हतियारसहित बस्नै नदिने प्रधानमन्त्री कोइरालाको अडान तथा संविधानसभा निर्वाचनअघि हतियारबाट नअलग्गिने माओवादी दृढताका कारण शान्तिवार्तामा देखिएको गतिरोध भने यो सहमतिले तोडेको छ । यो सहमतिपछि असार २ गतेको आठबुँदे सहमति कार्यान्वयनमा लाने प्रक्रिया सुरु गर्न पनि सरकार-माओवादी वार्ताटोलीहरूलाई सहज हुनेछ । किनभने साउन १७ गते प्रधानमन्त्री कोइराला र प्रचण्डबीच बालुवाटार वार्ताबाट सुरु भएको हतियार व्यवस्थापनसम्बन्धी रस्साकस्सी विपरीत अडानकै कारण टुंगिएको थिएन भने दुवै वार्ताटोली हतियार व्यवस्थापन मुद्दा नटुंग्याई अन्य विषयमा प्रवेश गर्न सकेका थिएनन् ।

दुवै वार्ताटोली प्रमुखहरूले सहमतिलाई कसैको हार र जित मान्न अस्वीकार गरे पनि **समग्र राजनीतिक विषयसँगै हतियार व्यवस्थापन टुंगो लगाउने अडान पाँचबुँदे सहमति गर्दा माओवादीले छाडेको देखिएको छ भने माओवादीका हतियार र सेना छुट्याउने अडान सरकारले त्यागेको देखिएको छ** । यद्यपि, माओवादी सेना र हतियार सम्बन्धमा 'पछि हतियार तथा गोलीगट्ठा सहितलाई व्यवस्थित गर्ने तरिकाबारे सम्बन्धित पक्ष र राष्ट्रसंघले निश्चित गर्नेछ' उल्लिखित बुँदाले हतियार र सेना छुट्याउने प्रक्रियासम्बन्धी विवादको सम्भावनालाई अझै ज्यूँदै राखेको छ । तर, सेना र हतियार छुट्याउने प्रस्ताव पुनः आए उल्लिखित बुँदाको 'सम्बन्धित पक्ष र राष्ट्रसंघले निश्चित गर्नेछ' वाक्यकै कारण त्यसलाई नमान्ने अधिकार भने माओवादीसँग बाँकी नै रहनेछ ।

## बाध्यताको सहमति

शान्तिवार्ता भंग हुन नदिन साउन २३ गते ज्ञापनपत्रमार्फत दबाब दिन बालुवाटार गएका नागरिक आन्दोलनका अगुवाहरूलाई प्रधानमन्त्री कोइरालाले राष्ट्रसंघलाई सहमतिको पत्र पठाउनुपर्ने अन्तिम दिन साउन २४ सम्म माओवादीसँगको हतियार विवाद समाधान गर्ने वचन दिएका थिए । साउन १७ मा पनि कोइराला र प्रचण्डबीच बालुवाटारमा भेट हुँदा मिस्टुराँको टोलीले १८ गतेसम्म एकीकृत धारणा आफ्नो टोलीलाई दिन सरकार र माओवादीलाई आग्रह गरेको थियो । १८ गते दिनभरि नै सरकारी वार्ताटोलीले राष्ट्रसंघीय टोलीलाई एकीकृत धारणा दिन मेहनत गरेको भए पनि सरकार र माओवादीको फरक अडानका कारण त्यस बेलाको प्रयास असफल भएको थियो र, उक्त टोली सरकार र माओवादीको एकिकृत धारणा निश्चित समयमा आउने आशासहित न्युयोर्क उडेको थियो ।

त्यसो त हतियार र सेनासम्बन्धी पछिल्लो विवाद नै राष्ट्रसंघलाई सरकारले असार १८ मा पठाएको पत्रका कारण जन्मिएको थियो । माओवादी सेनालाई 'डिकमिसनिङ' गर्ने उल्लिखित





▲ आफ्ना नेताहरूद्वारा हस्ताक्षरित पत्र राष्ट्रसंघका नेपाल प्रतिनिधि अब्राहम अब्राहमलाई बुझाउदैँ महरा र सिटौला

सरकारी पत्रको माओवादीले लगत्तै आपत्ति जनाएर उक्त विवाद चर्किने जनाउ दिएको थियो । राष्ट्रसंघीय टोली नेपाल आउनुअघि माओवादी अध्यक्ष प्रचण्डले राष्ट्रसंघलाई पत्र पठाएर आफ्नो सेनाको 'डिकमिसनिङ' कुनै हालतमा नस्विकार्ने स्पष्ट पारेका थिए । माओवादी नेता डा. बाबुराम भट्टराई अहिलेको पाँचबुँदे सहमतिलाई 'सरकारले निकालेको किचलोको समाधान' मान्छन् ।

माओवादी सेनालाई 'डिकमिसनिङ' गर्ने अडानबाट सरकार पछि हट्नुमा राष्ट्रसंघले एकीकृत धारणा बनाउन सरकार र माओवादीलाई दिएको समयसीमा महत्त्वपूर्ण देखिन्छ । त्योसँगै, गत साता माओवादी नेता भट्टराईले उद्योग वाणिज्य महासंघको साधारण सभामा हतियारसम्बन्धी विवादका कारण वार्ता भंग हुनसक्ने चेतावनी दिएका कारण पनि सरकारलाई माओवादीसँग सहमति गर्नु अनिवार्य थियो । किनभने, शान्तिवार्ता भंग हुन नदिन 'नागरिक आन्दोलन' सडकमा उत्रिएको थियो र वार्ता भाँडिए त्यसको अपजस सरकारलाई जाने नारा नागरिक आन्दोलनबाट सडकमा लाग्न सुरु भइसकेको थियो । उद्योग वाणिज्य महासंघकै साधारण सभामा माओवादी नेता भट्टराईले बोल्नुभन्दा अघिल्लो दिन 'राजालाई पनि स्पेस दिनुपर्छ' भन्ने प्रधानमन्त्री कोइरालाको भनाइ र त्यसविरुद्ध भट्टराईको चेतावनीले त माओवादीसँगको विवाद समाधान गर्न सरकारलाई बाध्य नै बनाएको थियो । किनभने, राजा राख्ने त्यो भनाइले प्रधानमन्त्री कोइराला विवादित बनेका थिए । यद्यपि, २४ गते माओवादी टोलीसँगको वार्तामा प्रधानमन्त्री कोइरालाले 'संविधानसभा निर्वाचनअघिका लागि मात्र राजालाई स्थान दिने बताएको' बाबुराम उल्लेख गर्छन् ।

उता, राष्ट्रसंघीय टोलीले तोकेको समयसीमाले आफूलाई बाध्य नपारेको माओवादी नेताहरूले दाबी गरे पनि शान्ति प्रक्रियामा राष्ट्रसंघको सहभागिता अनिश्चय बन्नुको दोष आफूले लिन नपरोस् भन्ने चाहना माओवादीको थियो भन्ने बुझ्न गाह्रो पर्दैन । त्योसँगै, आफ्नो सेना र हतियारलाई अलग्याउने अन्तर्राष्ट्रिय समुदायको दबाब पनि माओवादीले धेरै समय खेप्न चाहेको थिएन । माओवादीका एक केन्द्रीय सदस्य आफ्नो सेनाको निरस्त्रीकरणको मुद्दालाई पार्टीले सकेसम्म छिटो 'क्रस' गर्न चाहेको बताउँछन् । वार्ताका लागि माओवादीका शीर्षस्थ नेताहरू समेत जुनसुकै बेला तयार देखिनुले उनीहरू सहमतिमा पुग्न हतारिएका थिए भन्ने नै प्रमाणित हुन्छ ।

परिस्थितिको बाध्यतासँगै सरकारी वार्ताटोली प्रमुख कृष्णप्रसाद सिटौलाको मेहनत पनि सहमति बन्नुको महत्त्वपूर्ण कारण मान्छन्, स्रोतहरू । गत साता पनि सिटौलाले माओवादी अध्यक्ष प्रचण्ड र प्रधानमन्त्री कोइरालालाई सहमति नजिक पुऱ्याएका थिए । यद्यपि, उक्त सहमतिमा प्रचण्डले मात्र हस्ताक्षर गरे, कोइरालाले गर्न मानेनन् । साउन २४ को बालुवाटार वार्तामा प्रधानमन्त्री कोइरालालाई सिटौला र नेपाली कांग्रेस केन्द्रीय सदस्य शेखर कोइरालाले सघाएका थिए भने प्रचण्डसँग भट्टराई थिए । ■


To major cities of the country. Daily.

Nepalgunj Bhairhawa
Pokhara Biratnagar Bhadrapur







For more information please contact
Yeti Airlines, Corporate Office, Tilganga, Kathmandu
For reservation 01 4464878
Sales and Marketing 01 4465888 Ext. 205

Yeti Airlines
www.yetiairlines.com
a great flying experience

# विवाद जति वार्ताटोलीको जिम्मा

**अन्तरिम संविधान** मस्यौदा समिति अन्तरिम संविधानको मस्यौदाको खाका तयार पारेर सरकारी र माओवादी वार्ताटोलीको निम्तोको प्रतीक्षामा छ। तेस्रो पटक म्याद थपिएको समितिका सदस्यहरू साउन २४ गते अपरान्ह अबेरसम्म आफूहरूले तयार गरेको तर प्रमुख राजनीतिक मुद्दा थाती राखिएको दस्तावेज बुझाउने प्रतीक्षामा थिए। तर, सरकार-माओवादीबीच हतियार व्यवस्थापनको सहमति गर्ने चटारोमा लाग्नु परेकाले मस्यौदा संविधानका ठेली बुझ्न नसकेको भन्दै सरकारी र माओवादी वार्ताटोलीका संयोजकद्वय कृष्ण सिटौला र कृष्ण महरा फुत्किए। अन्तरिम संविधान बुझाएर राजनीतिक बोझ हल्का गर्ने चाहना बोकेको समितिसामु सिटौला र महरा पाँचबुँदे सहमतिसम्बन्धी पत्रकार सम्मेलन सकेपछि शान्ति सचिवालयस्थित समितिको कार्यालयमा उपस्थित भए र मस्यौदा समितिलाई केही दिन प्रतीक्षा गर्न आग्रह गरे।


समितिका सदस्य खिमलाल देवकोटाका अनुसार अब फेरि समितिको म्याद थपिनेछैन। तर, दुवै पक्षले समय उपलब्ध गराएपछि औपचारिक रुपमा मस्यौदा बुझाउने काम हुनेछ। तर, साउन २४ गते बुझाउन ठिक्क पारेकै मस्यौदा बुझाउने हो भने समितिले आफ्नो काँध मात्र हलुको पार्नेछ र विवादका मुद्दामा अल्झने काम सरकार र माओवादी वार्ताटोलीको थाप्लामा हालिदिनेछ।

आउँदो सातासम्म टोलीले मस्यौदा संविधान प्रस्तुत गर्ने सम्भावना छ। तर, दुवै वार्ताटोलीका संयोजकले समितिलाई सकेसम्म विवादास्पद बुँदाहरू नराखी मस्यौदा पेस गर्न आग्रह गरेका छन्।

प्रमुख राजनीतिक मुद्दाहरूमा सत्ताधारी सात राजनीतिक दलका सुझाव नै परस्पर विरोधासपूर्ण र कतिपय राजनीतिक विषयमा आधारभूत रुपमा भिन्न समेत भएका कारण अधिकांश व्यस्त वकिल राजनीतिक दलका प्रतिनिधि रहेका १५ सदस्यीय समितिले प्रमुख राजनीतिक मुद्दा थाती राखेर सुझाव दिने सजिलो बाटो लिएको छ।

हतियार व्यवस्थापनको विवादास्पद विषयमा सरकार र माओवादीबीच सम्पन्न पाँचबुदे सहमतिले बाटो खोल्नेछ। तर, राजतन्त्रका बारेमा, अन्तरिक संसद् गठन र त्यसको संख्याका बारेमा, संविधानसभाको निर्वाचन प्रणाली, संघीय संरचनाजस्ता प्रमुख राजनीतिक विषयमा समितिले कुनै निर्णय दिएको छैन।

राजतन्त्रका बारेमा माओवादी अहिल्यै गणतन्त्रात्मक व्यवस्था हुनपर्छ भन्ने अडानमा छ भने कांग्रेसले संविधानसभाको निर्वाचनले राजतन्त्रको भविष्य निर्धारण हुने सुझाव दिएको छ, एमालेले गणतन्त्रका बारेमा संविधानसभाको निर्वाचनसँगै जनमतसंग्रह गर्नुपर्ने धारणा अघि सारेको छ। समितिलाई सबैभन्दा पछि सुझाव दिने नेपाली कांग्रेस (प्रजातान्त्रिक)ले जनमतसंग्रह वा संविधानसभा दुवै बाटो खुला राखेको छ। दुवै कांग्रेस पार्टीले प्रतिनिधिसभा घोषणापत्रलाई प्रमुख आधार मानेको देखिन्छ। प्रतिनिसभाको जेठ ४ गतेको घोषणा र त्यसपछि उत्तराधिकारी व्यवस्थासम्बन्धी घोषणाहरूले 'सेरेमोनियल राजा'को मान्यता दिएको छ। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले समेत राजालाई पनि स्थान दिनुपर्छ भन्ने अभिव्यक्तिपछि यो मुद्दा झन् पेचिलो बनेको छ।


लक्ष्मणप्रसाद अर्याल

समय

मस्यौदा समितिका सदस्य मीनबहादुर विश्वकर्माका अनुसार राजाका बारेमा मस्यौदा समितिले कांग्रेसहरूको सुझावलाई महत्त्व दिएको छ। विश्वकर्मा भन्छन्, राजतन्त्रबारे संविधानसभाले टुंगो लगाउने सुझाव दिएका छौं।' समितिले प्रतिनिधिसभा घोषणालाई आधार मानेर अघि बढ्न सुझाएको विश्वकर्मा बताउँछन्।

एक वर्षभित्र संविधानसभाको निर्वाचन गरिसक्नुपर्ने समितिको सुझाव एकातिर छ भने अर्कोतर्फ संविधानसभाको निर्वाचन कसरी गर्ने, प्रतिनिधित्व प्रणाली कस्तो हुने जस्ता विषयमा समिति मौन छ। मस्यौदा संविधानमा एउटा बेग्लै भागमा संविधानसभाको निर्वाचनलाई महत्त्वका साथ ठाउँ दिइएको छ। जसमा संविधानसभाको निर्वाचनपछि सभा संचालन, बैठकका कार्यविधि, समिति, उपसमिति गठन गर्ने जस्ता विषयमा उदार भएर समितिले सुझाएको छ। तर, संविधानसभाका लागि कति सदस्य रहने, निर्वाचन पद्धति के हुने भन्ने जस्ता ज्वलन्त प्रश्नको समाधान दिन नसकेको समितिले 'यी विषय राजनीतिक सहमतिबाट मिलाउने विषय हुन्' भनेको छ। संविधानसभाको निर्वाचन कसरी गर्ने भन्ने बारेमा दलहरूबीच चर्को मतभिन्नता छ। समानुपातिक प्रतिनिधित्वको पक्षमा सबै दलहरूको सहमति भए पनि समानुपातिक प्रक्रिया र स्वरुपबारे भिन्नता छन्। नेपाली कांग्रेस आधा सदस्य प्रत्यक्ष निर्वाचनबाट निर्वाचित हुने, बाँकी समानुपातिक प्रतिनिधित्वको पक्षमा छ। एमाले र माओवादी समानुपातिक प्रतिनिधित्वको पक्षमा छन्। प्रजातान्त्रिक कांग्रेस, कांग्रेसको जस्तै मिश्रित चुनावी प्रक्रियाको पक्षमा छ। तर, एक कदमअगाडि। प्रजातान्त्रिकले कुल सदस्यमध्ये आधा सदस्य अहिलेको जस्तै प्रत्यक्ष निर्वाचनबाट चुनिने र बाँकी सदस्य पार्टीले निर्वाचन आयोगमा पहिल्यै नामावली उपलब्ध गराएको आधारमा समानुपातिक आधारमा निर्वाचित गर्नुपर्ने सुझाव छ। त्यसबाहेक प्रत्यक्ष निर्वाचनबाट आएका प्रतिनिधिले अहिलेको राष्ट्रियसभामा एकलसंक्रमणीय तरिकाले निर्वाचन गरेजस्तै विभिन्न विधाका दस प्रतिशत सदस्य चयन गर्ने प्रस्ताव पनि छ। तर, सबैभन्दा रमाइलो पक्ष के छ भने संविधानसभाका लागि कति जना सदस्य हुने भन्ने बारेमा दलहरू पनि मौन रहेकाले समितिले निर्णय गर्नसक्ने कुरै भएन। तर, समितिले नेपाल राज्यको पुनर्संरचना संविधानसभाले टुंगो लगाउनेछ भन्ने सुझाव दिने काम भने गरेको समितिका एक सदस्य बताउँछन्।

अन्तरिम संसद् गठनको मुद्दा पनि समितिका लागि राजनीतिक विषय बन्यो र त्यत्तिकै थन्कियो। माओवादीले ३०३ जनाको अन्तरिम संसद् बनाउने प्रस्ताव गरेको छ भने कांग्रेस, एमाले र प्रजातान्त्रिक कांग्रेसले राजनीतिक सहमतिबाट संख्या तोक्ने भनेका छन्। कांग्रेसले अहिलेको संसद्मै माओवादी र नागरिक समाजका प्रतिनिधि थप गर्नुपर्ने प्रस्ताव गरेको छ।

सिंगो नेपाललाई एक निर्वाचन क्षेत्र मानेर समानुपातिक प्रतिनिधित्वका आधारमा संविधानसभाको निर्वाचन गर्नुपर्ने समितिले भनेको छ। तर, संघीय संरचनाको पक्षधर पार्टी माओवादी र कांग्रेस प्रजातान्त्रिकबीच आधारभूत भिन्नता छन्। माओवादीले भाषा र जातिका आधारमा नौवटा संघीय गणराज्य हुनुपर्ने सुझाव दिएको छ भने गत वर्ष पुसमा सम्पन्न महाधिवेशनबाट संघीय संरचनाको अवधारणा अनुमोदन गरेको प्रजातान्त्रिक भौगोलिक आधारमा संघीय संरचना हुनुपर्छ भन्नेमा छ।

नेपाली सेना र माओवादी सेना तथा हतियारका बारेमा राजनीतिक सहमति बनेर संयुक्त राष्ट्रसंघलाई पत्राचार हुनुअघि नै तयार मस्यौदा संविधानमा समितिले 'नेपाली सेना समावेशी र राष्ट्रिय स्वरुपको हुनेछ' भनेको छ।

अन्तरिक संविधान मस्यौदा समितिले आफ्नो काम सम्पन्न गरेको अवस्थामा अब बल राजनीतिक दलहरूको कोर्टमा पुगेको छ। समितिलाई प्रमुख राजनीतिक दलहरूले जसरी पार्टीगत धारणा सुझाएका छन्, त्यही अडानमा रुमल्लिए र विवाद गर्न थाले भने अन्तरिम संविधान बन्ने कुरा पछाडि धकेलिँदै जानेछ। सात दल र माओवादीले अब नयाँ ढंगले सोचेर राजनीतिक फैसला गर्न सकेनन् भने मुलुकमा राजनीतिक विवाद सुल्झिने हैन, थपिँदै जानेछ।

■ **विश्वमणि पोखरेल/काठमाडौं**

# कस्तो हुनु पर्छ ?

■ चन्द्रकान्त ज्ञवाली

**प्रतिनिधिसभाको मुख्य स्रोत जनआन्दोलन हो भनेर मानिन्छ भने अन्तरिम संविधानको समेत अनुमोदन प्रतिनिधिसभाले नै गर्नुपर्ने हुन्छ । तर अन्तरिम संविधानको अनुमोदनपछि प्रतिनिधिसभा स्वतः विघटन हुनु पर्छ । यदि प्रतिनिधिसभालाई अन्तरिम संसद् भनी माओवादी+नागरिक समाजका मानिसहरूलाई अन्तरिम संसद्मा ल्याउने प्रयास गरियो भने जनताको राजनीतिक सार्वभौमसत्तामाथिको अधिकार कुण्ठित हुनेछ ।**

**अन्तरिम संविधानमा** अन्तरिम सरकार केका लागि र किन ? यसको उद्देश्य के हुने ? जस्ता तमाम प्रश्न उठ्न सक्छन् । वर्तमान अवस्थामा नेपालमा अन्तरिम संविधान लेखिनु एउटा छुट्टै ऐतिहासिक पृष्ठभूमि छ । त्यो पृष्ठभूमि भनेको संवैधानिक राजतन्त्रात्मक संविधानको बदलामा लोकतान्त्रिक गणतन्त्रात्मक संविधान संविधानसभाबाट लेखिनुमा छ । यो अन्तरिम संविधानको मुख्य गन्तव्य, लक्ष्य र उद्देश्य पनि त्यही नै हो । सार्वभौमसत्ता सम्पन्न जनताबाट निर्वाचित सभा नै संविधानसभा हो । संविधानसभाले जनताको भावना र आत्माको वास हुने, आफ्नो अपनत्व हुने संविधानको निर्माण गर्ने काम गर्छ । यस्तो शुभ कार्यमा सहयोग गर्न एउटा अस्थायी प्रकृतिको तर निश्चित उद्देश्य बोकेको अन्तरिम सरकार अपरिहार्य ठानिन्छ । त्यसैले अन्तरिम संविधानमा अन्तरिम सरकारको व्यवस्था गरिएको हुन्छ ।

विश्वका १९२ राष्ट्रका संविधान निर्माण गर्दा र खासगरी ४२ राष्ट्रमा संविधानसभामार्फत नयाँ संविधान निर्माण गर्दा अन्तरिम सरकारको व्यवस्था गरिएको देखिन्छ । अन्तरिम संविधानको आफ्नो एउटा लक्ष्य, उद्देश्य र गन्तव्य भएकाले संविधानका सार्वभौमसत्ताको सिद्धान्त, संविधानवादका सिद्धान्त, कानुनी राजको सिद्धान्त, स्वतन्त्र र सक्षम न्यायपालिकाको सिद्धान्त, शक्ति पृथकीकरण र शक्ति सन्तुलनका सिद्धान्तबमोजिम स्थायी संविधान लेखिए पनि अन्तरिम संविधान पनि यिनै सिद्धान्तलाई आत्मसात गर्दै लेखिनु पर्छ । यसले स्थायी संविधानमा समेत यसको निश्चित निर्देशनात्मक सिद्धान्तको रूपमा प्रभावित हुन सकोस् । त्यसैले अन्तरिम संविधानमा यिनै उद्देश्यपूर्तिका लागि अन्तरिम सरकारको व्यवस्था गरिएको हुन्छ ।

अर्कोतर्फ जनआन्दोलनमार्फत अभिव्यक्त जनभावना एवं सात राजनीतिक दलको माओवादीसँग भएको मार्गचित्रको आधारमा राजा प्रतिनिधिसभाको पुनःस्थापना गर्न बाध्य भए । पुनःस्थापित प्रतिनिधिसभाले सर्वदलीय सरकारको गठन गरी प्रतिनिधिसभाको पहिलो बैठकमा मुलुकमा जारी हिंसात्मक द्वन्द्वलगायत समग्र समस्याको समाधान संविधानसभामार्फत हुन सक्छ भनी जरुरी प्रस्तावलाई सर्वसम्मतिले पारित गरी मुलुक संविधानसभामार्फत नयाँ संविधान बनाउने पहिलो खुड्किलामा पाइला चालेको देखिन्छ । यसलाई बढी जिम्मेवार र राजनीतिक वैधता दिन प्रतिनिधिसभाको घोषणा- २०६३ र अन्तरिम संविधान मस्यौदा समितिको गठनलाई लिन सकिन्छ । अन्तरिम संविधानको स्रोतको रूपमा २०६३ सालको जनआन्दोलन, २०४६ सालको जनआन्दोलनको उपलब्धि, प्रतिनिधिसभा घोषणा २०६३ आचारसंहिताको प्रस्तावना, २०४७ सालको संविधानलाई समेत आधार मानी लोकतान्त्रिक गणतन्त्रलाई गन्तव्य बिन्दु मान्दै अन्तरिम संविधानको मस्यौदा तयार गरिँदै छ । अब यो अन्तरिम संविधानको अनुमोदन कसले गर्ने, यसको अनुमोदनपछि अन्तरिम सरकार कस्तो बनाउने भन्ने टीका टिप्पणी र विचार समेत आएको देखिन्छ ।

## अन्तरिम संविधानको अनुमोदन

अन्तरिम संविधानको अनुमोदन विश्वका जुनसुकै प्रजातान्त्रिक मुलुकमा पनि (१) जनमत संग्रह (२) राष्ट्रप्रमुख (३) सरकार प्रमुख (४) संसद्बाट अनुमोदन गर्ने गरिएको पाइन्छ । हाम्रो सन्दर्भमा जनताको सार्वभौमसत्ता खास गरी राजनीतिक सार्वभौमसत्ताको प्रयोग जनआन्दोलनमार्फत प्रतिनिधिसभाको पुनःस्थापनामा गएर टुंगिएको छ । जब प्रतिनिधिसभाको मुख्य स्रोत जनआन्दोलन हो भनेर मानिन्छ भने अन्तरिम संविधानको समेत अनुमोदन प्रतिनिधिसभाले नै गर्नुपर्ने हुन्छ । यसरी मात्रै जनताको राजनीतिक सार्वभौमसत्ता अन्तरिम संविधानमा हस्तान्तरण हुन जान्छ । त्यसैले अन्तरिम संविधानको अनुमोदनपछि प्रतिनिधिसभा स्वतः विघटन हुनु पर्छ । यदि प्रतिनिधिसभालाई अन्तरिम संसद् भनी माओवादी+नागरिक समाजका मानिसहरूलाई अन्तरिम संसद्मा ल्याउने प्रयास गरियो भने जनताको राजनीतिक सार्वभौमसत्तामाथिको अधिकार कुण्ठित हुन जान्छ । त्यसैले यसलाई नलम्ब्याईकन विघटन गरिनु अपरिहार्य हुन्छ । यसको उदाहरण पोल्यान्डलाई लिन सकिन्छ । तर, राज्यपरिषद् र अन्तरिम सरकार भने गठन गरिनुपर्छ ।

## राज्यपरिषद्को गठन

प्रतिनिधिसभामा माओवादी, नागरिक समाज, वर्ग, पेसा, क्षेत्र, जनजाति समेत सहभागिता नभएकाले हालको प्रतिनिधिसभा स्वतः खारेज गर्नुपर्दछ । राज्य सञ्चालनमा सहयोग पुर्‍याउन प्रधानमन्त्रीको नियुक्ति, अन्य मन्त्रीहरूको नियुक्ति र सरकारी काम, कारबाहीको अनुगमन गर्न राज्यपरिषद्ले प्रधानमन्त्रीको नियुक्ति गर्ने व्यवस्था हुनुपर्ने र राज्यपरिषद्को सिफारिसमा अन्य मन्त्रिपरिषद्का सदस्यहरू प्रधानमन्त्रीले नियुक्ति गर्नुपर्ने हुन्छ । यसलाई राज्यको समग्रमा राजनीतिक निर्णयहरूमा सहयोग तथा अनुगमनसमेत गर्ने सर्वाधिकार सम्पन्न गर्नु पर्छ ।

दक्षिण अफ्रिकामा ट्रान्जिसन एक्जुकेटिभ कमिटी (संक्रमणकालीन कार्यकारी समिति) ऐन १९९३ अन्तर्गत राज्य सञ्चालनका लागि राज्यपरिषद् गठन गरिएको थियो । उक्त परिषद्ले सरकारको काम, कारबाहीको अनुगमन गर्ने, सरकारको नियन्त्रण, नियुक्ति, पदमुक्ति गर्ने, संविधानसभाको निर्वाचनका लागि राजनीतिक वातावरण तयार गर्ने आदि कार्य गर्ने अधिकार पाएजस्तै यहाँ पनि सोही प्रयोजनका लागि सर्वाधिकार सम्पन्न एक राज्यपरिषद् गठन गर्नुपर्ने हुन्छ ।

## अन्तरिम सरकार

अन्तरिम संविधानको अनुमोदन प्रतिनिधिसभाले अथवा राजनीतिक गोलमेच सम्मेलनले गरेपछि वर्तमान सर्वदलीय सरकार, प्रतिनिधिसभा, वर्तमान संविधान, जनसरकारको विघटन अपरिहार्य देखिन्छ । त्यसपछि अन्तरिम संविधानबमोजिम नै अन्तरिम सरकार गठन हुनु पर्छ । संविधानसभाबाट नयाँ संविधान निर्माण गर्न गठित अन्तरिम मन्त्रिपरिषद् एकदमै प्रजातान्त्रिक हुनु पर्छ । किनभने सरकारका तीन अंगहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामध्ये राज्यको इच्छाशक्तिलाई कार्यान्वयन गर्ने अंगको रूपमा कार्यपालिका रहेको हुन्छ । यस किसिमको कार्यपालिको अन्तरिम सरकारको रूपमा पनि त्यतिकै महत्त्व रहन्छ । राज्यको कानुनलाई प्रचलन गर्ने निकाय नै कार्यकारिणी भएकाले देशको कार्यकारिणी तथा राजकीय सत्ता एवं शासनाधिकार समेत अन्तरिम सरकारमा रहने गरी अन्तरिम संविधान लेखिनु पर्छ ।

## अन्तरिम सरकारको हैसियत

यो अन्तरिम सरकार गैरसंसदीय सरकार हुन्छ । यो सरकारमा प्रधानमन्त्रीय पद्धतिको सहमतीय

शासनप्रणालीमा आधारित सरकारको हैसियत रहन्छ । त्यसैले बेलायती सरकारको जस्तो संसदीय सरकारको रूपमा रहेको 'बढी दायित्व कम स्थायित्व' यसमा रहँदैन, न त अमेरिकी र स्विस सरकारको जस्तो 'बढी स्थायित्व कम दायित्व'को जस्तो हैसियत हुन्छ ।

सरकारको प्रमुख प्रधानमन्त्री रहने र नाम मात्रको राष्ट्र प्रमुखको रूपमा राजा रहन सक्छन् । राजा राख्ने नराख्ने विषयमा राजनीतिक सहमति जनमत संग्रहबाट टुंगो लगाउनु जरुरी मानिन्छ । यदि त्यसो हुन सकेन भने राजा रहने नरहने संविधानसभाबाटै निर्क्योल गर्ने व्यवस्था मिलाउनुपर्छ । अन्तरिम सरकारले अन्तरिम संविधान, राज्यपरिषद् र जनताको नाममा शपथ खानु पर्छ ।

## उत्तरदायी तथा जवाफदेहिता

प्रधानमन्त्रीय पद्धतिको मन्त्रिपरिषद् अन्तरिम संविधान, राज्यपरिषद् र जनताप्रति उत्तरदायी हुनुपर्ने हुन्छ । यसमा व्यक्तिगत तथा सामूहिक उत्तरदायित्वको प्रश्न पनि समावेश हुने हुँदा मन्त्रीहरू व्यक्तिगत रूपमा, प्रधानमन्त्री, मन्त्रालय, संविधान, जनता र सरकारको नीति नियमप्रति उत्तरदायी रहनु पर्छ । संविधान राज्यपरिषद् र जनताप्रति उत्तरदायी हुनु पर्छ ।

अन्तरिम सरकारको समयावधि संविधानसभाले नयाँ संविधान बनाई अनुमोदन गरेर अर्को अन्तरिम सरकार नबन्दासम्म रहन सक्नेछ ।

## अन्तरिम सरकारको काम, कर्तव्य र अधिकार

अन्तरिम सरकार सक्षम, कार्यकारी, राजकीय एवं शासनाधिकार सम्पन्न सरकार हुने भएकोले यो सरकारको काम, कर्तव्य र अधिकार निम्न हुनेछन् :

- संविधासभाको निर्वाचन स्वतन्त्र र निष्पक्ष तवरले सम्पन्न गर्ने,
- संविधान बनाउन सहयोग गर्ने,
- शान्ति, सुरक्षा, विकास निर्माणका काम गर्ने,
- राष्ट्रिय एकता, सार्वभौमसत्ता, अखण्डतामा आँच आउने नदिने
- अन्तर्राष्ट्रिय सन्धि सम्झौता लगायतका सम्बन्धित कामहरू गर्ने
- राज्यका सम्पूर्ण निकाय, अंगहरूमा पुनर्नियुक्ति गर्ने, शपथ ग्रहण गर्न लगाउने,
- हतियार व्यवस्थापन गर्ने,
- नीति निर्माण गर्ने, त्यसको कार्यान्वयन गर्ने,
- बजेट निर्माण तथा कार्यान्वयन गर्ने अध्यादेश जारी गर्ने तथा कार्यान्वयन गर्ने,
- राज्यपरिषद्ले दिएको सल्लाह तथा अन्तरिम संविधानबमोजिम अन्य भइपरी आउने कार्य गर्ने ।

## अध्यादेश

यो मन्त्रिपरिषद् गैरसंसदीय मन्त्रिपरिषद् रहने भएकाले र प्रतिनिधिसभाको विघटनसमेत हुने हुँदा यसलाई नयाँ संसद् नआउन्जेलसम्मको लागि व्यवस्थापकीय अधिकार पनि दिनु पर्छ । संविधानसभाको निर्वाचनसम्बन्धी ऐन, कानुन निर्माणदेखि अन्य ऐन कानुनसमेत बनाई लागू गर्न सक्नेसम्मको अधिकार यो सरकारलाई दिइनु पर्छ ।

## अन्तरिम सरकारको नियन्त्रण

अन्तरिम सरकार र गैरसंसदीय प्रधानमन्त्रीय पद्धति भएकाले, राज्यपरिषद् र जनता, नागरिक समाजसमेत विश्वासको मत जाहेर गरेर अविश्वासको मत जाहेर गरेर, प्रश्न गरेर प्रस्ताव पारित गरेर, राज्यपरिषद्को बैठक चलाएर, जनता र राज्यपरिषद्मा छलफल चलाएर अन्तरिम सरकारलाई नियन्त्रण गर्न सक्ने प्रावधान अन्तरिम संविधानमा व्यवस्थित गर्न सकिन्छ ।

## अन्तरिम सरकारको विघटन

अर्को अन्तरिम सरकार गठन भएमा, निर्वाचित सरकार गठन भएमा, राज्यपरिषद्को सहमतिमा र राजीनामा दिएमा अन्तरिम सरकार विघटन हुन सक्नेछ ।

## निष्कर्ष

अतः वर्तमान प्रतिनिधिसभा ऐतिहासिक जनआन्दोलनमार्फत पुनःस्थापना भएकाले यसलाई संवैधानिकभन्दा राजनीतिक वैधता प्राप्त छ । यसले हालसम्म गरेका राजनीतिक घोषणाहरू पनि राजनीतिक वैधता प्राप्त भएकाले न्यायिक पुनरावलोकन हुन नसक्ने मान्यता रहन्छ । संसद्मार्फत सर्वदलीय सरकारको गठन, सर्वदलीय सरकार र माओवादीमार्फत वार्ताटोलीको गठन, वार्ताटोलीमार्फत अन्तरिम संविधान मस्यौदा समितिको गठन भएकाले अन्तरिम संविधानको प्रतिनिधिसभाले अनुमोदन गरेपछि प्रतिनिधिसभा रहिरहनु औचित्यपूर्ण रहँदैन । त्यसैले यसको अन्तरिम संविधानको अनुमोदन पछि तत्काल भंग गर्नुपर्ने अनिवार्यता रहन्छ ।

प्रतिनिधिसभाको वैकल्पिक व्यवस्थामा सात राजनीतिक दल र माओवादी समेतको राजनीतिक सहमतिकै आधारमा राज्यको सम्पूर्ण राजनीतिक अधिकारप्राप्त सर्वाधिकारसम्पन्न राज्यपरिषद् गठन गरी राजनीतिक निर्णय गर्न सक्ने सक्षम बनाइनु पर्छ । जसले अन्तरिम सरकारको गठन, नियन्त्रण समेत गर्न सकोस् । यसैबाट संविधानसभासम्म जाने बलियो आधार बन्न सक्छ । अन्यथा संविधानसभाको निर्वाचन हुन सक्ने सम्भावना न्यून हुँदै जान सक्छ । मुलुक फेरि २००७ देखि २०१५ सालसम्मको अवस्थाको अनिर्णयको बन्दीको रूपमा पुग्न जान्छ । जसबाट संविधानसभाको निर्वाचनको परिकल्पना समेतको अन्त्य हुन सक्छ । तसर्थ अन्तरिम संसद्भन्दा त्यसको बदलामा सर्वाधिकारसम्पन्न राज्यपरिषद्को गठन त्यसपछि अन्तरिम सरकार गठन गरी मुलुकलाई संविधानसभामार्फत नयाँ संविधान चाँडोभन्दा चाँडो दिनु श्रेयस्कर हुनेछ ।

*(अधिवक्ता ज्ञवाली संवैधानिक कानुनका ज्ञाता हुन् ।)*


## मकालु यातायातको बस सेवा

कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| भद्रपुर | बिहान ५.१० बजे | कलैया | बिहान १०.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| मलङ्वा | बिहान ६.३५ बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| जनकपुर | बिहान ७.२० बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| गौर | बिहान ६.५५ बजे | वरथवा | बिहान ७.४० बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | | |
| पोखरा | बिहान ७.३० बजे | | |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| | | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| मलङ्वाबाट | बिहान ५.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | | |
| गौरबाट | बिहान ५.३० बजे | | |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्वामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८ ।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ ।*

# सानदार वेगमा

■ मधुसूदन पौडेल/काठमाडौं

**चिल्ला कार** अब धनाढ्यहरूको एकाधिरमा रहेनन्। मध्यमवर्गीय नेपाली पनि चिल्ला कार हुइँकाउन सक्छन्, अलिकति राम्रो जागिर वा आम्दानी छ भने। बेफुर्सदीहरूका लागि कार 'विलासिता'को साधनबाट आवश्यकताको वस्तु बनिरहेको छ। यही वातावरणबाट फाइदा हात पार्न नेपालका कार व्यापारीमात्रै हैन, विश्वका ख्यातिप्राप्त गाडी उत्पादक कम्पनीहरू पनि लागिपरेका छन्, नेपालीको हैसियतअनुसारका कार निर्यात गरेर। गाडीको बढ्दो व्यापारले निर्माता र व्यापारीको मुनाफा चुलिँदै जाने क्रम जारी त छ नै, यसको प्रत्यक्ष फाइदा नेपाली बैंक र बिमा कम्पनीहरूलाई पनि भएको छ।

विश्वमा गरिब मुलुकको परिचय बोकेको नेपालका सहरमा अन्तर्राष्ट्रिय बजारमै महँगा मानिने कारहरू गुडिरहेका छन्, सम्पन्न मुलुकहरूमा जस्तै। विश्व बजारका अत्यन्तै महँगा रोल्स रोयस, जागुवर कारका नवीनतम संस्करणहरू राजा ज्ञानेन्द्र र उनका परिवारमा सीमित रहेको मान्ने हो भने पनि मर्सिडिज, बिएमडब्लु र त्यसपछिका प्राडो, पजेरो, ल्यान्ड क्रुजर र होन्डा कारहरू नेपाली धनाढ्य एवं राजनीतिज्ञहरूका लागि प्रिय बनिरहेका छन्।

तर न्यूनतम १० लाख रुपैयाँको हाराहारीमा नेपाली बजारमा पाइने कारबाट राम्रो आम्दानी हुने मध्यमवर्गीय नेपालीहरू पनि लाभान्वित बनिरहेका छन्। भारतीय बजारबाट आउने मारुती, टाटा इन्डिका, जिटादेखि तेस्रो मुलुकबाट भित्रने किया मोटर्सको पिकान्टो र हुन्डाईको सान्ट्रो जस्ता कारहरू उनीहरूका लागि उपयोगी सावित भएका छन्। साना कारमा धेरै बिक्री हुने गाडीको सूचीमा छन् यस्ता कारहरू। व्यापारीहरूका लागि भने यारिस, कोरोला जस्ता २५ लाख रुपैयाँ भन्दा बढी पर्ने मध्यम खालका कारहरू लोकप्रिय बनिरहेका छन्।

कारको व्यापार राजधानीमा अहिले निकै प्रतिस्पर्धी बनिरहेको छ। देशका मुख्य सहरहरूमा पनि यसको प्रभाव बढिरहेको छ। अन्तर्राष्ट्रिय बजारमा आएका नयाँ मोडेलका कार नेपाली बजारमा भित्रिन धेरै दिन कुर्नु पर्दैन। अन्तर्राष्ट्रियस्तरमा ख्यातिप्राप्त कार कम्पनीका नेपालस्थित अधिकृत बिक्रेताहरू आफ्नो व्यापार बढाउने कलामा निकै अगाडि बढिसकेका छन्। नयाँ/नयाँ 'अफरहरू'सहित उनीहरू ग्राहकको दैलोमा पुग्छन्, प्रत्येकले थप सेवा दिने वाचा गर्छन् र बैंकहरूबाट वित्तीय सपोर्ट समेत उपलब्ध गराउन सहयोग पुर्‍याएर ग्राहकलाई आफ्ना गाडी बेचिरहेका छन्। गुणस्तरीय सेवाका लागि बढ्दै गएको प्रतिस्पर्धाको फाइदा उपभोक्ताले प्रत्यक्ष महसुस गरेका छन्।

नेपाली अर्थतन्त्रका लागि बितेको दशकले सकारात्मक सन्देश दिन सकेन। अझ पछिल्ला वर्षहरूमा त आर्थिक निराशा नै छायो। तर, सामान्यतया अर्थतन्त्रको अवस्था नाप्ने गाडीको व्यवसायले भने यो अवधिमा पनि निराशा भोग्नु परेन। वास्तवमा बढ्दै गएको द्वन्द्व र खुम्चिँदै गएको विकासको फाइदा यो क्षेत्रले हात पारेको छ, एक हदसम्म। बैंकहरूका लागि लगानीका सुरक्षित क्षेत्र सकिँदै गएपछि उनीहरू गाडीको लगानीमा केन्द्रित बने। यसबाट बैंकहरूले संकटमा पनि आफ्नो मुनाफा जोगाउन सफल भए भने अर्कोतर्फ मध्यम आय हुनेहरूलाई गाडी चढ्ने रहर पनि पूरा गरिदिए। नेपाल अटोमोवाइल्स डिलर्स एसोसिएसन (नाडा)का अध्यक्ष हिक्मतबहादुर माली भन्छन्, 'बैंकहरूले लगानी नगर्ने हो भने गाडीको बिक्री नै हुँदैन।'

हुन पनि साना कारदेखि सार्वजनिक यातायातका साधनहरूमा बैंकले ९० प्रतिशतसम्म लगानी गरिदिन्छन्, दस प्रतिशतभन्दा कम ब्याजदरमा। सार्वजनिक यातायात संचालन गर्नेहरूले 'कमाएर तिर्ने' अवसर पाएका छन्। जसका कारण साना वा ठूला गाडीको व्यापारमा कुनै कमी आएको छैन। यसको प्रत्यक्ष फाइदा बिमा कम्पनीहरूले पनि उठाएका छन्। किनभने बैंकको लगानी रहने गाडीहरूको अनिवार्य बिमा गरिन्छ। आफैं लगानी गरिएका साना गाडीको बिमा गर्ने प्रचलन थोरै छ, नेपालमा। लुम्बिनी जनरल इन्स्योरेन्सका म्यानेजिङ डाइरेक्टर शैलेन्द्र श्रेष्ठ भन्छन्, 'अधिकांश निजी गाडीहरूको बिमा गरिएको हुँदैन। जब कि अरु देशमा गाडीको बिमा गर्नु सामान्य प्रक्रिया भइसकेको छ।' हुन त निजी गाडीहरूको बिमा शुल्क महँगो रहेका कारण पनि अधिकांश गाडी बिमाको दायराभित्र आउन नसकेको हो।

## बढ्दो व्यापार

नेपाली बजारमा गाडीको व्यापार फस्टाउँदो छ। तर, आम नेपालीको आयमा वृद्धि हुन नसक्दा यसले गति लिन भने सकेको छैन। नेपाल अटोमोवाइल्स डिलर्स एसोसिएसनका लालामोहन सिंखडा भन्छन्, 'आर्थिक वृद्धि नभएसम्म गाडीको व्यापार पनि बढ्न सक्दैन। विकासमा रकम खर्च भएको भए गाडीको बिक्री पनि स्वभाविकै रुपमा वृद्धि हुन्थ्यो।' कन्टिनेन्टल ट्रेडिङ इन्टरप्राइजेजका अध्यक्ष सुधीर घिमिरेको विश्लेषणमा 'नेपाली

## नेपालमा भित्रिएका महँगा कारहरू

| कारको नाम | मूल्य रु. (करिब) |
|---|---|
| जागुवर | ७ करोड |
| रोल्स रोयस | ५ करोड |
| लिमोजिन | ५ करोड |
| मर्सिडिज | ३ करोड |
| बिएमडब्लु | १ करोड |
| प्राडो | १ करोड |
| पजेरो | ७४ लाख |
| होन्डा | ५० लाख |

## कसरी महँगो हुन्छ गाडी ?

यदि अन्तर्राष्ट्रिय बजारमा १० लाख रुपैयाँ पर्ने कार छ भने:

| | | |
|---|---|---|
| भन्सार | ५५ प्रतिशत | ५ लाख ५० हजार |
| विशेष शुल्क | ५ प्रतिशत | ५० हजार |
| स्थानीय विकास शुल्क | १.५ प्रतिशत | १५ हजार |
| क्लियरिङ, डिलर मार्जिन, फरवार्डिङ | २०-२५ प्रतिशत | २ लाख ५० हजार |
| बैंक चार्ज | | २० हजार |
| जम्मा | | १८ लाख ८५ हजार |
| अन्तःशुल्क | ५३ प्रतिशत | ९ लाख ९९ हजार |
| जम्मा | | २८ लाख ८४ हजार |
| भ्याट | १३ प्रतिशत | ३ लाख ७४ हजार |
| नेपाली बजारमा कारको कुल मूल्य | | ३२ लाख ५८ हजार |

बजारमा गाडीको बिक्री सुरु नै भएको छैन।' मलेसियाको उदाहरण पेस गर्दै उनी भन्छन्, 'नेपालको जति जनसंख्या भएको मलेसियामा वार्षिक ५ लाख गाडी बिक्री हुन्छन्। नेपालमा पनि वार्षिक ४ लाख गाडी बिक्री भएमा मात्रै सन्तोष मान्न सकिन्छ।'

नेपालमा आर्थिक वर्ष २०६१/०६२ मा मोटरसाइकल समेत गरी ४० हजार ५ सय ३१ गाडी बिक्री भएका छन्। यो संख्या २०५४/०५५ मा बिक्री भएका गाडीको संख्यामा दोब्बर बढी हो भने २०५८/२०५९ को तुलनामा केही कम। यो वर्ष नेपालमा साढे ४९ हजार गाडी किनबेच भएको थियो। यसले पछिल्ला वर्षहरूमा नेपालमा गाडी बजार फराकिलो बन्दै गएको देखाउँछ। तर, यो संख्यामा मोटरसाइकलको संख्या झिकिदिने हो भने साना कार, बस र ट्रकहरूको बिक्री करिब १० हजारमा सीमित रहन्छ।

नेपालमा मोटरसाइकल सबैभन्दा बढी बिक्री कार, जिप र भ्यानको हुने गरेको छ। त्यसपछि बस, ट्रक, ट्रयाक्टर र ट्यांकरहरूको। यातायात व्यवस्था विभागको पछिल्लो तथ्यांक २०६१/०६२ मा ४ हजार ७ सय ८१ वटा कार, जिप र भ्यानको कारोबार भएको थियो। यसै वर्ष ७ सय ५३ बस, २ सय ८५ मिनीबस, १ हजार ३ सय ८५ ट्रक/ट्यांकर र १ हजार ३ सय ७४ ट्रयाक्टर उपभोक्ताले खरिद गरेका थए।

सरकारी तथ्यांकअनुसार नेपालमा ७८ हजार कार, जिप भ्यान, १३ हजार बस, ४ हजार मिनी बस, ३३ हजार ट्रयाक्टर र १ हजार ७ सय माइक्रोबस र २७ हजार ट्रक/ट्यांकर रहेका छन्। तर, मोटरसाइकलको संख्या भने ३ लाखभन्दा पनि बढी रहेको छ। २०६२ सालसम्म नेपालमा ४ लाख ७२ हजार ७ सय गाडी रहेको तथ्यांक विभागको छ।

राजधानी लगायतका सहरी क्षेत्रमा माइक्रोबस अहिले लोकप्रिय सार्वजनिक सवारीसाधन बनिरहेको छ। यसै

## विद्युतीय कार



सानो आकारमा चिटिक्क परेको छ, यो कार। अझ त्योभन्दा पनि महत्त्वपूर्ण कुरा त प्रदुषित काठमाडौंमा उसले कत्ति पनि धुवाँ थप्नेछैन। तर, यो सुन्दर कारमा अरु कसैको नभएर सरकारकै आँखा परेपछि कसको के लाग्छ? हो, पाँच वर्षदेखि यही नियति भोग्नु परेको छ, रेभा इलेक्ट्रिक कारले।

प्रदूषणको चपेटामा पर्दै गएको काठमाडौंका लागि उत्तम विकल्प हुने अनुमानका आधारमा अमेरिकी नागरिक जीवन गोफले सन् २००१ मा यो कार नेपाल भित्र्याउने प्रयास गरेका थिए। वातावरण संरक्षणका लागि सरकारले इलेक्ट्रिक गाडीहरूको आयातमा १० प्रतिशतमात्रै भन्सार लाग्ने सुविधा दिइरहेको त्यो बेला काठमाडौंमा ती कारको व्यवसाय पनि चम्किने आशामा थिए उनी। तर, भयो ठिक उल्टो। जब उनका पाँचवटा कार भारतबाट वीरगन्ज आइपुगे, भन्सारका अधिकारीहरू ती कार इलेक्ट्रिक मान्न तयार भएनन्। भारत, युरोप र अमेरिकामा पनि इलेक्ट्रिक कार भएकै कारण वातावरण संरक्षणका लागि थप प्रोत्साहन गरिएका यी कारलाई नेपाल सरकारले भने इलेक्ट्रिक कार हैन भनेपछि गाडी भन्सारमै छोडिदिए उनले। किनभने भन्सार छुटमा नेपाल ल्याउँदा मात्रै यसको व्यापार सम्भव थियो। तर, अरू कारहरूले जस्तै १ सय ४० प्रतिशत भन्सार तिर्दा यो सानो कारको मूल्य १५ लाख रुपैयाँ पर्थ्यो, जुन मूल्य एकदमै महँगो हो।

दुई वर्ष भन्सारमा राखेर लिलाम गर्न खोज्दा पनि कोही किन्न तयार भएनन्। अन्ततः जसले कार ल्याएर भन्सारमै छोडिदिएको थियो, उसैले किन्नुपर्‍यो लिलामी हुँदा पनि। गोफ भन्छन्, 'नयाँ कार ६ लाख रुपैयाँमा ल्याएका थियौं, दुई वर्षपछि २ लाख रुपैयाँमा फेरि लिलामीमा किन्यौं।' भन्सारमा रहँदा ती कारका सिट मुसाले खाएका छन्। कारको आकर्षणमा असर परेको छ। तै पनि 'इको भिजन' नेपालले मर्मत गरेर ती मध्ये ४ वटा कार बिक्री गरेको छ भने एउटा अझै बाँकी छ।

दुईजना बच्चासहित चार जनासम्म सहर घुम्न मिल्ने यो पारिवारिक कार हो। रातभरिको विद्युत् चार्जबाट ८० किलोमिटरको यात्रा गर्न सकिन्छ यसबाट। यसको ब्याट्री ९ युनिट बिजुलीबाट पूरा चार्ज हुन्छ। यसको प्रत्यक्ष फाइदा भने पेट्रोलियम पदार्थका लागि विदेशिने नेपाली रुपैयाँ जोगिन्छ। आवाजविहीन र आकर्षक डिजाइनको यो कार माथिल्लो आर्थिक हैसियत हुनेहरूका लागि सोख पूरा गर्ने साधन पनि बन्न सक्छ। विश्वसम्पदा सूचीभित्रै रहेको काठमाडौं उपत्यकामा वातावरण संरक्षणवादीहरूका लागि आफ्नो प्रतिबद्धता प्रदर्शन गर्ने राम्रो साधन बन्न सक्छन् यी कार। तर, सरकार भने अहिले पनि सकारात्मक बन्न सकिरहेको छैन, यो कारप्रति। उसले १ सय २४ प्रतिशत कर लगाएर नेपाली बजारमा यो कारको प्रवेशलाई हतोत्साहित गरिरहेको छ। ■



अनुपातमा माइक्रो बसको बिक्रीमा पनि व्यापकता आएको छ। २०५९ सालदेखि प्रचलनमा आएका यस्ता माइक्रोबसको संख्या अहिले १ हजार ७ सय पुगेको छ, नेपालभरि। तर, काठमाडौंमा मात्रै १ हजार ४ सय ८२ माइक्रोबस गुडिरहेका छन् भने पोखरामा २ सय। बाँकी माइक्रोबसको सेवा अन्यत्रका बासिन्दाले पाएका छन्।

जापान, कोरिया लगायतका मुलुकबाट ल्याइएका माइक्रोबसको व्यवसायका कारण ठूला गाडीको बिक्रीमा समेत नकारात्मक असर पर्न थालेको छ। सानो बाटो र अव्यवस्थित ट्राफिकले गर्दा सहरभित्र र राजमार्गमा जाम हुने हुँदा यात्रुहरू धेरै पैसा तिरेर पनि माइक्रोबसमा चढ्दा रुचाउँछन्। नाकाजु मोटर्सका प्रबन्ध निर्देशक केदार लामिछाने भन्छन्, 'बग्गी गुडाउन बनेका सडकमा अहिले हजारौं गाडी गुडिरहेका छन्।' टोयोटा, किया लगायतका कम्पनीका माइक्रोबसहरू अहिले ठूला गाडीका प्रतिस्पर्धी बनेका छन्। क्युब इन्टरकन्टिनेन्टल प्रालिले बिक्री गरिरहेका 'आइसर' जस्ता बस लोकप्रिय बनिरहेका छन्। स्कुल बस र पर्यटकीय सेवामा पनि यी गाडीको माग बढिरहेको छ। नेपालको गाडी उद्योगमा प्रत्यक्ष रुपमा १० लाख मानिसले रोजगारी पाएका छन् भने कुल सरकारी राजस्वमा १८ प्रतिशतभन्दा बढीको योगदान रहेको छ। आफ्नो अनुभव सुनाउँदै हुन्डाईको आधिकारिक बिक्रेता एम्को इन्टरनेसनल प्रालिका मार्केटिङ म्यानेजर सुनिल क्षेत्री भन्छन्, 'गाडी व्यवसायले नेपालमा पनि ठूलो फड्को



## ख्यातिप्राप्त ब्रान्ड टोयोटा

'टोयोटा' अन्तर्राष्ट्रिय बजारको ख्यातिप्राप्त ब्रान्ड हो। विश्वमा दोस्रो ठूलो गाडी उत्पादक कम्पनी टोयोटाको नेपालमा पनि अत्यन्तै सशक्त उपस्थिति छ, उच्च गुणस्तरका कारण। प्राडो, ल्यान्ड क्रुजर, र्‍याभ-४, यारिस, कोरोला जस्ता टोयोटाका कार नेपालमा निकै लोकप्रिय छन्। प्राडोको मूल्य ७५ लाख रुपैयाँसम्म पर्छ र ल्यान्ड क्रुजरको १ करोड १५ लाखसम्म। यारिस र कोलोराको मूल्य साढे २४ लाखदेखि करिब २८ लाख रुपैयाँसम्म पर्छ। यी गाडीका साथै टोयोटाका हायस, कोस्टर र हुलेक्स जस्ता गाडी पनि बजारमा बढिरहेका छन्। वार्षिक ३ सयभन्दा बढी गाडी बिक्री गर्दै आएको टोयोटाले यो वर्षदेखि आफ्नो वार्षिक लक्ष्य ६ सय गाडी बेच्ने बनाएको छ।

महाप्रबन्धक विनोद अर्याल भन्छन्, 'हामीलाई लक्ष्य पूरा गर्न गाह्रो पर्दैन।' टोयोटाले सार्वजनिक यातायात संचालन विश्वमै नाम कमाएको हिनो बस पनि भविष्यमा नेपाल भित्र्याउने लक्ष्य राखेको छ। ३० सिट क्षमता रहने यी बसको मूल्य करिब ३५ लाख रुपैयाँ पर्नेछ। नेपालमा रात्रिबस संचालनका लागि उपयुक्त देखिएका कारण उक्त बस भित्र्याउने सोच बनाइएको महाप्रबन्धक अर्याल बताउँछन्। ■



मारेको छ भन्न सकिन्छ ।'

### अहिले अन्तःशुल्कको मार

विश्व व्यापार संगठनको सदस्यका नाताले भन्सार कर घटाउँदै जानु पर्ने नियमप्रति चनाखो देखिए पनि अन्तःशुल्क वृद्धि गरेर सरकारले गाडी व्यवसायलाई अहिले एकहदसम्म नकारात्मक असर पुऱ्याएको छ । अर्थमन्त्री रामशरण महतले आर्थिक वर्ष २०६३/०६४ को बजेटमा १ हजार सिसिभन्दा माथिका निजी सवारीसाधनमा लाग्दै आएको भन्सार ८० प्रतिशतबाट ५५ प्रतिशतमा झारेका छन् । तर, अन्तःशुल्क भने ३२ प्रतिशतबाट वृद्धि गरी ५३ प्रतिशत पुऱ्याएका छन् । यसरी बढाइएको अन्तःशुल्क गाडी बिक्री गर्दा अन्तिम मूल्यमा लगाउनु पर्ने व्यवस्था मिलाइएको छ, जसका कारण कारको मूल्यमा १२ देखि १५ प्रतिशतसम्म वृद्धि हुने व्यवसायीहरूले बताएका छन् ।

बजेट आएको तीन सातासम्म पनि नेपालका अधिकृत बिक्रेताहरूले गाडीको अन्तिम मूल्य तोक्न सकिरहेका छैनन् । त्योभन्दा पनि ठूलो मार त असार मसान्तअघि अर्डर लिएर झिकाइएका गाडीको बिक्रीमा परेको छ । ग्राहकले अर्डर गर्दाको समयको मूल्य तिर्ने तर बिक्री मूल्यमा अन्तःशुल्क जोड्दा न्यूनतम २ लाख रुपैयाँ बढी पर्ने भएपछि व्यवसायीलाई समस्या परेको हुन्डाईका म्यानेजर श्रेष्ठ बताउँछन् । यसै कारण तेस्रो मुलुकबाट आयात गरिएका गाडीहरू कोलकातामै थन्किरहेका छन् । ■

## ग्राहक सेवामा किया मोटर्स



कोरियाको पुरानो मोटर उत्पादक कम्पनी हो, किया मोटर्स । सन् १९९६ मा हुन्डाईले कियाको अधिकांश सेयर खरिद गरेको भए पनि उसले 'किया' कै लोकप्रिय ब्रान्डमा विश्वबजारमा आफ्नो सशक्त उपस्थिति देखाएको छ । विश्व मोटर बजारमा किया सातौं स्थानमा रहेको बताउँछन्, नेपालका लागि किया मोटर्सका अधिकृत बिक्रेता कन्टिनेन्टल ट्रेडिङ प्रालिका अध्यक्ष एवं मुख्य कार्यकारी अधिकृत सुहृद घिमिरे ।

सन् १९९५ देखि नेपालमा किया मोटर भित्रिएको भए पनि २००० देखि मात्रै व्यवस्थित रुपमा बिक्री वितरण सुरु भएको हो । अध्यक्ष घिमिरे भन्छन्, 'अहिले वार्षिक ६ सयवटासम्म किया मोटर बजारमा जान्छन् ।' तेस्रो मुलुकबाट नेपाल आयात गरिने गाडीहरूमध्ये सबैभन्दा बढी बिक्री कियाकै रहेको दाबी गर्छन् उनी ।

गुणस्तरीय सेवाका लागि ग्राहकलाई अधिकतम सुविधा पुऱ्याउनु कियाको लक्ष्य बनेको छ, अहिले । त्यसैले जुन ठाउँमा गाडीमा समस्या देखिन्छ, त्यहीँ पुग्छन् कियाका प्राविधिकहरू । 'अनलाइन सर्भिस'को व्यवस्थाअन्तर्गत मुलुकको जुनसुकै ठाउँमा गाडी बिग्रिएमा पनि तीन घन्टाभित्र उक्त स्थानमा आफ्ना प्राविधिक पुगिसक्ने बताउँछन्, अध्यक्ष घिमिरे । किया क्लबका सदस्यहरूका लागि थप सेवाको व्यवस्था मिलाइएको छ ।

पिकान्टो, स्पोर्टेज, सेराटो लगायत १० प्रकारका कियाका मोटर पाइन्छ, नेपालमा पनि । कियाका माइक्रो र मिनी बस पनि संचालनमा आएका छन् । यस्ता गाडीको मूल्य १० लाखदेखि ४४ लाख रुपैयाँसम्म पर्छ । ■





# गुणस्तरीय पजेरो

**नेपाली बजारमा** पजेरो जति चर्चित छ, गुणस्तरमा पनि उत्तिकै राम्रो। अमात्य इन्टरप्राइजेज प्रालि पजेरोको अधिकृत बिक्रेता हो भने 'एक्स्कुसिभ डिलर'का रुपमा नाकासु मोटर्सले बजार प्रवर्धन गरिरहेको छ।

६६ देखि ७४ लाख रुपैयाँसम्म पर्ने पजेरो एक हजार नेपाली उपभोक्ताले प्रयोग गरी रहेका छन्। प्रबन्ध निर्देशक केदार लामिछाने भन्छन्, 'ग्राहकले खोज्नासाथ उपलब्ध गराउने लक्ष्य राखेर पजेरो स्टकमा समेत राखिएको छ।' नाकासुले पजेरोका अतिरिक्त लान्सर, कोल्ट, मिनी कारको पनि कारोवार गर्दै आएको छ। ■

# सडक विस्तार गर्नुपर्छ



हिक्मत बहादुर माली, अध्यक्ष नेपाल अटोमोवाइल्स डिलर्स एसोसिएसन

**कस्तो छ, नेपालमा अटोमोवाइल्स व्यवसाय?**

राम्रो छ। गाडीको आयात बढेको छ। अटोमोवाइल्स अन्तर्गत पेट्रोलियम पदार्थ र मोटर पार्टसहरू पनि पर्छन्।

**अर्थतन्त्र ओरालो लागेको समयमा पनि गाडीको व्यापार फस्टाएको देखिन्छ नि?**

यसो हुनुमा बैंकहरूले यस क्षेत्रमा गरेको लगानी हो। अहिले गाडीमा लगानी गर्न बैंकहरूबीच प्रतिस्पर्धा नै चलेको छ। यसले गर्दा मध्यमस्तरको आय हुनेहरूले पनि सजिलै गाडी किन्न पाएका छन्। सुरक्षणका लागि बिमा व्यवस्था छँदै छ। बैंकले लगानी नगर्ने हो गाडीको बिक्री हुन गाह्रो नै छ।

**गाडीको संख्या दिनहुँ बढिरहेको छ, तर काठमाडौंको सडक कहिले बन्ला?**

यो गम्भीर सवाल बनिरहेको छ। त्यसैले एसोसिएसनले सडक विस्तार गर्नुपर्छ भनेर बारम्बार सरकारलाई भनिरहेको छ। तर, कुनै सुनुवाइ हुँदैन। अटोमोवाइल्स क्षेत्रले सरकारको कुल राजस्वमा १८ प्रतिशत योगदान पुऱ्याएको छ। हामी के चाहन्छौं भने कम्तीमा यस क्षेत्रले तिरेको राजस्वको केही अंश सडक विस्तारमा लगाइयोस्।

**सडकमा लगानीका लागि दबाब नै दिनु पर्ने हो कि?**

सरकार कर्मचारीलाई तलब खुवाउन पनि पैसाको अभाव छ भन्ने अवस्थामा छ। यस्तो अवस्थामा हामीले कसरी दबाब दिन सक्छौं र!

**गाडीमा चर्को भन्सार शुल्क लाग्दै आएको छ। खास गरी सस्ता कारहरू पनि विलासिताका वस्तुको दर्जामा राखिएको छ। तर, तपाईंहरू केही बोल्नु हुन्न, किन?**

कारमा १ सय ६० प्रतिशतभन्दा बढि कर लगाइएको छ। यो कर सहितको मूल्यमा कारहरू बिक्री भइरहेका छन् भने व्यवसायीका लागि त खास फरक परेन। सार्वजनिक सवारीका साधनहरू बस, ट्रकहरूमा कम कर लगाएको छ सरकारले।

**तेलमा गरिएको मिसावटले गाडीको आयु घटाउन र वातावरण प्रदूषणमा ठूलो योगदान पुऱ्याएको छ नि?**

हामीले नेपालमा कम्तीमा पनि '९३ अक्टेन'को तेल आयात गर्नुपर्छ भन्दै आएका छौं। तर, अहिले '८८ अक्टेन'को तेल आयात गरिँदै आएको छ। भारतको राजधानीमा '९७ अक्टेन'को तेल प्रयोग गरिँदै आएको छ।




# पेरोडुवाका नयाँ मोडेल



जापानी प्रविधिमा मलेसियाको पेरोडुवा कंपनीले उत्पादन गरेका 'कान्सिल' र 'केलिसा'कारहरू नेपालमा लोकप्रिय बन्दै गएका छन् । सन् २००० देखि नेपालमा ती गाडीहरूको विक्रि वितरण नेमलिङ्क इन्टरनेशनलले गरिरहेको छ ।


अहिले मुख्य रुपमा 'केलिसा' कारको बिक्रि भईरहेको नेमलिङ्का प्रवन्ध निर्देशक मिहिका ध्वाख्वाले बताएकी छन् । उक्त कारको मुल्य अन्त:शुल्कको नयाँ व्यवस्था हुनु अघि साढे १२ लाख रुपैंया तोकिएको थियो । बजारमा यि दुबै कारको संख्या करिब २ सय ५० पुगेको छ । नेमलिङ्कले पेरोडुवाका नयाँ उत्पादन केनाडी, केम्बारा, माईभी लगायतका कारहरू निकट भविष्यमा नेपाल भित्रयाउने छ । ■

# आउँदैछ स्कोडा



भारतीय बजारमा सशक्त उपस्थिती देखाएको स्कोडा कार निकट भविष्यमा नेपाली बजारमा पनि भित्रिदैछ । 'स्कोडा अटो ईण्डिया'द्वारा उत्पादीत उक्त कारले भारतीय कार बजारमा २५ प्रतिशत स्थान ओगटेको दाबी गरिएको छ ।

नेपालमा ब्यापार प्रवर्धनका लागि उक्त कंपनीले अहिले अन्तिम तयारी गरिरहेको छ । भारतमा १० लाख भारतीय रुपैंया पर्ने यो कारको मुल्य नेपाली बजारमा भने ३० लाखभन्दा बढि पर्नेछ । अक्टाभिया, लाउरा र सुपर्ब जस्ता मोडेलहरूमा उपलब्ध हुनेछ । अन्तर्राष्ट्रिय बजारमा एक सय बर्ष पुरानो इतिहास बोकेको स्कोडा कार जर्मनी प्रविधिमा रहेको छ । ■



# यात्रुलाई सास्ती



■ विनोद अर्याल

आम नागरिकलाई एक ठाउँबाट अर्को ठाउँमा सुरक्षित र सस्तो खर्चमा पुऱ्याउने लक्ष्य र खेर सार्वजनिक यातायात संचालन गरिएको हुन्छ। तर, प्रश्न उठ्छ, के नेपालको सार्वजनिक यातायात सुरक्षित छ ? केही समयअघि सुनसरीमा एउटा बोर्डिङ स्कुलको विद्यार्थी बोक्ने टेम्पो नहरमा खस्दा डेढ दर्जन विद्यार्थीको निधन भयो। यातायात व्यवस्थापनको जिम्मेवारी सम्हालेको यातायात व्यवस्था विभागले विद्यार्थी बोक्न कस्ता गाडीहरू प्रयोग गरिएका छन् भनेर एकपटक ध्यान दिएको भए राष्ट्रको होनहार भविष्यहरूले कोपिलैमा चुडिनु पर्ने थिएन। गाडीको क्षमताभन्दा बढीजति मन लाग्यो त्यति विद्यार्थी बोक्ने टेम्पोप्रति बेवास्ता गरिएकै कारण देशका कर्णधारहरूको जीवन गुम्यो। यो घटनामा विभागका कर्मचारीहरूमाथि कारबाही गरिनु पर्थ्यो। तर, केही भएन। यस्तै नेपालको सार्वजनिक यातायात पनि सुरक्षित हुन सकेको छैन। सरकारले सुरक्षित यातायात संचालनप्रति मात्र बेवास्ता गरिरहेको पनि छैन, वास्तवमा यो नागरिकको जीवनप्रति गरिएको खेलवाड हो।

सरकार खास गरी यातायात व्यवस्था विभाग कतिसम्म गैरजिम्मेवार छ भने २०५६ सालमा खारेज गरिएको सिन्डिकेट प्रथाअनुसार अहिले पनि सार्वजनिक यातायात संचालन हुँदा समेत मुक दर्शक छ। यो प्रत्येक नागरिकको मानवअधिकारको हनन पनि हो। कुनै पनि व्यक्तिलाई आफूले रोजेको यातायातको साधनमा यात्रा गर्न पाउने अधिकार रहन्छ। तर, हामीकहाँ कुनै समितिले सिन्डिकेटको आधारमा संचालन गरेका बसहरूमा मात्र यात्रु हिँड्न बाध्य छन्। तैपनि, सरकारले खारेज भइसकेको सिन्डिकेट प्रथा हटाउन सकेको छैन। सरकार कतिसम्म लाचार देखिएको छ भने आफैंले २०५६ सालमा खारेज गरेको समितिको सिफारिसमा अहिले पनि गाडीलाई रुट पर्मिट दिने गरेको छ।


सडक आफैंमा भद्रगोलपूर्ण बनिरहेको छ। ट्राफिक प्रहरीहरू सडकको बीचमा उभिएर आफैले यातायात संचालनमा बाधा पुऱ्याइरहेका हुन्छन्। मानिसहरू जहाँ मन लाग्यो त्यहीँबाट सडक पार गरिरहेका छन्। सार्वजनिक सवारीसाधनहरूले जुनसुकै ठाउँलाई पनि 'बसस्टप' बनाइरहेका छन्। खासगरी काठमाडौंको सडकमा निस्किनु एक प्रकारको सास्ती नै बनिरहेको छ।

त्योभन्दा पनि ठूलो पीडा त बस, माइक्रोबसमा हिँड्ने यात्रु, विशेगा गरी बेद्धा र महिलाले भोग्नु परिरहेको छ। बच्चा बोकेका महिलाहरू गाडीमा झुन्डिइरहेका हुन्छन्, तर जवान र पुरुषहरू उनीहरूका लागि सिट छाडिदिँदैनन्। यसका लागि गाडीमा निश्चित सिटहरू बृद्धा, अशक्त र महिलाका लागि छुट्याइनु पर्छ। गाडीका स्टाफहरूले जे मन लाग्यो त्यही बोलिरहेका हुन्छन्। महिलाहरूका संवेदनशील अंगहरूमा छुन, धक्का दिन पुरुष यात्रु पछि पर्दैनन्। एउटा स्कुल बसको खलासीले त्यहाँका छात्राहरूप्रति गर्दै आएको दुर्व्यवहार मैले अनुभव गरेको छु। गाडीका स्टाफलाई उनीहरूले यात्रुप्रति गर्ने व्यवहारबारे तालिम दिने र गलत व्यवहार गर्नेविरुद्ध ट्राफिक प्रहरीमार्फत तुरुन्त सुनुवाइको व्यवस्था मिलाउनेतर्फ सरकार भने संवेदनशील छैन।

वास्तवमा नेपालमा सार्वजनिक यातायात कसरी संचालन गर्ने भन्ने बारेमा कुनै योजना नै छैन। त्यस कारण थप गम्भीर समस्या आउनुअघि नै सार्वजनिक यातायातलाई व्यवस्थित बनाउन सरकार तयार छ भने तत्काल विज्ञहरू सम्मिलित एउटा आयोग बनाउनु पर्छ। यातायात व्यवस्था विभाग सार्वजनिक रुपमा आलोचित बन्दै आएको छ। त्यहाँका कर्मचारीको नियत पनि जागिर खानेभन्दा अर्को देखिएको छैन। त्यसका लागि समग्र यातायात संचालनका लागि एउटा यातायात बोर्ड बनाउनु आवश्यक देखिन्छ। अन्यथा सार्वजनिक यातायातमा यात्रुले सास्ती भोगिरहनु पर्नेछ, निरन्तर।

*(इन्जिनियर अर्याल सार्वजनिक यातायात मामिला विज्ञ हुन्।)*





तस्बिरहरू : तेजबहादुर बस्नेत

# कस्तो रहला नेपालको सान ?



■ **नविन अर्याल/काठमाडौं**

**दक्षिण एसियाली खेलकुद** प्रतियोगिताको नाम मात्र फेरिएको छैन, भदौ २ गते श्रीलंकाको राजधानी कोलम्बोमा यो क्षेत्रकै प्रतिष्ठित खेल मेला सुरु हुँदा नेपाली खेलाडीहरू बदलिँदो मनस्थिति, बदलिँदो खेलकुद गान गाउँदै पदकका लागि भिड्नेछन् ।

दुई वर्षअघि पाकिस्तानमा भएको नवौं दक्षिण एसियाली खेलकुद (साफ) प्रतियोगितामा क्षेत्रीय अवधारणा अंगीकार गर्दै आइरहेको साफलाई दक्षिण एसियाली ओलम्पिक कमिटीले आफूमातहत राखेर प्रतियोगिता आयोजना गर्ने सोच बनाएपछि यसको नाम परिवर्तन भएर दक्षिण एसियाली खेलकुद (साग) हुन पुगेको थियो । यो घोषणा भएको दुई वर्ष बित्दा नबित्दै नेपालमा भएको राजनीतिक परिवर्तनसँगै सागमा भाग लिन जाने नेपाली खेलाडीहरूले यसै साता त्रिपुरेश्वरस्थित राष्ट्रिय कभर्ड हलमा खेलकुदको परिवर्तित गीतसँगै बिदा लिए ।

अहिले देशमा लोकतन्त्र बहाली भएको सय दिन मात्र पुगेको छ । यस स्थितिमा खेलकुदको परिवर्तित गीतले पुकार गरेजस्तै दसौं सागमा 'नेपालीको सान उठाउन' हाम्रा खेलाडी श्रीलंकातर्फ लागिरहेका छन् ।

नेपालले दसौं सागमा समावेश २० मध्ये १८ खेलमा सहभागिता जनाउँदै छ, जसमा २ सय १२ जना खेलाडी सहभागी हुनेछन् । कुनै बेला नेपालमा निकै चर्चित रहेको हकी र रोइङ खेल बाहेक नेपालले यसपालि टेबल टेनिस, आर्चरी, फुटबल, पौडी, कबडी, भलिबल, साइक्लिङ, भारोत्तोलन, जुडो, कराँते, तेक्वान्दो, सुटिङ, स्क्वास, एथ्लेटिक्स, कुस्ती, बक्सिङ, उसु र ब्याडमिन्टनमा सहभागिता जनाउँदै छ । पुरुषतर्फ १ सय ४१ पुरुष ७१ महिला खेलाडीले भाग लिँदै छन्, यसपालिको सागमा । अन्तर्राष्ट्रिय प्रतियोगितामा जम्बो टोली विदेश लैजाने पुरानो परम्परालाई निरन्तरता दिँदै यसपालि पनि लगभग ३ सय २३ जनाको टोली श्रीलंका प्रस्थान गर्दै छ । प्रतियोगितामा सहभागी हुन नेपाल सरकारले ३ करोड रुपैयाँ निकासी गरेको छ । यसअघि तयारी खर्चका लागि भनेर सरकारले १ करोड रुपैयाँ निकासी गरेको थियो । नेपाल ओलम्पिक कमिटीले पनि खेलाडीको ट्र्याक सुट, जुत्तालगायत गरी २५ लाख रुपैयाँ बराबरको आर्थिक सहायता राष्ट्रिय खेलकुद परिषद् (राखेप)लाई गरेको छ ।

## तेस्रो स्थानको आशा ?

राखेपका नवनियुक्त सदस्य-सचिव जीवनराम श्रेष्ठले करिब एक महिनाअघि राष्ट्रिय खेलकुद परिषद्को बैठक हलमा दसौं सागमा नेपालको स्थान तेस्रो आउन सक्ने सार्वजनिक घोषणा गरेका थिए । अहिले खेलवृत्तमा यही चर्चा सुरु भएको छ, के साँच्चिकै नेपालले दसौं सागमा सम्मिलित आठ राष्ट्रहरूको बीचमा तेस्रो स्थान ल्याउन सक्छ त ?

'अहिलेसम्म हामीले आशा मारेका छैनौं । नतिजा खेलले देखाउनेछ', परिषद्का उपाध्यक्ष सीताराम मास्केले *समय*सँग भने । नेपालले दसौं सागमा कम्तीमा पनि १२ स्वर्ण जित्ने महत्त्वाकांक्षा पालेको छ । डेढ महिनापछि कतारको राजधानी दोहामा आयोजना हुन लागेको एसियन गेमको तयारीका लागि यो प्रतियोगितालाई एउटा अभ्यास खेलको रूपमा मात्र हेरेको छ, प्रमुख सहभागी राष्ट्र भारतले । रोइङ, बक्सिङ र स्क्वासमा उस्ताद मानिने

पाकिस्तान अर्को सहभागी हो। एथलेटिक्समा ओलम्पिकमै तहल्का मचाइसकेको आयोजक श्रीलंकाको अगाडि नेपालले पदक तालिकामा तेस्रो स्थानमा आँखा लगाउनु फलामको च्यूरा चपाउनुसरह हुनेछ।

'हामीले तेस्रो स्थान ल्यायौं भने यसलाई आश्चर्यजनक नतिजा भन्दा हुन्छ। चौथो स्थानमा आउने सम्भावना भने बढी छ', दसौं सागमा नेपालको सम्भावित स्थानको बारेमा भविष्यवाणी गर्दै नेपाल ओलम्पिक कमिटीका अध्यक्ष रुक्मशम्शेर राणा भन्छन्।

## स्वर्ण भित्र्याउने खेल

नेपालले दसौं सागमा तेक्वान्दोतर्फ ६, कराँतेमा ३, उसुमा २ र एथ्लेटिक्समा १ स्वर्ण जित्ने आशा गरेको छ। नेपालमा भएको आठौं साफमा १६ वटा तौल समूहमध्ये १४ मा स्वर्ण जितेको नेपाली तेक्वान्दोले पाकिस्तानमा सम्पन्न नवौं साफमा ११ वटा तौल समूहमध्ये ६ मा स्वर्ण जित्दै इज्जत बचाएको थियो। 'यसपालि पनि पदकको ठूलो आशा हामीले तेक्वान्दोबाटै गरेका छौं', मास्के भन्छन्। यसपालि तेक्वान्दोमा १३ वटा स्वर्णका लागि भिडन्छ हुँदै छ। यसैगरी कराँतेमा नवौं साफको तुलनामा दुईवटा स्वर्ण बढी आउन सक्ने आशा गरिएको छ। नवौं साफमा कराँतेमा नेपालले एउटा मात्र स्वर्ण जितेको थियो। यसपालि १३ पुरुष र ७ महिला गरी २० वटा तौल समूहमा स्वर्णका लागि भिडन्त हुँदै छ। भारतमा पछिल्लो वर्ष कराँते संघमा देखिएको विवादका कारण यो देशले भाग लिने सम्भावना निकै कम देखिएको छ। विवादकै कारण राम्रो तयारी गर्न नपाएको भारत प्रतिस्पर्धामा उत्रिए पनि यसले नेपाली खेलाडीलाई खासै फरक नपर्ने देखिएको छ। 'यदि यसो भएमा हाम्रो प्रमुख प्रतिद्वन्द्वी भनेकै अफगानिस्तान हुनेछ', राणा भन्छन्। इरानी प्रशिक्षक र बलियो शारीरिक बनावटका कारण पछिल्लो समय अफगानिस्तानले कराँतेमा राम्रो पकड बनाउँदै आइरहेको छ। भारत पनि कराँतेमा राम्रो मानिन्छ। तैपनि, नेपालमा उसु खेल निकै पुरानो भएको र प्रतिभाशाली खेलाडी भएको हुनाले कम्तीमा २ स्वर्णको आशा गरिएको छ। एथ्लेटिक्समा श्रीलंका र भारत निकै बलियो प्रतिस्पर्धी मानिए पनि राजेन्द्र भण्डारीको उत्कृष्ट गतिका कारण स्वर्णको आशा गरिएको छ। भण्डारीले नवौं सागमा दुईवटा रजत जितेका थिए।

यसबाहेक आर्चरीलाई पनि स्वर्णको दाबेदारको रूपमा हेरिएको छ। यद्यपि, आर्चरीमा भारतको बलियो पकड भए पनि पछिल्लो समय यो खेलका खेलाडीले राष्ट्रिय मात्र नभई अन्तर्राष्ट्रियस्तरमा पनि राम्रो प्रदर्शन गर्दै आइरहेका छन्। डोपिङका कारण भारोत्तोलन खेलमा भारतलाई प्रतिबन्ध लगाइएपछि नेपाललाई पदकको दाबेदारको रूपमा हेरिए पनि यसबाट स्वर्णको आशा भने गरिएको छैन। दक्षिण एसियाको बलियो भारत र बंगलादेश समूहमा भएका कारण नेपाली फुटबलको पहिलो स्थानलाई पनि धेरैले सपनाको रूपमा लिएका छन्। तर, यसपालि नेपाली फुटबल टोली राम्रो देखिएको छ। यसबाहेक टेबल टेनिस, कब्बडी, स्क्वास, बक्सिङ र ब्याडमिन्टनमा स्वर्णबाहेक रजत नभए काँस्य जित्ने आशा गरिएको छ। ■

# फेरि पनि ठगी !

■ सुधिर अर्ज्याल

**जन-आन्दोलन-२ को** सफलतापछि अन्य क्षेत्रझैं खेलकुद क्षेत्रले पनि काँचुली फेर्छ भन्ने आशा देशभरिका खेलप्रेमीहरूले गरेका थिए। २०४६ सालको जनआन्दोलनविपरीत यसपालि खेलकुद जगत्सँग सम्बन्धित ठूलो वर्ग लोकतन्त्र प्राप्तिको आन्दोलनमा होमिएको कुरा सबैलाई थाहा भएकै हो। तसर्थ जनआन्दोलनको बलमा स्थापित सरकारले अन्य क्षेत्रझैं खेलकुद क्षेत्रमा पनि आमूल परिवर्तन गर्ने कदम चाल्नेछ भनेर आशा गर्नु स्वभाविकै हो। तर, नेपाल सरकारले सर्वप्रथम गठन गरेको राष्ट्रिय खेलकुद परिषद्को संरचनालाई हेर्दा खास गरी राजधानी बाहिर बस्ने खेलप्रेमीहरूको नजरमा यसलाई उपत्यका खेलकुद परिषद् भन्ने कि राष्ट्रिय खेलकुद परिषद् भन्ने असमञ्जस्य छाउनु स्वभाविक हो। हिजोकै ढाँचामा खेलकुदमा केन्द्रकै प्रभुत्व बढ्ने नीतिले आज फेरि पनि खेलकुद क्षेत्र ठगिएको त होइन भन्ने प्रश्न अवश्य खडा भएको छ।

जनताको शक्तिद्वारा निर्मित लोकतान्त्रिक सरकारले गठन गरेको परिषद्ले हिजो राजाको शासनकालमा तहसनहस गरेका जिल्ला र क्षेत्रको ढाँचा सुधार गर्नुपर्ने, संकटकालमा आफ्ना मान्छेलाई चलखेल गराउन गठित तदर्थ खेल/संघहरूलाई अविलम्ब विघटन गर्न छाडी माथिल्लो तहका कर्मचारी सरुवामा व्यस्त परिषद्लाई देख्दा 'टाउको दुखेको औषधी नाइटोमा लाई' भन्ने उखान चरितार्थ भएको महसुस हुन्छ। यसले गर्दा हिजो शाही शासनकालमा अपमानित गरिएका मुलुकभरका लोकतन्त्र पक्षधर खेलप्रेमीहरू मर्माहत भएका छन्।

शाही शासनकालका ऐँजेरुहरू नमौलाऊन् भन्नको लागि परिषद्ले केही नीतिगत निर्णय अविलम्ब लिनु पर्दछ। सर्वप्रथम त परिषद् स्वयंले आफ्नो संगठन निमार्णमा विकेन्द्रीकरण र समावेशीकरणको अवधारणा अँगाल्ने प्रयास गर्नुपर्छ।

त्यसैगरी शाही शासनकालको धमिलो वातावरणको फाइदा उठाई गठित खेल संघहरूको विषयमा एकातिर कोलम्बो साग खेलपछि निर्णय लिने भनिन्छ भने अर्कोतिर एउटा कुस्ती संघलाई मात्र विघटन गरिनाले थप अन्योल सिर्जना भएको छ। यसबाट कुस्ती संघमात्र प्रतिगामी कित्तामा थियो र अन्य संघहरू चोखा थिए भन्ने सन्देश प्रभावित भएको महसुस गर्न सकिन्छ। जनआन्दोलनको भावनालाई कदर गर्ने हो भने साग खेलकुदपछिको साइत पर्खनु पर्दैन। हामी सबैलाई थाहा छ, कोलम्बोपछि दोहामा एसियाली खेलकुद हुँदै छ। के त अब परिषद्ले निर्णय लिन दोहा एसियाली खेलकुदसम्म कुर्नुपर्ने हो त ? अहिले कम्तीमा जनआन्दोलनताका यसको विपक्षमा खेलेर लाग्ने खेल क्षेत्रका कर्मचारी, पदाधिकारी आदिको पहिचान गर्न आन्तरिक छानबिन समिति गठन गरिसक्नु पर्थ्यो। खालि माथिल्लो तहका सीमित कर्मचारीको विभाग परिवर्तन गरेर देशभरिको खेल क्षेत्रमा परिवर्तनको लहर आउँछ भन्नु एउटा मृगमरीचिका बाहेक केही पनि होइन। अहिले नेपाली खेल जगत्को ध्यान कोलम्बोमा हुन गइरहेको दसौं दक्षिण एसियाली खेलतर्फ छ। त्यो हुनु पनि पर्छ। तर, त्यसबाहेक नेपाली खेलकुदलाई परिवर्तित सन्दर्भमा यसको भूमिकालाई कसरी समायनुकूल सुधार गर्नेतर्फ नीतिगत निर्णय लिन खेलकुदको सर्वोच्च निकाय राखेपले आफ्नो गृहकार्य नथालेको देख्दा दुःख लाग्नु स्वभाविकै हो। यसै सर्न्दभमा परिषद्ले अहिले खेलकुद गीत परिवर्तन गरेर एउटा प्रशंसनीय काम गरेको छ, त्यस्तै परिषद् र ओलम्पिक कमिटीको लोगो परिवर्तन गर्ने निर्णय पनि सामयिक छ। तर, सम्पूर्ण राष्ट्रको भावना प्रतिनिधित्व गर्ने लोगो छनोट गर्दा यसलाई राष्ट्रव्यापी रुपमा माग गरिएको भए यसले अझै परिष्कृत रूप लिने थियो।

हिजो शाही शासनकालमा स्वयंसेवकको नेतृत्वमा रहेको क्षेत्रीय खेलकुद विकास समिति खारेज गरेर राजदरवार मनोनीत अञ्चल प्रशासकको नेतृत्वमा अञ्चल खेलकुदको अवधारणा अघि सारिएको थियो। त्यस्तै जिल्ला खेलकुद समिति अहिले पनि प्रमुख जिल्ला अधिकारीको मातहतमा राखिएको छ। हिजो उपेक्षा गरिएको खेलप्रेमी स्वयंसेवकहरूको भूमिकालाई कहिले पुनःस्थापित गरिन्छ भन्ने आवाज अहिले जिल्ला जिल्लाबाट उठिरहेको छ। अब खेलकुदको संगठनात्मक संरचना परिवर्तन गर्न एउटा छुट्टै आन्तरिक समिति गठन गर्नुपर्छ। होइन भने रात रहे अग्राख पलाए भन्ने उखान चरितार्थ हुन बेर छैन।

समग्रमा भन्ने हो भने जनआन्दोलन-२ को सफलतापछि गठित परिषद्ले आन्दोलनको भावना समेटेको देखिँदैन। अहिले संसारभर चलिरहेको समावेशीकरणको लहरलाई पनि समेट्न सकेको देखिँदैन। सम्पूर्ण देशको प्रतिनिधित्व गर्ने परिषद्मा राजधानी बाहिरकाहरूको भावना समेटिने कुरा त परै जाओस् आधा आकाश ढाक्ने महिलाहरूले एउटा पनि ठाउँ नपाएको कुराको जवाफ कसले दिने ? तसर्थ अब खेलकुदका नीति निर्माताहरूले जिल्ला क्षेत्र गठन गर्दा परिषद्को जस्तो गल्ती नदोहोऱ्याऊन्। खेलकुद हिजो पनि आमनागरिकको पहुँचबाट पर थियो र आज पनि त्यो उसको लागि आकाशकै फलसरह हो भन्ने भावनाले आम खेलप्रेमीहरू ग्रसित नहोऊन् भनी खेलकुदका नीति निर्माताहरूले ध्यान दिने पर्छ।

*(अर्ज्याल शाही सरकारको पालामा खेलनीतिको विरोध गर्दै राजीनामा दिने राखेपका एकमात्र पदाधिकारी हुन्।* ■

# आमा जानुहोस्



■ माया ठकुरी

**छ्यासी वर्ष** पुग्न लाग्नुभएकी मेरी वृद्ध आमा कोठामा पस्नासाथ कोठै ह्वास्स गन्हाउँछ ।

मेरा चौध वर्षीय छोरो मनीष, १२ वर्षीय छोरी सुमी र मेरी पत्नी मानवी नाक खुम्च्याउँदै एक अर्काको अनुहारमा हेर्छन् । मलाई बडो असजिलो लागेर आउँछ । मनले नचाहँदा नचाहँदै पनि म आमातिर हेरेर भन्छु, 'आमा जानुहोस्, कोठामा गएर सुत्नुहोस् ।' मेरो कुरो टुंगिनासाथ मानवी कुरो थप्दै भन्छिन्, 'हो त नि, यहाँ यी भुराभुरीहरूसँग बसेर के गर्नु ? बरु कोठामा गएर आरामसँग सुत्नुहोस् ।'

हाम्रो कुरा सुनेपछि केही नबोलेर आमा एकटक लगाएर मतिर हेरिरहनुहुन्छ । त्यस क्षण आमाका ती विषादपूर्ण दृष्टिमा निहित असंख्य गुनासाले मलाई भित्रभित्रै मर्माहित तुल्याउँछन् । तर, म मौन रहन्छु ।

आमा शिथिल गतिमा आफ्नो कोठातिर लाग्नुहुन्छ ।

मलाई थाहा छ, आमालाई पनि हामीसँग बसेर कुरा सुन्न मन लाग्छ, टिभी हेर्न मन लाग्छ । उहाँ परिवारको न्यानो स्पर्श अनुभूत गर्न चाहनुहुन्छ । तर, वर्ष दिन पुगिसक्यो आमाले चाहेको जस्तो यहाँ केही पनि भएको छैन ।

आमाको दयनीय अवस्था देख्दा मेरो मन वेदनाले त्यसै त्यसै फाटेर आउँछ । तर, म विवश छु । मैले चाहेर पनि मेरी जन्मदाता आमालाई खुसी दिन सकेको छैन । कहिलेकाहीँ त आफैंलाई धिक्कार्न मन लाग्छ । मलाई यो पनि थाहा छ- म टुहुरोलाई हुर्काउन, बढाउन र शिक्षा दिलाउन मेरी आमाले मानसिक पीडामात्र होइन, शारीरिक श्रम पनि खेप्नुपरेको थियो ।

त्यतिमात्र नभएर उहाँले मेरो घर गृहस्थी सम्हाल्न र मेरा नाबालक छोराछोरी हुर्काउनसमेत ठूलो सहयोग पुऱ्याउनु भएको थियो ।

काठमाडौं जस्तो महँगो ठाउँमा डेरामा बस्ने गरेको भए पनि हामी दुवै पतिपत्नी जागिरे भएको हुनाले बागबजारजस्तो एउटा गल्लीभित्र चारवटा स-साना कोठा भएको डेरामा बसेर छोराछोरीलाई बोर्डिङ पढाउन सक्षम भएका थियौं । तर, अहिले वर्ष दिन जति हुन लाग्यो, मानवीले जागिर छोडेर आमाको स्याहार गरेर घर बस्न थालेको । भन्न त मेरा मित्रहरू भन्ने गर्छन्, 'गोकुलजी तपाईं बडो भाग्यमानी हुनुहुँदो रहेछ, वृद्धा र अशक्त आमाको सेवा गरेर बस्न पाउनुभएको छ । के गर्नु ! हामीले त चाहेर पनि आफ्ना मातापिताप्रति आफ्नो कर्तव्य निर्वाह गर्न सकेका छैनौं ।'

आफ्नो प्रशंसा सुन्दा कसलाई राम्रो नलाग्ला र ? तर, आमालाई आफूसँग राख्दा व्यहोर्नुपरेको भोगाइको मर्म मैलेमात्र होइन, मेरो परिवारले समेत कसरी खेप्नुपरेको छ, यो मैलेमात्र अनुभूत गर्नसकेको छु ।

कहिलेकाहीँ म आफूलाई आफ्नै विगतको चौतारीमा पुऱ्याएर हेर्ने गर्छु, जहाँ मेरो बाल्यकालको समस्त क्रियाकलाप मेरी आमासँग गाँसिएको हुन्थ्यो ।



भरभराउँदो बैंसका बेला अचानक वैधव्यको मार सहनुपरेकी मेरी आमाले इच्छा आकांक्षालाई नियन्त्रण गरेर आजीवन संघर्ष गर्नुभयो । ती यावत् कुरा सोच्दासोच्दै म भित्रभित्रै भुटभुटिन्छु र आहत हुन्छु । जुन आमाले आफ्ना दस नंग्रा खियाएर अर्काको कुटो, कोदालो गरेर मलाई हुर्काउनुभयो, जुन आमाले आफ्नै जेठाजु, देवरहरूका अनेक लाञ्छना र अपहेलना सहेर आफ्नो लक्ष्यप्राप्तिको निम्ति अडिग भई बसेर मलाई शिक्षाको बाटोतिर अग्रसर हुने वातावरण सिर्जना गर्नुभयो, आज उही संघर्षशील मेरी आमा अर्धपक्षघातको शरीर भएर मबाट समेत टाढिनु परेकोमा लज्जाबोधले म भित्रभित्रै गलिसकेको छु । तैपनि, मेरी आमा परिवारमा अटाउन सक्नुभएको छैन । यो कुरा म स्विकार्न बाध्य भएको छु ।

चौध महिनाअघिको कुरो हो । बिहान ओछ्यानबाट उठ्नेबित्तिकै आमा ढल्नुभएको थियो । उहाँ ढलेको आवाज सुनेर मानवी दगुर्दै आमा सुत्ने कोठामा पुगेकी थिइन् । मानवी सँगसँगै म पनि

हत्तपत्त आमाको कोठामा पुगेको थिएँ । 'आमालाई के भएको होला उठ्नै सक्नुहुन्न' भन्दै मानवीले आमाको पाखुरा समातेर उठाउने उपक्रम गर्दै भनेकी थिइन् । 'के भो आमा ? आमा के भो ?' म पनि अत्तालिँदै र चिच्याउँदै आमालाई उठाउन पुगेको थिएँ । तर, मेरो प्रयास पनि निरर्थक भएको थियो । त्यसपछि आमालाई तुरुन्तै अस्पताल लगेर जँचाइयो । अस्पतालका डाक्टरहरूले आमालाई जाँच गरेपछि उहाँ पक्षघातको सिकार भएको ठहर गरे ।

दुई महिनासम्म आमा अस्पतालमा बसेर घर फर्कंदा उहाँको दाहिने हातखुट्टामा त्यति भर नहुने भएको भए पनि उहाँ विस्तारै पाइला चालेर हिँडडुल गर्न सक्नेसम्म हुनुभएको थियो ।

आमा स्वस्थ भएर घर आउनुभएकोमा म ज्यादै खुसी भएको थिएँ । तर, परिवारमा भने आमाको क्रियाकलापले गर्दा अनेकौं प्रकारको समस्या सिर्जना हुन थालेको थियो ।

दाहिने हात प्रयोग गरेर आमा खानै सक्नुहुन्नथ्यो । तसर्थ, मानवी वा मैले आमालाई खुवाउनुपर्थ्यो । खास गम्भीर समसस्याचाहिँ के थियो भने आमासँग सम्बन्धित कतिपय क्रियाकलाप आफ्नै नियन्त्रणमा थिएनन् । तसर्थ, उहाँ कहिले ओछ्यानमा र कहिले कोठामा जताततै मलमूत्र त्याग गर्न लाग्नुभएको थियो । आमाले जताततै मलमूत्र चुहाउँदै घिस्रने गरेकोले सारा घर डुङडुङती गन्हाउन थालेको थियो ।

आमाले फोहोर पारेको लत्ताकपडा धुनको लागि मान्छे राख्न खोज्यौं । तर, 'त्यस्तो फोहोरी काम गर्नुभन्दा त बरु भोकै बस्छौं' भन्ने जवाफ पाइयो ।

मानवी र म भएर आमाको फोहोर लत्ताकपडा सफा गर्थ्यौं । घर सफा गर्थ्यौं । तैपनि, घर उस्ताको उस्तै फोहोर र गन्हाउने हुन्थ्यो । आमालाई नुहाइदिने, कपडा धुने क्रममा कयौंपटक हामीले बान्तासमेत गरेका थियौं । तर, पछिपछि बानी परेर होला, जति नै घीन लागे पनि बान्ताचाहिँ हुन छाड्यो । मेरा छोराछोरीको हाल भने बेहाल भएको थियो ।

'यस्तै हो भने त यिनीहरूको पढाइलेखाइ सबै खत्तम हुने भयो । मेरो त बिदा पनि सिद्धियो । अब उही बेतलबी बिदामा बस्नुपर्छ । पैसाले कसरी पुऱ्याउने हो ? घर कसरी धान्ने ?', मानवीले विरक्तिएर भन्ने गर्थिन् । सत्य भन्ने हो भने म आमाको अवस्थाले गर्दा हरबखत मानसिक तनाव झेलिरहको थिएँ । तर, विवश थिएँ, म केही गर्न सक्दिनथेँ ।

कहिलेकाहीँ त म आमालाई बेस्सरी झपार्न पनि लागेको थिएँ । तर, विचरी मेरी आमा मैले उहाँलाई हकार्दा उहाँ सानी बच्चीझैं निधार खुम्च्याएर आँखाबाट आँसु छचल्काउँदै विवश दृष्टिले मतिर हेर्नुहुन्थ्यो । त्यो निर्दोष दृष्टिको घात सहन नसकेर मेरो आँखाबाट आँसुका धारा बग्थे ।

पछिपछि भने हामीले आमालाई उहाँको कोठाबाट निस्केर अन्य कोठातिर आउनजान निषेध गरिदिएझैं भएको थियो । उहाँलाई दिइएको कोठाबाहेक अन्य कोठामा उहाँले पाइला राख्नासाथ हामी भन्ने गर्थ्यौं, 'आमा जानुहोस्, आफ्नो कोठामा गएर सुत्नुहोस् ।'

हाम्रो आदेश सुनेपछि आमा केही बोल्नु हुन्नथ्यो । तर, उहाँको आहत दृष्टिले मलाई धेरै कुरा भनिरहेका हुन्थे ।

हाल दुई महिना जति भएको छ, आमाले एउटा नौलो चाला देखाउन लाग्नुभएको छ । त्यो के भने, हिजोआज आमा हाम्रो आँखा छलेर सुटुक्क घरदेखि बाहिरिनु हुन्छ । कयौंपटक आमालाई कोठामा नपाएर हामी अत्तालिँदै टोलछिमेक र बाटाघाटा चहार्दै हिँड्छौं । अनि कहिले उहाँलाई कुनै रुखको छहारीमा बसेको भेट्छौं त कहिले दायाँ खुट्टा लतार्दै बाटामा घिस्रिरहेको भेट्छौं ।

'आमा तपाईं किन हामीलाई यसरी दुःख दिनुहुन्छ ?' तपाईंको स्याहार-सुसार गर्न मैले जागिरसमेत छोड्नु परेको छ । काठमाडौं जस्तो ठाउँमा एउटाको कमाइले घर धान्नु, तपाईंलाई औषधोपचार गर्नु कस्तो गाह्रो हुन्छ । प्रायजसो आमाका अगाडि आफ्नो मनमा उठेका गुनासो पोख्ने गर्छिन् मानवी ।

आमाको सारा क्रियाकलाप हेर्दा मैले अनुमान गरेअनुसार उहाँले विस्तारै आफ्नो सुर हराउँदै हुनुहुन्छ, नत्र मेरी आमा आफ्नो कारणले अरूले दुःख पाएको हेर्ने सक्ने मान्छे होइन । त्यो मलाई थाहा छ ।

'हेर्नुहोस्, अब मैले जागिर नगर्ने हो भने घर चलाउन र बच्चा पढाउन सकिँदैन । अति भयो अब कुनै न कुनै उपाय त गर्नै पर्छ' अचेल मानवीले मसँग भन्न थालेकी छन् । म के गरूँ ? जतिजति आमाको अनौठो र अप्रिय क्रियाकलाप बढ्दै छ त्यति त्यति मानवी र मेरो बीचमा वैमनस्य बढ्दै छ ।

भएन, हिजोआज त आमा लाएको लुगासमेत फुकालेर नाँगै बस्ने र मौका पाउनासाथ फुत्त कोठाबाट बाहिरिएर सडकमा पुग्ने गर्न थाल्नुभएको छ । कहिलेकाहीँ त आमालाई खोज्न सारा दिन भौतारिँदा पनि कुनै सीप नलागेमा प्रहरी चौकीमा गएर खबर गर्नु पर्ने अवस्थासम्म भएको छ । एकातिर मेरी जन्मदाता आमाको यस्तो दयनीय अवस्था अर्कोतिर पत्नी र छोराछोरीको गनगन, दिनदिनको बढ्दो महँगीका कारण घरको खस्किँदो आर्थिक अवस्था, यी सब कुराले गर्दा म आफू विक्षिप्त जस्तै भएको छु ।

'हरे ! वृद्धावस्थामा असाध्य रोगले ग्रसित भएर सुर हराएपछि मानिसको अवस्था कति दीनहीन, कति टिठलाग्दो हुँदोरहेछ । यसरी अर्कोको दयाको पात्र भएर जिउनुभन्दा त बरु मर्नु नै सुखदायी होला ।' आमाको दयनीय अवस्था देख्दा म बारम्बार मनमनै सोच्ने गर्छु । अब मेरो मनले पनि साँच्चै हरेस खाएको जस्तो भएको छ । अस्ति त हामीले आमालाई कुनै वृद्धाश्रममा राखिदिनुपर्छ कि भनेर सल्लाह पनि गरेका थियौं । तर, हामी छोराबुहारी हुँदाहुँदै आमालाई वृद्धाश्रममा राखिदिँदा समाजले के भन्लान् ? जोरीपारी कति हाँस्लान् ? भन्ने लाग्यो । अर्को कुरा मेरी आमाको अवस्था देखेर कुन वृद्धाश्रमले उहाँलाई आश्रय देला र ? कहिलेकाहीँ त म निकै पहिले कसैले मलाई सुनाएको एउटा हृदयविदारक घटना सम्झेर निकै बेरसम्म घोरिन पनि थालेको छु । त्यो घटना यस प्रकार थियो ।

एकदिन सय वर्षकी जस्ती देखिने एउटी कुप्री परेकी वृद्धा पशुपति मन्दिरको नजिकै पेटीमा बसेर रोइरहेकी थिइन् अरे । ती वृद्धालाई देख्दा उनी निकै सम्पन्न घरकी जस्ती देखिन्थिन् अरे । उनलाई त्यसरी रोएको देखेर वरपरका मानिसहरूले कौतुहलतावश उनीसँग सोधपुछ गरेछन् । तर, उनले आफ्नो भाषामा के उत्तर दिइन् कुन्नि, त्यो कसैले पनि बुझ्नेनछन् । जे होस्, रात पर्न लागेपछि उनलाई वृद्धाश्रममा पुऱ्याइएछ । धेरै महिनासम्म वृद्धाश्रममा बसेपछि उनीबाट के कुरो थाहा पाइयो भने उनलाई एकदिन आफ्नै छोराबुहारीले यहीँ बस्दै गर्नु है, हामी आउँछौं भनेर झुक्याएर छोडेका रहेछन् ।

त्यो घटना सुनेपछि मैले उनको निर्दयी छोरालाई धिक्कार्नुसम्म धिक्कारेको थिएँ । तर, आज जब म आफ्नो अवस्था सोच्छु, तब मेरो हृदयमा कताकता त्यो बैगुनी छोराप्रति समेत दया जागेर आउँछ ।

आफ्नी जन्मदाता अशक्त वृद्धा आमालाई त्यसरी विरानो देशमा अलपत्र पारेर एक्लै छोडेर जानु पर्दा उसको आत्मा कति चिरा पऱ्यो होला । कति धिक्काऱ्यो होला, उसले आफूलाई । कति कल्प्यो होला, ऊ आफ्नो कुकृत्य सम्झेर । आफूले गरेको दुष्कर्मको लागि पश्चात्ताप गर्दै ऊ फेरि त्यही ठाउँमा आएर आफ्नी आमाको खोजी गऱ्यो कि गरेन होला ? यस्तै यस्तै प्रश्नले मेरो मथिंगल झकझक्याइरहन्छ ।

के म आफ्नी आमालाई त्यसरी नै विरानो देशमा लगेर असहाय अवस्थामा छोडेर आएपछि शान्तिको जीवन बिताउन सकूँला त ? एउटी अबोध सानी बालिकाजस्तै भइसकेकी मेरी आमालाई म के गरेर पहिलेका जस्तै स्वस्थ अवस्थामा ल्याऊँ ? के गरेर उनलाई सद्धे पारूँ ? हरे...! म के गरूँ...? मेरो हृदयमा यस्तै प्रकारको अनेकथरि कुरा खेल्छन् । होइन, म कति दिनसम्म यसरी आफ्नो, आमाको र मेरो परिवारको दुर्गति सहरे बस्न सकूँला र ? अस्ति घरपेटीले समेत 'त्यस्ता फोहोरी मान्छेहरूलाई हामी राख्दैनौं । अन्तै डेरा खोजेर सर्नु' भनिसकेको छ ।

आमाको अकल्पनीय दुरवस्थाले गर्दा मेरो जीवनपद्धतिमा समेत कत्रो नकारात्मक असर पारिसकेको छ । तर, मेरी आमा भने आफ्नै संसारमा मग्न भएर एक्लै आफैंसँग बात मार्नुहुन्छ, हाँस्नुहुन्छ । आफूलाई मन लागेको क्रियाकलाप गरेर रमाउनुहुन्छ । अघि भरखरै पनि मेरी आमा मेरो कोठामा पस्नु भएको थियो । 'आमा जानुहोस् ! आफ्नो कोठामा गएर बस्नुहोस्', मैले आमालाई देख्नासाथ भनेको थिएँ ।

'आमा सदाझैं केही पनि उत्तर नदिएर केही बेरसम्म मतिर हेरिरहनुभएको थियो । 'आमा जानुस् न भन्या, ... कोठा गन्हाइसक्यो', मैले केही आजित भएर ठूलो स्वरमा भनेको थिएँ ।

मेरो कुरा सुनेपछि अनुहारमा अझ बढी मुजा पार्दै मेरी आमा मुसुक्क हाँस्नुभएको थियो । ■

# समाजका लागि संगीत



तस्बीर सौजन्य : लक्ष्मीनारायण महर्जन

**संगीतमा कसैले** आफ्नो सफलताको झन्डा कति उचाइसम्म गाड्न सक्छ ? गायक रामकृष्ण ढकाल त्यसको एउटा जवाफ हुन् । १३ वर्षको कलिलो उमेरमा नै एकल कन्सर्ट (२०४६), *आशा'* (२०५५) गीति एल्बममार्फत एल्बम बिक्रीको नयाँ कीर्तिमान (३ लाख) राख्ने उनी एक्ला गायक हुन् ।

यस्ता कीर्तिमानी गायकको आठौँ गीति एल्बम *'आगमन'* (२०६३) अघिल्लो शनिबार एकल कन्सर्टसहित विमोचन भयो । उनले यस पटकको एल्बममार्फत क्यान्सर पीडितहरूलाई सहयोग गर्दै छन्, अर्थात् समाजका लागि संगीत ! 'हामी यही समाजका हौँ, हामी यसबाट टाढा जान सक्तैनौँ ।' हरेक सिडी तथा क्यासेटको बिक्रीमार्फत आएको झन्डै तीस प्रतिशत रकम क्यान्सर अस्पतालका लागि अर्पण गर्ने वाचा गरेका रामकृष्णले भने, 'अझ यसअघि नै यस्तो कार्यक्रम गर्ने सोच थियो, *'आश्रय'* (२०६१) निकाल्दा । तर, यसपटक मात्र सम्भव भयो ।'

रामकृष्ण ढकाल सुगम संगीतमा सबैभन्दा सफल व्यवसायिक गायक हुन् । तर, गत साउन ८ गते उनले मात्र ३१ वर्ष पूरा गरेका छन् । सफलताको यो चुचुरो र भर्खर वयस्क उनको जीवन ! 'अँ, अरूहरू यतिबेला आफूलाई वरिष्ठ भनाएर संगीतको सक्रिय जीवनबाट लगभग पाखा लागिसक्थे । तर, मेरो कथा अलि बेग्लै छ । सानो उमेरमै यसमा लागेँ र अरू रिटायर हुने बेलामा म जीवनको सबैभन्दा उर्वर समयमा हिँड्दै छु । यसले ममा झन् जाँगर थपेको छ', आफूभन्दा कम समय संगीतमा खर्चेका व्यक्तिहरू वरिष्ठ भनिन थालेकोप्रति लक्षित गर्दै उनी भन्छन् ।

परिवर्तनलाई आत्मसात गर्ने यी गायकले *'तिम्रो आगमनले...'* र *'नजिक आउनुमा...'* जस्ता पपगीत पनि अघिल्ला एल्बममा गाए । सफलता पाउनकै लागि उनले पपगीतको फेर किन समाए त ? 'पपगीत हामीले गाउनु हुन्न भन्ने छ र ?' जायज प्रतिप्रश्नपछि उनी थप्छन्, 'समयानुसार श्रोताको रुचि बुझ्नुपर्छ भन्ने लागेर पपगीत गाएको थिएँ र ती गीत ज्यादै रुचाइयो पनि ! आखिर एउटा असल संगीतकर्मी संगीतका विविध आयाम प्रयोग गर्न डराउनु हुन्न ।'

तर *आगमन*मा भने उनले भनेजस्तो कुनै प्रयोग गरेका छैनन् । *आशा*को शैली पछ्याएका छन्, किन त ? 'हामीजस्ता अगुवाहरूले नै सुगम संगीतलाई माया मार्ने हो भने हामी पछिका पुस्ताले यो विधालाई माया मार्न सक्छन् । त्यसैले यसलाई बचाउनु मेरो दायित्व हो', उनी प्रस्ट पार्छन् ।

यो एल्बमको सफलता या विफलताले उनको गायनजीवनमा कत्तिको असर पुग्छ ? आगमनको सफलताप्रति उनी किञ्चित शंकालु छैनन् । 'मेलोडी सुन्नेहरू र शब्दको गहनता विचार गर्नेहरू सन्तुष्ट हुनेछन्', उनको ढुक्कको जवाफ थियो ।

एल्बममा दुई चर्चित भारतीय स्वरहरू साधना सरगम र स्नेहा पन्त त समावेश छन् नै नारायणगोपालको रेकर्ड हुन नपाएको युगल गीत 'माया गर्नेको चोखो माया पनि देखियो', जुन उनले आफ्नो दोस्रो एल्बममा समावेश गराएका थिए, त्यसलाई पनि पुनः रेकर्ड गराएका छन् दोहोरीका रुपमा । परिवर्तनको छनक उनले अर्को पनि दिएका छन्, उनको एल्बममा कसैले पनि 'कमेन्ट्री' बोलेका छैनन् । अर्थात्, अब रामकृष्णलाई कसैको बोली र लोलीको आवश्यकता छैन ।

■ **अच्युत कोइराला/काठमाडौं**


जनपक्षीय समाचार र विचार सबैभन्दा पहिले

राजधानी खबर
हरेक दिन बिहान ८,१०, र ११ बजे ।
दिउँसो १,२,४ र ५ बजे ।

नेपाल एफ. एम. 91.8
पो. ब. नं. १९४७७, रविभवन, काठमाडौं
फोनः ४२८९१२१, ४२८९१२३, फ्याक्स : ०१-४२८३८९५,
ईमेल : radio@nepalfmnetwork.com, www.nepalfmnetwork.com



# नशा संगीतको

**नेपाली गीत संगीतको** गुणस्तर र संख्या बढाउनमा दार्जीलिङका ठुलै हात छ । भनिन्छ - दार्जीलिङको माटोमा नेपाली संगीत फल्छ । नेपाली आधुनिक गीत संगीतको उर्वरभूमि नै मानिन्छ दार्जीलिङ । अजर अमर नेपाली गीतकार र संगीतकारहरूको उद्‌गमस्थल हो दार्जीलिङ ।

त्यसैले पनि होला, एउटा भनाइ छ, दार्जीलिङका कलाकारलाई कि नेपालले लान्छ कि रक्सीले खान्छ । नेपाली गीत संगीतको इतिहास पल्टाउने हो भने भएको पनि यस्तै छ । नेपाली कालजयी गीतहरूको शुभारम्भ नै दार्जीलिङबाट भएको भेटिन्छ ।

तर पछिल्लो पुस्ताका प्रतिभालाई रक्सीले लग्ने आँट राख्न सकेको छैन । तर, दार्जीलिङबाट प्रतिभा नेपाल ओइरिने क्रम भने जारी छ । यसैका नमुना हुन्, पछिल्लो सांगीतिक पुस्ताको दार्जीलिङलाई नेतृत्व दिन काठमाडौं हानिएका युवा संगीतकार प्रवीण बराइली ।

उनमा जागेको संगीतको तिर्खा मेट्न उनले निरन्तर ५ वर्षसम्म परिवारलाई छकाउँदै संगीत सिक्न जानु पऱ्यो । 'मेरो परिवारको प्राथमिकताभित्र थिएन संगीत, त्यसैले हरेक बिहान जगिङको बहानामा संगीतको कक्षा लिन जानु नियमितता बन्यो मेरा लागि', बराइली विगत सम्झँदै भन्छन् ।

भारतीय संगीतको प्रभावभित्र पनि निरन्तर नेपाली गीत संगीत खोजिरहन्छन् अहिले पनि दार्जीलिङे युवाहरू । 'रेडियो नेपालबाट बजिरहने नेपाली गीतहरूको प्रभाव सधैंझैं जारी छ अहिले पनि', दिव्य खालिङ लगायतका स्रष्टाका संगीतमा घन्किने नेपाली आधुनिक गीतको सम्झना गर्दै भन्छन् उनी ।

नेपाली गीत संगीतप्रति रहेको मोह त्याग्न बाध्य भएर बसेका प्रतिभाहरूको माझबाट उछिट्टिएर नेपाल आइपुगेका हुन्, प्रवीण बराइली, पश्चिमी संगीतको प्रभावले युवाहरूमा हराउँदै गएको आधुनिक संगीतप्रतिको मोहलाई बचाउने अभियानकै लागि । दार्जीलिङमा अँगाल्दै आएको गायनप्रतिको आकर्षण चटक्क छोडेर दार्जीलिङे संगीतलाई निरन्तरता दिन काठमाडौं छिरेका हुन्, उनी । 'शुभारम्भले मेरो, प्रतिभालाई खार्ने अवसर दिएको छ । तैपनि, म यो जस श्रोताबाटै लिन चाहन्छु', प्रवीण भन्छन् ।

■ ज्योति देवकोटा/काठमाडौं








जगजित सिंहका साथ आलोकश्री

# नेपाली गीतमा पनि

**भारतका प्रख्यात गजलगायक** जगजित सिंह दसैंको पूर्वसन्ध्यामा विशेष कार्यक्रम लिएर काठमाडौं आउने भएका छन् । लोकप्रिय नेपाली संगीतकार आलोकश्रीद्वारा संगीतबद्ध गीति एल्बम 'संयोग'मा तिनै गायकको स्वर रहेको छ । त्यसको विमोचनका लागि उनी काठमाडौं आउन लागेका हुन् ।

उदितनारायण झालाई बाईस वर्षपछि नेपाली आधुनिक संगीतको मूलधारमा ल्याएर प्रशंसा बटुलेका संगीतकार आलोक श्रीले गुलाम अलीपछि नेपाली गायनमा उच्चस्तरका गायक भित्र्याएका हुन् । भारतरत्न एवं जीवित किंवदन्ती (लिभिङ लिजेन्ड)का रुपमा रहेका जगजित सिंहले एल्बममा निकै स्पष्ट र नेपाली शैलीमा आफ्नो गलाको जादु प्रस्तुत गरेका छन् । जेबी संयोगीका शब्दलाई जगजित सिंहले आफ्नो ओजपूर्ण स्वरको बान्कीले सजाएका छन् । यसले आधुनिक नेपाली संगीतमा नयाँ आयाम थपेको महसुस गर्न सकिन्छ ।

अझ रोचक कुरा त के हो भने जगजितले आजसम्म अरूको संगीतमा गाएको पहिलो एल्बम पनि 'संयोग'नै हो । त्यसैले एल्बममा जगजित सुरुमै गाउँछन्-

*'एकै छिनको संयोग पनि मिठो हुँदो रै'छ*
*एकैछिन भेटे पनि माया बढ्दो रै'छ'*

जगजित सिंह भारतका यस्ता गायक हुन्, जो एउटा कार्यक्रममा गाएकै एक करोड भारु लिने गर्छन् । लता मंगेशकरकै हाराहारीमा उनको नाम आउँछ । यस्ता व्यस्त र महँगा गायकलाई नेपाली एल्बममा गाउनका लागि पैसा खर्च गर्न सक्ने हैसियत नेपाली म्युजिक कम्पनीहरूको अवश्य पनि छैन । तर, के कति माथापच्चीसी गरेर आलोकले आफ्नो संगीतमा जगजित सिंहको स्वर कैद गर्न सफल भए त ? 'मैले आफूले सिर्जना गरेको संगीत उनलाई सुनाएँ । तीन दिनपछि उनले मेरो संगीतको बडो प्रसंशा गरे । यति गहिरो मेलोडी खेलाउन सक्ने संगीतकार पनि नेपालमा रहेछन् भनेर उनी छक्क परे', आलोक श्री भन्छन् ।

'पल्केको भमरा सरी छु, फूलकै वरिपरि छु' बोलको गीत ठेट नेपाली पारामा जगजितको स्वरमा सुन्नेले कुनै भारतीय गायकले त्यो गीत गाएको हो भनेर कसैले पनि पत्याउँदैन । यस गीतमा उनलाई गायिका साधना सरगमले उत्तिकै मिठासपूर्ण ढंगले साथ दिएकी छन् । गायिका साधनाले पनि यसै गीतमा जगजितसँग पहिलोपटक गाएकी हुन् ।

एल्बमका 'दिल चोरेर बदनाम भा'को मलाई सही लाग्छ', 'कस्तो माया देखेँ आज टप्प टिपूँ जस्तो', 'कथा मेरो आफ्नै व्यथा पनि आफ्नै', 'मैले खुसी दिँदै थिएँ', 'कुन माया सगर भो, मेरो माया बगर भो' जस्ता गीतहरू सुन्दा नझुम्ने कोही हुँदैन । एल्बममा अमूल कार्की ढलीले संगीत संयोजन गरेका छन् भने रेकर्डिङ मुम्बईमा गरिएको छ ।

**■ कुसुम भट्टराई/काठमाडौं**




# ज्यामी माहुरी

**कस्तो हाकिम पनि देख्नु पर्‍यो !** काम, चुरोट र कम्प्युटरभन्दा केही वास्तै छैन । बिहान ७ बजे आउँछन्, बेलुका ८ बजे जान्छन् । घरका जहानबच्चालाई पनि रिस उठ्दो हो', चार वर्षअघि वित्तीय सुधार कार्यदलको सदस्य सचिवको कोठा बाहिर प्रतीक्षा गरिरहेका आगन्तुकहरूसँग एक पियन भन्दै थिए ।

'मैले जागिर खाएको पनि २० वर्ष नाघ्यो, धेरै हाकिम फेरिए । हाकिमहरू त काम गर्दैनथे, हप्कीदप्की मात्र लाउँथे । काममै मात्र लागिरहने यस्ता पनि हाकिम हुन्छन् भन्ने मैले चिताएको पनि थिइनँ', हेर्दा अनपढ र निर्दोष देखिने ती निम्नस्तरका कर्मचारीले अगाडि थपे, 'अफिसमा सिन्को नभाँच्नेहरूले साँझबिहानै ठूलाबडाकहाँ धाएको भरमा सचिव पड्काइसके । तर, यी हाकिमको त कसैले नामै लिँदैन बा !'

ती पियनले स्वच्छ मनले गरेको कामना पूरा हुन धेरै वर्ष लाग्यो । त्यसको पछिल्लो वर्ष महालेखा नियन्त्रकको कार्यालयबाट खनाल अर्थ मन्त्रालयको सहसचिवमा सरुवा भए । मरिमेटेर काम गर्ने उनको बानीमा कुनै परिवर्तन आएन । तर, तीनपटकसम्म पनि सचिव बढुवामा ती पियनको सपना चकनाचुर भयो ।

अर्थ मन्त्रालयको बजेट महाशाखा हुँदै वैदेशिक महाशाखाको यात्रा तय गर्दा उनको नाम कर्मचारीतन्त्रबाट दातृ समुदायसम्म फैलियो । सिंह बनेका सुरक्षानिकायमा जथाभावी ढंगले स्रोतको बाढी बगाउन हुन्न भन्दा उनले ज्यानको धम्की र मानसिक प्रताडना समेत भोग्नुपर्‍यो ।

नियम, कानुन, अभ्यास र विवेकको लक्ष्मणरेखा कुनै हालतमा ननाघ्ने स्वभावले उनलाई सधैं इतर पक्षको बिल्ला लाग्यो । सत्तारुढ वा विभागीय मन्त्रीले विपक्षी मान्ने हुँदा उनलाई कहिले कांग्रेस त कहिले कम्युनिष्ट भएको मिथ्यारोप खेप्नु पर्‍यो । सचिव बढुवा सिफारिसमा नपार्ने वा परे पनि इतर पक्षको बिल्ला भिराएर उनलाई किनारा लगाइयो ।

अग्रज र सहकर्मीबीच उत्कृष्ट निजामती कर्मचारीको उपमा पाएका अर्थ मन्त्रालयका सहसचिव खनालले ढिलै भए पनि लोकतान्त्रिक सरकारबाट राजस्व सचिवमा नियुक्ति पाएपछि न्याय पाएका छन् ।

अर्थ मन्त्रालयको कार्यभार दुई सचिवमा विभाजन गर्न सृजना गरिएको नयाँ पदमा नियुक्तिसँगै आफ्नो विगतको साख र कार्यक्षमतालाई निरन्तरता दिने चुनौती खनालका सामु खडा भएको छ । अनुभवको हिसाबले भने यो क्षेत्र उनका लागि नौलो हो ।

द्वन्द्वको चपेटाका कारण आर्थिक गतिविधिमा आएको व्यापक गिरावटले मुलुक स्रोतका हिसाबले अभावग्रस्त भएका बेला राजस्ववृद्धिका लागि नयाँ सम्भावनाको खोजी, करको फराकिलो दायरा, चुहावट नियन्त्रणका वैज्ञानिक उपाय खनालका चुनौती हुन् ।

कर, भन्सार र राजस्व अनुसन्धान विभागमा संगठित रूपमा रहेको भ्रष्टाचारको चक्रव्युह तोड्ने विषय खनालको कार्यसूचीमा नपर्ने हो भने उनी पनि आम प्रशासकमा दरिनेछन् । निर्णय गर्नुपर्ने प्रशासकीय कामभन्दा नीतिगत र बौद्धिक विषयमा बढी विशेषज्ञता भएका खनालका सामु मुलुकको आय बढाउने कठिन अभिभारा आइपरेको छ ।

उनीसँग काम गरेका अग्रजहरू उनलाई 'वोर्कहोलिक' भन्न रुचाउँछन् । 'एक शब्दमा भन्नुपर्दा रामेश्वर खनाल कामका जँड्याहा हुन्', पूर्व मुख्य सचिव डा. विमलप्रसाद कोइराला भन्छन्, 'जुनसुकै काममा इमानदारीपूर्वक लागिरहने हुँदा उनी जस्तोसुकै जिम्मेवारी सम्हाल्न काबिल छन् ।'

विगतमा जस्तोसुकै नयाँ जिम्मेवारी पाउँदा उनले ज्ञान, मेहनत र इमानदारीका कारण कुशलतापूर्वक पूरा गरेका नजिर छन् । खुला प्रतिस्पर्धा अन्तर्गत शाखा अधिकृतबाट एक तह फड्केर सहसचिव हुँदा पनि उनी काममा अरूभन्दा अग्रणी नै साबित भए । सहसचिवभन्दा अतिरिक्त जिम्मेवारीका रूपमा सार्वजनिक खर्च पुनरावलोकन आयोग, वित्तीय सुधार कार्यदल, सरकारी सेवामा जनसाधन विकास कार्यदलमा सदस्य रहँदा उनले खेलेको भूमिका अहिले पनि उदाहरणीय छ ।

सरकारका प्रतिनिधिका रूपमा उनी सदस्य रहेका संस्थान र वित्तीय संस्थाका पदाधिकारीहरूले उनको योगदानलाई मुक्तकण्ठले प्रशंसा गर्ने गरेका छन् । राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक, शाही नेपाल वायुसेवा निगम, दूरसंचार संस्थान लगायतमा भूमिका स्मरणीय छ । २०५७ सालमा निगमले लाउडा एयर भाडामा लिने तयारी गर्दा संचालक सदस्यमध्ये खनाल एक्लै यो निर्णयको विपक्षमा उभिएका थिए ।

'बौद्धिकता, मेहनत र इमानदारीका हिसाबले खनाल उत्कृष्ट छन्', पूर्व सचिव मुकुन्दप्रसाद अर्याल भन्छन्, 'निर्णय गर्ने पदमा पुगेपछि झूटो बोल्न र सम्झौता गर्न पनि सिक्नुपर्छ, खनाल त्यसो गर्दैनन् । त्यसैले उनलाई कहिलेकाहीँ गाह्रो पर्न सक्छ ।'

आम जनतामा कर्मचारी कामचोर, भ्रष्ट र घुस्याहा हुन् भन्ने धारणा बनिसकेको अवस्थामा सचिव खनाल वास्तवमै 'हिलोमा फुलेको कमल'का रूपमा उदाएका छन् । विगतको जागिरे र प्राज्ञिक छवि कायम राख्ने प्रयास जारी राखेमा कर्मचारीमाझ 'ज्यामी माहुरी'को परिचय बनाएका खनाल फेरि उदाहरणीय बन्न सक्नेछ । ■



भास्कर ओझा

## शून्य समय



युवराज घिमिरे

# राजनीतिक रस्साकसी र नागरिक समाज

**सरकार र माओवादीले** बुधवार संयुक्त राष्ट्रसंघलाई नेपालमा हतियार व्यवस्थापन लगायत शान्ति प्रक्रियामा सहयोग पुऱ्याउन निम्त्याएका छन् । पाँचबुँदे अनुरोध निश्चय पनि अस्पष्ट छन् । तर, सकारात्मक पक्ष पनि छ त्यसमा । राष्ट्रसंघले तोकेको म्यादभित्र अस्पष्ट नै भए पनि पत्र पठाएर अहिलेको असमझदारीको स्तर विस्तारै घटाउने चाहना आफूहरूमा रहेको देखाएका छन् उनीहरूले । तर, त्यही पत्रका आधारमा न संविधानसभाको निर्वाचनको तिथि तोकिन सक्ने सम्भावना छ, न त माओवादीहरूको अन्तरिम सरकारमा प्रवेशको मार्ग बढी प्रशस्त नै गरेको छ त्यसले ।

जेहोस्, यो पत्रले वार्ता भाँडिने सम्भावना तत्कालका लागि समाप्त भएको छ । राष्ट्रसंघको भूमिका स्वभाविक रुपमा 'सहायक' हुने भएकाले मुख्य मुद्दाहरूमा एक-अर्काप्रति संवेदनशीलता र अर्को पक्षलाई समावेश गर्ने चरित्र तथा व्यवहारको अभावले वार्तामा व्यवधान पुऱ्याउने हुनाले सरकार र माओवादी दुवै पक्ष त्यसमा सबभन्दा बढी सचेत हुनु आवश्यक छ । त्यस्तै यसअघि भएका समझदारी तथा वार्ता अगाडि बढाउने प्रक्रियामा दुवै वा कुनै एक पक्षले विश्वसनीयता गुमाउने काम गरेमा त्यसले पनि वार्ता प्रक्रियामा व्यवधान पुऱ्याउनेछ । त्यसैसँग जोडिएका अन्य समूह संगठनका भूमिकाहरूले पनि वार्ता प्रक्रिया प्रभावित गर्नेछन् । नागरिक समाज तथा सात दलसँग जोडिएका पक्षहरूलाई पनि सहायक भूमिकाको रुपमा लिइनुपर्छ ।

तर विगतका केही दिनहरूमा अक्सर यी सबै पक्ष चुकेका छन्, वाणीमा र व्यवहारमा । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले आफ्नो राजनीतिक मान्यतालाई निरन्तरता दिँदै भावी राजनीतिक व्यवस्थामा 'सेरोमोनियल' राजतन्त्रलाई ठाउँ दिनुपर्ने मान्यता अभिव्यक्त गर्दा माओवादीदेखि 'नागरिक समाज'सम्मले जसरी आक्रामक प्रतिक्रिया देखाए, त्यसमा प्रजातान्त्रिक मान्यताको कुनै झलक थिएन । असार २ गते प्रधानमन्त्री निवासमा प्रचण्डले 'बहुदलीय प्रतिस्पर्धामा कोइरालाले आफ्नो अलग मान्यता राख्ने छुट हुन्छ' भनेका थिए । निश्चय पनि उनलाई त्यस्तै छुट हुनुपर्छ, जस्तो छुट प्रचण्डलाई र 'नागरिक समाज'लाई गणतन्त्रको वकालत गर्न छ । विगत पाँच सातामा माओवादी यति असहिष्णु बन्नुको कारण के ? यही प्रश्नको उत्तर 'दलीय' राजनीति गरेका र आमनिर्वाचनमा पराजित व्यक्तिहरूले नेतृत्व गरेको 'नागरिक समाज'ले पनि दिनुपर्ने बेला भएको छ । नागरिक समाज हरेक प्रजातन्त्रमा सशक्त रुपमा नैतिक दबाब सिर्जना गर्नसक्ने स्थितिमा हुनुपर्छ । तर, द्वन्द्व समाधानको वर्तमान प्रक्रियामा व्यवधान बन्न सक्ने विभिन्न अराजक प्रवृत्तिलाई बेवास्ता गर्दै 'नागरिक समाज' माओवादीसँग जोडिएको देखिनुले अल्पावधिका लागि माओवादीलाई खुसी तुल्याउला । तर, भोलि 'नागरिक समाज' पनि राजनीतिक दलहरूजस्तै जनताका नजरमा वस्तुनिष्ठताबाट विचलित समूहका रूपमा स्थापित हुन सक्छन् ।

**माओवादीले जनताको सर्वोच्चता र निर्णायक भूमिकालाई निःसर्त स्वीकार गर्न सक्नुपर्छ, सिक्नुपर्छ । निश्चय पनि सरकारले या सात दलले उनीहरूलाई 'कमजोर र अपमानित' गर्ने हिसाबले हतियार बिसाउन दबाब दिनु वार्ता प्रक्रियालाई नै कमजोर पार्नु मानिनेछ । तर, माओवादी नेतृत्वको र उनीहरूका समर्थकहरूको सुरक्षाको जिम्मेवारी पनि सरकारले लिनै पर्छ ।**

माओवादीले जनताको सर्वोच्चता र निर्णायक भूमिकालाई निःसर्त स्वीकार गर्न सक्नुपर्छ, सिक्नुपर्छ । निश्चय पनि सरकारले या सात दलले उनीहरूलाई 'कमजोर र अपमानित' गर्ने हिसाबले हतियार बिसाउन दबाब दिनु वार्ता प्रक्रियालाई नै कमजोर पार्नु मानिनेछ । तर, माओवादी नेतृत्वको र उनीहरूका समर्थकहरूको सुरक्षाको जिम्मेवारी पनि सरकारले लिनै पर्छ । हतियार व्यवस्थापनमा माओवादीका तर्फबाट भएको आनाकानीका लागि एकतर्फ सरकारी रवैया छ भने अर्कोतर्फ हतियारविनाका माओवादीको असुरक्षित अवस्था छ । खासगरी नागरिक समाजले यसका लागि सरकारलाई दबाब दिनुको साटो माओवादी हतियारप्रतिको मौनताले ऊ विवादमा आएको हो ।

माओवादी नेतृत्वले अझै पनि जनतालाई विश्वास गर्न थालेको छैन । बरु दलहरूप्रति आशंका हुने खालका अभिव्यक्तिहरू जिम्मेवार नेताहरूबाट आउन थालेका छन् । सात दलको आग्रहमा थानकोट प्रहरी चौकीमा हमला गरेको बयान दीनानाथ शर्माले दिएका छन् । त्यसले शाही सत्ताका गृहमन्त्री कमल थापाको बयानलाई त पुष्टि गर्छ नै, जनआन्दोलनले शाही सरकार र माओवादी दुवैतर्फका गैरप्रजातान्त्रिक र हिंसात्मक शैलीलाई अस्वीकार गरेको तथ्यलाई पनि उल्टाउन सहयोग पुऱ्याउँछ । वार्ता प्रसंगमा माओवादीले बुझ्न पर्ने महत्त्वपूर्ण कुरा के हो भने माघ १९ यता निर्णायक भीड जोड्न निश्चय पनि सात दल असफल भएका थिए । तर, विगत १० वर्षमा माओवादीले सशस्त्र आन्दोलनद्वारा सत्तामा नियन्त्रण गर्ने परिस्थिति नबनेको तथ्यलाई पनि उनीहरूले स्वीकार गरेको हैन र ?

हतियार व्यवस्थापनपूर्व प्रत्यक्ष या परोक्षरूपमा माओवादीद्वारा भएका आन्दोलनको श्रेय जतिसुकै राम्रो र जनमुखी भए पनि माओवादी नीतिलाई भन्दा हतियारमाथिको निर्भरतालाई नै जानेछ । र, माओवादीको राजनीति र प्रतिस्पर्धात्मक बहुदलीय व्यवस्थामाथिको उनीहरूको प्रतिबद्धतामा प्रश्नचिन्ह उठी नै रहनेछ ।

जनआन्दोलनपछिको राजनीतिक चरण समझदारी, वार्ता र सम्झौताको चरण हो । कुनै पक्षको आन्दोलन चाहे त्यो प्रत्यक्ष होस् या परोक्ष, त्यो प्रत्युत्पादक बन्नेछ । माओवादीले सम्झौता नगरून् भनी उनीहरूलाई प्रभावित गर्न अझै पनि केही समूह उद्यत छन् । त्यो मुलुकमा गणतन्त्र स्थापनामा भन्दा आफ्नो अतीत चोख्याउन र भविष्य सुनिश्चित गर्ने खेल हो, उनीहरूको । त्यसबाट प्रभावित हुनुको साटो वार्ताको प्रक्रियालाई अगाडि बढाउँदै राजनीतिक मुद्दाहरू जनताबीच लाने प्रक्रिया सुरु गर्नुपर्छ माओवादीहरूले हतियार, धम्की र जबरजस्ती चन्दा असुली त्याग्दै । राजनीतिक दलहरूलाई आफ्ना मान्यता उठाएबापत धम्क्याउनु राजनीतिक चरित्र हैन । कमसेकम राष्ट्रसंघको अवश्यम्भावी उपस्थितिपछि दलहरू बढी उत्तरदायी बन्ने अपेक्षा गरिन्छ । ■